# नेपालका माओवादी : विशुद्धतावादी कि व्यवहारवादी?

एसिया रिपोर्ट नं. १३२ – १८ मे २००७

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोला :

इन्टरन्यासनल क्राइसिस ग्रुप
प्रशान्ति कोलोनी, सानेपा, ललितपुर
फोन: ५५४८३२८, फ्याक्स: ५५४८९५८
nepal@crisisgroup.org

# विषयसूची


क) रणनीतिक कमजोरीहरू ........ २
ख) नयाँ लाइनको विकास ........ ३
१. परिवर्तनका लागि भट्टराईको लडाइँ ........ ४
२. नीतिमा उलटफेर ........ ५
३. सुरुका समस्याहरू ........ ५
ग) बदलिएका एजेन्डा ........ ६
घ) भित्री र बाहिरी सम्बन्धको पुनर्निर्माण ........ ७
क) अन्तर्राष्ट्रिय मित्रशक्ति ........ ८
ख) वैचारिक मतभेद ........ १०
ग) मित्रहरूको आपत्ति ........ ११
१. रणनीतिबारे ........ ११
२. कार्यनीतिबारे ........ १२
३. तनाव वा सम्झौता? ........ १२
क) बासलात ........ १३
१. उपलब्धिहरू ........ १३
२. तर क्रान्ति भने भएन ........ १५
ख) नयाँ मार्गचित्र(हरू) ........ १५
ग) चरणबद्ध क्रान्ति ........ १६
घ) आमूल क्रान्तिकारी वाम नेताहरू? ........ १७
क) स्वीकारयोग्य बन्ने प्रयास ........ १९
ख) वामहरूको संयुक्त मोर्चा? ........ २०
ग) सङ्क्रमणकालीन तनाव ........ २१
घ) भविष्यमा हुने भिडन्तहरू ........ २२
ङ) वैकल्पिक योजना ........ २५


## अनुसूचीहरू


क) नेपालको नक्सा ........ २७
ख) सङ्क्षेपीकृत नामहरू ........ २८
ग) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय ........ 29
घ) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००४ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू .. ३0
ङ) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू ........ ३2

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १३२ | १८ मे २००७

# नेपालका माओवादी : विशुद्धतावादी कि व्यवहारवादी?

## सारसङ्क्षेप र सुझाउ

नेपालका माओवादीहरूले आफ्ना रणनीति र कार्यनीति त फेरेका छन् तर उनीहरूको लक्ष्य भने बदलिएको छैन। उनीहरूले सन् १९९६ मा कम्युनिस्ट गणतन्त्र स्थापना गर्न “जनयुद्ध” सुरु गरेका थिए र दस वर्षपछि बहुदलीय प्रजातन्त्रलाई स्वीकार गर्दै उनीहरूले “जनयुद्ध” को अन्त्य गरे। उनीहरूको सशस्त्र सङ्घर्षले संसदीय प्रणालीलाई तारो बनाएको थियो, तर उनीहरूले आफ्ना शत्रु मानेका मूलधारका राजनीतिक पार्टीहरूसँग पहिले अन्तरिम व्यवस्थापिका र अहिले गठबन्धन सरकारमा सँगसँगै काम गरिरहेका छन्। बहुलवादी राजनीति र समाजप्रतिको उनीहरूको प्रतिबद्धता पूर्णत: प्रस्ट भएको छैन र उनीहरूले भविष्यमा अवलम्बन गर्ने बाटो आन्तरिक र बाह्य दुवै परिस्थितिमा भर पर्नेछ। उनीहरूले शान्तिपूर्ण बहुदलीय रूपान्तरणलाई स्वीकारेका भए पनि क्रान्तिकारी परिवर्तनका वैकल्पिक योजनाहरूलाई तिखार्ने काम उनीहरूले अझै छाडेका छैनन्।

माओवादीको रणनीतिलाई विशुद्धतावादी र व्यवहारवादबीचको तनावले निर्धारित गरेको छ। खासखास स्थापित सिद्धान्तहरूप्रति उनीहरूले अडान राखे पनि रणनीतिक कमजोरीहरू देखिएका अवस्थामा उनीहरूले बाटो बदल्दै आएका छन्। उनीहरूको मौलिक योजनामा भएका तीनओटा प्रमुख कमजोरीहरूलाई खुट्याएपछि उनीहरूको नीतिमा परिवर्तन आएको हो।

1. सैन्य विजयमा उनीहरूको विश्वास कुठाउँमा परेको निष्कर्षमा उनीहरू पुगे;
2. प्रबल अन्तर्राष्ट्रिय विरोधको सम्भावनालाई गलत ढङ्गले बुझेको कुरालाई उनीहरूले स्वीकार गरे; र
3. बीसौँ शताब्दीमा कम्युनिस्ट शासनहरू पतन हुने कारणहरूबारे उनीहरू सचेत भए।

तानाशाही दृष्टिकोण हुँदाहुँदै पनि माओवादीहरूले पार्टीभित्र भने छलफलको संस्कृतिलाई कायम राखे : उनीहरूमाझ प्रमुख मुद्दाहरूमा व्यापक बहस हुन्थ्यो र गरमागरम छलफल चल्थ्यो। सन् १९९० को दशकको अन्त्यदेखि उनीहरूको अडानमा बिस्तारै नरमपन देखिन थाल्यो। सन् १९९० को प्रजातान्त्रिक आन्दोलनलाई सफल मान्दै (पहिले उनीहरूले यसलाई “धोका” भनेका थिए) माओ-शैलीको “नौलो जनवाद” को तात्कालिक लक्ष्यलाई त्यागेर अनि बहुदलीय प्रजातन्त्रको पक्षमा मूलधारका पार्टीहरूसँग नोभेम्बर २००५ मा मिलेर आफ्नो दृष्टिकोणमा परिवर्तन ल्याए।

आफ्ना विदेशी मित्रहरूको बेवास्ता गरेर भए पनि माओवादीहरूले भारत सरकार र माओवादीको कट्टर विरोधी भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को मन जित्ने प्रयास गरेका छन्। नेपालका माओवादीहरूको सशस्त्र विद्रोहलाई रिभोल्युसनरी इन्टरन्यासनल मुभमेन्ट (रिम) र भारतीय माओवादीहरूले सहयोग गरेका थिए तर शान्ति प्रक्रियामा भएको सम्झौताबाट उनीहरू पूरै रुष्ट भएका छन्। उनीहरूको विचारमा नेपाली कमरेडहरूले आधारभूत सिद्धान्तहरूलाई लत्याउँदै सशस्त्र सङ्घर्षबाट मिलेको व्यावहारिक फाइदालाई पनि मिल्काएका छन्।

नेपालका माओवादीहरूका लागि दसवर्षे जनयुद्धको नाफा-नोक्सानको बासलात अति नै जटिल छ। उनीहरूको प्रभाव विस्तारमा देखिएको नाटकीय वृद्धि, सन् १९९६ मा कल्पनै गर्न नसकिएको समर्थनको आधार तथा सैनिक शक्तिको विस्तारदेखि उनीहरूका राष्ट्रिय राजनीतिक मुद्दाहरूको पुनः निर्माण (पहिले कुरै गर्न नहुने गणतन्त्र र सङ्घीयताको प्रवर्द्धन) जस्ता कुरालाई उनीहरूले दीर्घकालीन फाइदाका रूपमा हेरेका छन्।

तर युद्धले लिएको मोडले गर्दा धेरैजसो नेताहरूलाई यो युद्ध आफू एक्लैले मात्रै फत्ते गर्न सकिंदैन र अहिलेसम्मका उपलब्धिहरूलाई बलियो बनाउँदै अघि बढ्ने हो भने धेरै लचिलो बन्नुपर्दछ भन्ने कुरा बुझ्न कर लाग्यो।

शान्ति प्रक्रियाले व्यावहारिक र सैद्धान्तिक पुनर्विचार गर्न बाध्य पारेको छ। घरेलु एवं अन्तर्राष्ट्रिय समर्थन र विरोधको जटिल समीकरणमा सन्तुलन राख्दै नेताहरूले धेरै नरमपन्थी छवि प्रस्तुत गर्ने प्रयास गरेका छन्। फेरि विद्रोह गर्ने र “प्रतिगामी”

विरोधीहरूलाई एक्ल्याउने माओवादीको योजना रहे पनि अहिले उनीहरूले अन्य पार्टीका नेताहरूका साथसाथै कर्मचारीतन्त्रसँगै मिलेर काम गर्नुपरेको छ। शान्ति प्रक्रियालाई उनीहरू सैद्धान्तिक रूपले पुरानो सत्तालाई ध्वस्त पारेर राज्यको पुनर्संरचना गर्न सक्ने सङ्क्रमणकालीन अवस्थाका रूपमा परिभाषित गर्छन्। "बुर्जुवा प्रजातान्त्रिक गणतन्त्र" स्वीकार गर्नुलाई उनीहरू सच्चा "जनवादी गणतन्त्र" प्राप्तितर्फको एउटा कदम मात्र मान्दछन्। कम्युनिस्ट लक्ष्यअनुरूप नेपाली राजनीतिको वास्तविकतालाई झल्काउने नयाँ स्वरूपको "शान्तिपूर्ण क्रान्ति" गर्न सकिन्छ भनी माओवादी नेताहरू तर्क गरिरहेका छन्।

माओवादीलाई कट्टर अतिवादी या सिद्धान्तविहीन अवसरवादीको बिल्ला भिराउनु सजिलो छ। तर यस्ता दुवै खाले चित्रण माओवादीको हकमा अपूर्ण हुनेछ। आम विद्रोह गर्ने उनीहरूको धम्कीले आन्दोलनभित्रका परम्परावादीहरूलाई सन्तुष्ट गराउँछ र यस धम्कीलाई बेवास्ता गर्न सकिँदैन। तर, नयाँ नीतिलाई अघि बढाउन कठिन सङ्घर्ष गरेका नेताहरू सम्झौताबाट बल्लबल्ल मिलेको फाइदालाई बिर्सन चाहँदैनन्। उनीहरूले आन्तरिक विरोधको सामना गर्नुपर्छ भन्ने बुझेका छन् तर शान्ति प्रक्रिया अघि बढिरहेसम्म उनीहरूका केही प्रमुख लक्ष्यहरू पूरा भइरहेसम्म उनीहरू आफ्नो अडानमा टिकिरहने विश्वास गर्छन्।

त्यसैले, प्रक्रिया अघि बढ्दै जाँदा उनीहरूको व्यवहार कस्तो हुनेछ भन्ने कुरा उनीहरूका आन्तरिक निर्णयका साथसाथै अन्य राजनीतिक नेताहरूको भूमिकामा भर पर्नेछ। मूलधारका पार्टीहरूले संविधानसभाप्रतिको दरो प्रतिबद्धता कायम राखेमा माओवादीहरूलाई त्यसबाट पिठ्यूँ फर्काउन गाह्रो पर्नेछ। केही गरी यो बाटो बन्द भएमा विद्रोहलाई नियन्त्रित राख्ने प्रयास विफल भएर द्वन्द्वको पुनरावृत्ति हुनेछ जसलाई माओवादीका नेताहरूले नियन्त्रणमा राख्न सक्नेछैनन्। यस्तो भएको अवस्थामा सबैभन्दा ठूलो नोक्सानी माओवादीहरू आफैंलाई हुनेछ। तर, त्यसका साथै प्रजातान्त्रिक पार्टीहरूले पनि नोक्सानी बेहोर्नुपर्नेछ र त्यसभन्दा बढी मार नेपाली जनताले खेप्नुपर्नेछ।

**काठमाडौँ/ब्रसेल्स, १८ मे २००७**

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १३२ | १८ मे २००७

# नेपालका माओवादी : विशुद्धतावादी कि व्यवहारवादी?

## १. परिचय

नेपालका माओवादीहरू आफ्ना तरिकाहरूको पुनर्मूल्याङ्कन गर्दैछन् र आफ्ना लक्ष्यहरूबारे पुनर्विचार गर्दैछन्।[१] उनीहरूको सबैभन्दा अर्थपूर्ण राजनीतिक परिवर्तन केही शर्तहरूका आधारमा बहुदलीय लोकतन्त्रलाई मान्ने रहेको छ। यसो गरेर उनीहरूले सैद्धान्तिक रूपमा निकै ठाउँ छाडेका छन् र आफ्नो जनयुद्धको केन्द्रीय रणनीतिलाई परित्याग गरेका छन्। उनीहरूमा बहुलवादतर्फको झुकाउ आउन धेरै वर्ष लागेको छ। साध्य र साधनका बारेमा माओवादीबीच आन्तरिक विवाद चलि नै रहेको भए तापनि नीतिगत रूपमा तीनओटा प्रमुख मोडहरू देखा पर्छन् :

- **"सन् १९९० को जनआन्दोलनको उपलब्धिलाई रक्षा गर्ने" निर्णय (सन् १९९९-२००१)।**[२] उनीहरूले सन् १९९० मा दरबार र प्रमुख राजनीतिक पार्टीहरूबीच भएको सम्झौतालाई जनताप्रतिको "धोका" भनेका थिए। सन् २००१ मा यस रणनीति उपर पहिलो पटक गम्भीर पुनर्विचार भयो। उनीहरूको दोस्रो राष्ट्रिय सम्मेलनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका समस्याहरूको विश्लेषण गऱ्यो र आफ्नै आन्दोलनका चुनौतीहरू विशेषगरी ग्रामीण क्षेत्रमा मात्रै केन्द्रित रहेर अघि बढ्दाखेरिका कठिनाइहरूलाई देखाउने काम गऱ्यो।[३]

- **"नौलो जनवाद" को तत्कालीन मागलाई परित्याग गर्ने निर्णय (मे २००३)।** यसको ठाउँमा उनीहरूले समाजवादी प्रणालीमा राजनीतिक प्रतिस्पर्धालाई स्वीकार गर्ने "एक्काइसौँ शताब्दीमा प्रजातन्त्रको विकास" भन्ने अवधारणालाई ग्रहण गरे।[४] आफ्ना राजनीतिक गुरुहरू माओ र स्टालिनका कमजोरीहरूलाई आलोचना गर्दै परम्परागत कम्युनिस्ट विचारभन्दा पर्तिर गएर उनीहरूले यस्तो विचारलाई ठाउँ दिए।

- **"पूर्ण प्रजातन्त्रका लागि" संसदीय पार्टीहरूसँग सहकार्य गर्ने निर्णय (नोभेम्बर २००५)।** मूलधारका सात पार्टी गठबन्धन[५]सँगको १२ बुँदे समझदारीमा उनीहरूले बहुदलीय राजनीतिलाई स्वीकार गरे र निर्वाचित संविधानसभाको माध्यमबाट लोकतान्त्रिक गणतन्त्रको निर्माणलाई आफ्नो तात्कालिक लक्ष्य बनाए।[६] बुर्जुवा/पुँजीवादी गणतन्त्रलाई माओको "नौलो जनवाद" को शास्त्रीय सिद्धान्त परिलक्षित भएको सच्चा "जनवादी गणतन्त्र" प्राप्तितर्फको एउटा कदम[७] बनाउने उनीहरूले ठहर गरे।

राजालाई आफ्नो शक्ति छाड्न बाध्य पार्ने अप्रिल २००६ को जनआन्दोलनपछि माओवादीहरूले आफ्नो नरम छवि प्रस्तुत गर्ने प्रयास गरेका छन्। अध्यक्ष एवम् प्रमुख नेता प्रचण्डले "हामी दक्षिणपन्थी कम्युनिस्ट" भइसक्यौं भन्दै दातृसंस्थाहरूलाई आश्वस्त पार्ने कामसमेत गरे।[८] तर, प्रजातान्त्रिक राजनीतिमा माओवादीको पूर्ण रूपान्तरण हुन बाँकी नै छ। साथै यस्तो सम्झौतावादी नीतिले पूरै पार्टीको समर्थन पाउन सकेको छैन।

---

[१] माओवादीको पृष्ठभूमिका लागि क्राइसिस ग्रुप एसिया रिपोर्ट न. १०४, *Nepal's Maoists: Their Aims, Structure and Strategy*, २७ अक्टोबर २००५ हेर्नुहोस्। नेपालबारे क्राइसिस ग्रुपका रिपोर्टमा क्राइसिस ग्रुपका हालसालैका रिपोर्ट नं. ११५, *Nepal: From People Power to Peace?*, १० मे २००६, क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १२६, *Nepal's Peace Agreement: Making it Work*, १५ डिसेम्बर २००६ र क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १२८, *नेपालको संवैधानिक प्रक्रिया,* २६ फेब्रुअरी २००७ पर्छन्। विगतका प्रतिवेदनमा जस्तै पढ्न सजिलो होस् भनेर यस प्रतिवेदनमा पनि नेकपा (माओवादी) र "माओवादी" लाई एकअर्काको पर्यायका रूपमा प्रयोग गरिएको छ। स्पष्ट रूपले भन्नुपर्दा नेकपा (माओवादी) तीनओटा छुट्टाछुट्टै तत्त्वहरूलाई निर्देशित गर्ने शक्ति हो। पार्टी, सेना र संयुक्त मोर्चाद्वारा माओवादीको व्यापक आन्दोलनको निर्माण भएको छ। यसबारे थप व्याख्याका लागि हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Maoists*, माथि उल्लेखित।

[२] बाबुराम भट्टराई, "ऐतिहासिक बैठकको दूरगामी महत्त्वबारे", *जनादेश*, १७ अगस्त १९९९।

[३] महान् अग्रगामी छलाङ : इतिहासको अपरिहार्य आवश्यकता (नेकपा (माओवादी) केन्द्रीय प्रकाशन विभाग, २००१)।

[४] "Present Situation And Our Historical Task" नेकपा (माओवादी) को मे २००३ को केन्द्रीय समितिको बैठकद्वारा पारित दस्तावेज http//cpnm.org/new/English/worker/9issue/document.htm

[५] सात पार्टी गठबन्धनमा समाविष्ट संसदीय पार्टीहरू : नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक), जनमोर्चा (नेपाल), नेपाल मजदुर किसान पार्टी र संयुक्त वाममोर्चा।

[६] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट नं. १०६, *Nepal's New Alliance: The Mainstream Parties and the Maoist*, २८ नोभेम्बर २००५।

[७] यी शब्दावलीका बारेमा थप जानकारीका लागि तल हेर्नुहोस्।

[८] प्रचण्डले यो टिप्पणी डिसेम्बर २००६ मा विश्व बैंकको आयोजनामा भएको दातृसंस्थाहरूको सम्मेलनमा गरेका थिए। "प्रचण्डको नयाँ पथ" *बुधबार*, १० जनवरी २००७। प्रचण्ड नेकपा (माओवादी) का अध्यक्ष एवम् माओवादीको सैन्य सङ्गठन जनमुक्ति सेनाका सर्वोच्च कमान्डर दुवै हुन्। माओवादीहरूले "पार्टीळहेडक्वार्टर" भन्दा खासमा प्रचण्डलाई नै भनेका भनी बुझ्नुपर्छ।

उनीहरूले सबै उदारवादी राजनीतिक पार्टीहरूले ठाउँ नपाउने जनवादी गणतन्त्रको अन्तिम लक्ष्यलाई कायमै राखेका छन्। शक्ति प्रयोगलाई प्राथमिकता दिने फौजी नीतिलाई परिवर्तन गर्नेतिर पनि उस्तो चासो देखाएका छैनन्। हिंसात्मक विद्रोह गर्ने चेतावनी केही हदसम्म धम्की हो, तर शान्ति प्रक्रिया भाँडिएको खण्डमा सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले उनीहरू अझ परम्परागत क्रान्तिकारी उपाय अपनाउन तयार देखिन्छन्।

यस प्रतिवेदनमा माओवादीको राजनीतिक संस्कार तथा त्यसको विकासको परीक्षण गरिएको छ। यसो गर्दा माओवादीको आन्तरिक राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धबारे गरिएको अनुसन्धानलाई आधार बनाइएको छ। त्यहीबमोजिम माओवादी आन्दोलनको प्रकृतिका साथसाथै शान्ति प्रक्रिया अघि बढ्दै जाँदा प्रस्तुत हुने परिदृश्यको पनि मूल्याङ्कन गरिएको छ। केही अध्येताहरूले माओवादीहरू कहिले सुध्रिने छैनन् भनेर निरन्तर सचेत गराउँदै आएका छन्। अन्य अध्येताहरूको सोचाइमा सन् १९९० को दशकको सुरुतिर नेपालको मूलधारको कम्युनिस्ट पार्टी (एमाले) को रूपान्तरण हुँदाको मार्ग पछ्याउँदै माओवादीहरू पनि संसदीय राजनीतिमा बिनाकुनै झैझन्झट रूपान्तरित हुनेछन्। यी दुवै मतका समर्थकहरूले पत्यारिला प्रमाणहरू प्रस्तुत गर्न सक्नेछन्। तर दुवैथरीको भनाइबाट माओवादी राजनीतिको पर्याप्त र सही व्याख्या हुन सक्दैन। उनीहरूको रणनीति र व्यवहारको क्रमिक विकास सधैं नै आन्तरिक छलफल र बाह्य परिस्थितिद्वारा निर्धारण हुने एउटा जटिल प्रक्रियाको रूपमा रहिआएको छ र रहनेछ। यस्तो प्रक्रिया कहाँ गएर अन्त्य होला त भनी पक्कापक्की अनुमान गर्न गाह्रो छ। त्यसको सट्टा यस प्रतिवेदनमा त्यस्तो प्रक्रियालाई निर्धारण गर्ने कारण र सम्बन्धहरूलाई प्रस्ट्याउने प्रयास गरिएको छ।

## २. बदलिएका माओवादीहरू

### क) रणनीतिक कमजोरीहरू

आफ्ना रणनीतिमा भएका कमजोरीहरूका कारण माओवादीहरू तिनलाई संशोधन गर्न बाध्य भए। प्रचण्डले आफ्नो रणनीतिक धार परिवर्तन हुनाका पछाडि रहेका दुईओटा कारणहरू बताएका छन् : "प्रतिकूल अन्तर्राष्ट्रिय शक्तिसन्तुलन र देशको समग्र आर्थिक, राजनीतिक र सामाजिक यथार्थ"।[९] वास्तवमा प्रचण्ड र उनका सहकर्मीहरूले तीनओटा महत्वपूर्ण कुरामा आफ्ना बुझाइ गलत भएको बिस्तारै महसुस गरे : (क) समग्रमा सैनिक विजय सम्भव हुन्छ भन्ने उनीहरूको विश्वास गलत थियो; (ख) अन्तर्राष्ट्रिय वातावरण (विशेषगरी सेप्टेम्बर ११ पछि ) बारेको उनीहरूको बुझाइमा परिवर्तन हुन अवश्यम्भावी थियो तथा भारतसँगको शत्रुतापूर्ण व्यवहार प्रत्युत्पादक थियो; र (ग) कम्युनिस्ट शासन पतन हुने कारणहरूको उनीहरूले विश्लेषण गरेपछि पहिले रहेका कम्युनिस्ट प्रणालीप्रतिको उनीहरूको विश्वास घट्न गयो।

**सैन्य विजय हुन सकेन।** सैनिक विजय सम्भव छैन भन्ने निष्कर्ष उनीहरूलाई पुनर्विचारका लागि बाध्य पार्ने मुख्य कारण थियो। उनीहरूले युद्ध अभियान थालेको पहिलो पाँच वर्षमा सशस्त्र शक्ति कमजोर भएको प्रहरी बललाई छिटै पराजित गर्न सके र सेनालाई पनि त्यत्तिकै सजिलो गरी परास्त गर्न सकिन्छ भन्ने उनीहरूले ठाने। ग्रामीण क्षेत्रको ठूलो भागमा उनीहरूले नियन्त्रण कायम गरे। यद्यपि उनीहरूको रणनीतिअनुसार उनीहरूले भूभाग जित्नुभन्दा जनतालाई नियन्त्रण गर्ने काममा जोड दिए। उनीहरूले समानान्तर सरकारको स्थापना गरे, तर उनीहरूका कुनै स्थायी र सुरक्षित आधार इलाका थिएनन्। उनीहरूले जिल्ला सदरमुकाम कब्जा गर्न र त्यसमा आफ्नो अधीन कायम राख्न पनि सकेनन्।

यस गतिरोधले उनीहरूलाई जनयुद्धको रणनीतिबारे पुनर्विचार गर्नेतर्फ पहिलो पटक डोऱ्यायो। सन् २००१ मा उनीहरूले प्रचण्डपथको नयाँ नीति पारित गरे जसले अघि बढ्न नसकेको गाउँ केन्द्रित युद्धमा सहरी विद्रोहको लेनिनवादी मोड थप्यो।[१०] तर, काठमाडौंमा माओवादीहरूले कहिले पनि व्यापक समर्थनको आधार बनाउन सकेनन्। सन्जाल निर्माण गर्ने उनीहरूको प्रयासहरूलाई सरकारले सजिलै असफल तुल्याइदियो। त्यसैगरी अन्तर्राष्ट्रिय समर्थन पाएको शाही नेपाली सेना[११] उनीहरूले सोचेको भन्दा धेरै बलियो दुश्मन साबित भयो।[१२] यसरी दोहोरो

[९] प्रचण्डसँग अन्तर्वार्ता, *The Kathmandu Post*, ७ फेब्रुअरी २००६।
[१०] सन् २००१ मा सम्पन्न नेकपा (माओवादी) को दोस्रो राष्ट्रिय सम्मेलनमा प्रचण्डद्वारा प्रस्तुत नयाँ रणनीति पारित भएको थियो। हेर्नुहोस् *महान् अग्रगामी छलाङ*, माथि उल्लेखित।
[११] अप्रिल २००७ को आन्दोलनपछि शाही नेपाली सेनाले "शाही" विशेषण हटायो र अहिले यसलाई नेपाली सेना मात्र भनिन्छ।
[१२] प्रचण्डले भने, "जब हामीले पहिलो पटक सामन्ती तत्वको शाही सेनामाथि आक्रमण गऱ्यौं, काठमाडौंलाई सैन्यशक्तिबाटै कब्जा गर्न सक्छौं भन्ने हामीलाई

लक्ष्य लिएको प्रचण्डपथको योजना पनि विफल भयो। उनीहरूले कि त ठूलो जनसमर्थन जुटाउन सक्नुपर्थ्यो कि त सैनिक शक्तिका हिसाबले उनीहरूको हात माथि हुनुपर्थ्यो। तर ती दुवै थोक हुन नसकेको उनीहरूले बुझे। सन् २००५ मा साँखु र सन् २००६ को सुरुतिर थानकोट तथा दधिकोटमा माओवादीद्वारा गरिएको आक्रमणहरूको काठमाडौँ उपत्यकाभित्र केही मनोवैज्ञानिक प्रभाव त पर्‍यो तर ती आक्रमणबाट राजधानीलाई सामरिक तवरले गम्भीर धक्का भने पर्न सकेन।

**प्रतिकूल अन्तर्राष्ट्रिय वातावरण।** अन्तर्राष्ट्रिय शक्तिहरूले आफूलाई मन नपराए पनि आफ्नो बढ्दो शक्तिका कारण आफूहरूलाई विरोध नगर्लान् भन्ने उनीहरूले सोचेका थिए। आफ्नो घरेलु प्रतिष्ठाले गर्दा कट्टरपन्थी कम्युनिस्ट छिमेकीप्रतिको नयाँ दिल्लीको स्वाभाविक भय हट्ला भन्ने उनीहरूले ठानेका थिए। अन्तर्राष्ट्रिय जगत्ले आफूलाई स्वीकार्ने कुरामा माओवादीहरू सुरुदेखि बढी नै आशावादी भए पनि सेप्टेम्बर ११ पछि देखिएको राजनीतिक हिंसाप्रतिको परिवर्तित धारणाले गर्दा त्यो आशा समाप्त भयो। सन् २००१ मा नेपाल सरकारले माओवादीलाई आतङ्ककारीको सङ्ज्ञा दियो। त्यसपछि अमेरिका र भारतले पनि त्यसै गरे।[१३]

परिवर्तित परिस्थितिमा माओवादीले देखाएको व्यवहार असुहाउँदिलो मात्र होइन प्रत्युत्पादक पनि थियो। उनीहरूले आक्रामक नीति लिए र शाही नेपाली सेनालाई प्रत्यक्ष युद्ध मैदानमा ल्याउन वार्ता तोडेर उनीहरूमाथि आक्रमण गरे। यसले गर्दा सेनालाई अन्तर्राष्ट्रिय सैनिक सहयोग पाउन सजिलो भयो। किनभने सेनाले आफूलाई सत्तामाथि हुन सक्ने आतङ्ककारी कब्जा विरुद्ध उभिने अन्तिम शक्तिका रूपमा प्रस्तुत गर्न सक्यो। भारत, अमेरिका र बेलायतले सैन्य सहयोग दिए। सैन्य रणनीति र मानवअधिकार उल्लङ्घन सम्बन्धमा गुनासाका ठाउँ हुँदाहुँदै पनि सशस्त्र विद्रोहबाट राज्यलाई बचाउने आधारभूत योजनाको विरोध कुनै पनि बाह्य शक्तिले गरेन। माओवादीहरूले भारतलाई सबैभन्दा ठूलो बाह्य चुनौतीका रूपमा हेर्दै आएका थिए। केन्द्रमा कब्जा गर्ने हिसाबले सैनिक आक्रमण गरेमा अमेरिकाको समर्थनमा भारतले हस्तक्षेप गर्नेछ भन्ने डर उनीहरूलाई थियो।[१४] उनीहरू त्यसो हुन्छ हुँदैन जाँच्न चाहन्थे। तर त्यस्तो प्रत्यक्ष हस्तक्षेप नहुँदा पनि त्यस बेलाको प्रतिकूल अन्तर्राष्ट्रिय वातावरण नै उनीहरूका योजनालाई हतोत्साहित पार्न पर्याप्त थियो। त्यो कुरा उनीहरूले पत्तो लगाए।

**कम्युनिस्ट मोडेलका कमजोरीहरू।** माओवादीहरू सुरुमा कम्युनिस्ट परम्पराका पाँच जना हस्तीहरू – मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओका कट्टर समर्थक थिए। तर, नेपालमा सफल क्रान्ति गर्न शास्त्रीय मोडेलमा परिमार्जन गर्नुपर्छ भन्ने कुरा उनीहरूले बुझेका थिए। त्यसैले उनीहरूलाई अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका कमजोरीहरू केलाउने आधार मिल्यो। सन् २००१ मा सम्पन्न नेकपा (माओवादी) को दोस्रो राष्ट्रिय सम्मेलनले स्टालिनले गम्भीर गल्तीहरू गरेका थिए भन्ने कुरा स्वीकार गर्नु एउटा महत्त्वपूर्ण मोड थियो।[१५] मे २००३ को केन्द्रीय समितिको बैठकले[१६] सोभियत र पूर्वी युरोपेली कम्युनिस्ट शासनहरू किन ढले र किन त्यति सजिलै "प्रतिक्रान्ति" हुन गयो भन्नेबारे थप विश्लेषण गर्‍यो।

त्यतिन्जेल भूमिगत नै रहेका प्रचण्डले शास्त्रीय मोडेलको आलोचनात्मक पुनर्मूल्याङ्कनबारे सार्वजनिक रूपमै बोलेका थिए : "किन कम्युनिस्ट आन्दोलनले यति ठूलो धक्का बेहोर्नुपर्‍यो? किन रुसी क्रान्तिलाई प्रतिक्रान्तिले उल्टायो? किन चीन पनि त्यही बाटो लाग्यो? केन्द्रीय समितिमा धेरै वर्षदेखि यी विषयमा विवाद थियो।"[१७] "पुँजीवादी षड्यन्त्र" लाई दोष दिएर मात्र पुग्दैन, कम्युनिस्ट शासन प्रणालीभित्र नै कमजोरीहरू छन् र केही हदसम्म राजनीतिक प्रतिस्पर्धालाई ठाउँ दिएर मात्रै ती कमजोरीहरूलाई हटाउन सकिन्छ भन्ने निष्कर्षमा माओवादीहरू पुगे। यसबाट बहुदलीय बहुलवादबारे नीति परिमार्जन गर्न उनीहरूलाई बाटो खुल्यो।

## ख) नयाँ लाइनको विकास

मूलधारको राजनीतिमा प्रवेश गर्ने माओवादीको निर्णय नौलो कुरा होइन। सन् १९९१ को आमनिर्वाचनमा तेस्रो ठूलो पार्टीका रूपमा (नौ सिट मात्रै जितेको भए पनि) उदाएर उनीहरूले संसदीय प्रणालीको परीक्षण गरेका थिए।[१८] सशस्त्र विद्रोह चलेको अवधिभरि नै उनीहरूले मूलधारका पार्टी, नागरिक समाज र मिडियासँग थोर-बहुत सम्बन्ध कायमै राखेका थिए। उनीहरूले खुला राजनीतिमा प्रवेश गर्ने विकल्पलाई ध्यानमा राखेर त्यसो

---

लागेको थियो। तर पछि जब भारत, अमेरिका र बेलायत जस्ता देशहरूले हाम्रो जनयुद्ध र नेपाली जनताको विद्रोहका विरुद्ध शाही सेनालाई सैन्य सहयोग गर्न सुरु गरे त्यसले केही समस्याहरू खडा गर्‍यो। त्यसैले हामीलाई लाग्छ आजको विश्वमा सैनिक उपायबाट मात्रै अघि बढ्न सम्भव छैन।" प्रचण्ड, "नयाँ नेपालको मार्गचित्र कोरेको छ" *प्रत्याक्रमण*, नोभेम्बर २००६।

[१३] भारतीय मन्त्रीहरूमा तत्कालीन भारतीय विदेश मन्त्री जसवन्त सिंहले सन् २००१ देखि माओवादीहरूलाई आतङ्ककारी भन्न सुरु गरेका थिए। अमेरिकी सरकारले माओवादीलाई आतङ्ककारी क्रियाकलापका कारण एक्जेक्युटिभ अर्डर १३, २२४ अन्तर्गत ३१ अक्टोबर २००३ मा सूचीकृत गर्‍यो। हेर्नुहोस् www.state.gov/documents/organization/83383.pdf.

[१४] क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता नेकपा (माओवादी) केन्द्रीय समिति सदस्य, काठमाडौँ, जनवरी २००७।

[१५] सम्मेलनले स्टालिनका एकतिहाइ विचार र कार्यहरू गलत थिए भन्ने निष्कर्ष निकाल्यो। हेर्नुहोस् *नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का ऐतिहासिक दस्तावेजहरू*, (नेकपा (माओवादी) मेची-कोसी क्षेत्रीय ब्युरो २००६), पृ. १५६।

[१६] केन्द्रीय समितिको आकार मोटामोटी ३० देखि १०० जनासम्म पुगेको छ। नेकपा (माओवादी) को निर्णय गर्ने प्रमुख अङ्ग केन्द्रीय समिति नै हो। यसभन्दा माथि पोलिटब्युरो र त्यसमाथि स्थायी समिति थियो। यी दुवैलाई अक्टोबर २००५ मा विघटन गरियो। पार्टीको पुनर्गठन हुनुअघि यी निकायहरूमा रहेका सदस्यहरूको नामावलीका लागि हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Maoists*, माथि उल्लेखित, एपेन्डिक्स "सी"।

[१७] प्रचण्डसँग अन्तर्वार्ता, *The Hindu*, सन् २००६ फेब्रुअरी ८, ९ र १० मा प्रकाशित। www.hindu.com/thehindu/nic/maoist.htm.

[१८] सशस्त्र विद्रोह थाल्नुअघि माओवादीहरू संयुक्त जनमोर्चाको माध्यमबाट संसदीय राजनीतिमा संलग्न थिए। त्यस पार्टीको नेतृत्व बाबुराम भट्टराईले गरेका थिए।

गरेका थिए। तर, रणनीतिमा यस्तो आमूल परिवर्तन आउने सम्भावनाले नयाँ नीतिको समर्थन गर्ने र पुरानै योजनामा अडिग रहन रुचाउनेहरूबीच विवाद र तीव्र फाटो पैदा गऱ्यो। यस विवादमा भूमिका खेल्न सक्ने दुई ठूला नेताहरू मोहन वैद्य (किरण) र सी.पी. गजुरेल (गौरव) भारतमा गिरफ्तार भएर थुनामा परेकाले उनीहरू त्यस विवादमा मुछिन पाएनन्। बाँकी प्रमुख नेताहरूमा अध्यक्ष प्रचण्ड, बाबुराम भट्टराई, रामबहादुर थापा (बादल) पोस्टबहादुर बोगटी (दिवाकर) र कृष्णबहादुर महरा थिए। भट्टराईले नयाँ नीतिमा जोड दिएकाले आफ्ना सहकर्मीहरूको प्रतिरोधको सामना गर्नुपऱ्यो।

### १. परिवर्तनका लागि भट्टराईको लडाइँ

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका कमजोरीहरूलाई माओवादीहरूले समयमै पहिल्याइसकेका भए पनि वैकल्पिक नीतिको खोजी गर्नमा भने उनीहरूको हिच्किचाहट थियो। नेकपा (माओवादी) पार्टीभित्रै चलेको दुई नीतिबीचको छलफल र बहसबाटै नीति-निर्माण गर्ने कुरामा सिद्धान्ततः सहमति भए पनि व्यवहारमा नयाँ विचारका प्रणेताहरूले ठूला व्यवधानहरूको सामना गर्नुपऱ्यो।

सन् २००१ को सुरुमा सरकारसँगको सम्झौतावार्तामा अघि सारिएको संविधानसभाको प्रस्ताव रणनीतिक विवादसँगै गाँसिएको थियो। संविधानसभालाई सम्झौताको एउटा आधारका रूपमा स्वीकार गर्दा समग्र पार्टीपंक्तिमा यसको महत्त्वबारे धेरैले बुझेका थिएनन्। पार्टी नेतृत्वमा रहेका धेरैले संविधानसभालाई राजतन्त्रलाई एक्ल्याउन र त्यस सम्बन्धमा उत्पन्न हुने ध्रुवीकरणलाई नौलो लोकतान्त्रिक गणतन्त्रको दीर्घकालीन लक्ष्यका लागि बाटो खोल्ने एउटा जुक्तिका रूपमा मात्रै हेरेका थिए। तर, भट्टराई र अन्य नेताहरूको[१९] योजना बेग्लै थियो जुन सन् २००३ को सम्झौताका दौरानमा अवलम्बन गरिएको "एक्काइसौँ शताब्दीमा प्रजातन्त्रको विकास" को अवधारणाका रूपमा देखा पऱ्यो।[२०] भट्टराईले संविधानसभाको मागलाई "क्रान्तिको नयाँ मोडेल" को बाटो खोल्न सक्ने रणनीतिक मोडका रूपमा बुझे।[२१] संसदीय शक्तिहरूसँगको गठबन्धनबाट भारतीय समर्थन मिल्न सक्छ र गणतान्त्रिक आन्दोलनको जनाधार निर्माण हुन सक्छ भन्ने विश्वास भट्टराईको थियो। संविधानसभा मूलधारका पार्टीसँगको गठबन्धनको एउटा कडी हुन सक्छ र माओवादीले प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिलाई स्वीकार गर्नुपर्छ भन्ने उनको तर्क थियो।[२२]

तर भट्टराईको तर्क पराजित भयो। अगस्त २००४ को केन्द्रीय समितिको बैठकले उनको मान्यता विपरीत नीति अँगाल्यो। राजतन्त्रलाई हिर्काउनुको साटो बैठकले "रणनीतिक प्रत्याक्रमण" को चरणमा प्रवेश गर्ने निर्णय गऱ्यो र "सम्भावित भारतीय हस्तक्षेप" को सामना गर्न (राजासहित) देशभक्त शक्तिहरूसँग समझदारी बनाउने ठहर गऱ्यो।[२३] बैठकले "नेतृत्वको केन्द्रीयकरण" गर्ने निर्णय लिँदै प्रचण्डलाई माओवादी सेनाको सर्वोच्च कमान्डरका साथै उनीहरूको छायाँ सरकार "संयुक्त क्रान्तिकारी जनपरिषद्" को प्रमुखमा नियुक्त गऱ्यो। जनपरिषद्को प्रमुख त्यतिन्जेल भट्टराई थिए। सम्पूर्ण आन्दोलनमा अध्यक्ष प्रचण्डको पकड चाहने केही नेताहरूले प्रचण्डपथलाई "प्रचण्ड विचारधारा" को रूपमा उचाल्नुपर्छ भनी जोड दिए। त्यसको अर्थ कम्युनिस्ट दर्शनको क्षेत्रमा प्रचण्डलाई पनि माओकै हाराहारीमा राखिनुपर्छ भन्ने थियो।

भट्टराई केन्द्रीकृत नेतृत्व र राजालाई भन्दा भारतलाई आँखी बनाउने नीतिप्रति सहमत थिएनन्।[२४] नोभेम्बर २००४ मा उनले लेखेको चारबुँदे पत्रमा र पछि "छलफलका लागि प्रश्नहरू" भनी पार्टी केन्द्रीय कार्यालयलाई बुझाएको १३ बुँदे पत्रमा उनले आफ्नो असहमति प्रस्तुत गरे।[२५] पार्टीले पछिल्लोपटक गरेको निर्णय, दोस्रो सम्मेलनको मर्म र मे २००३ को केन्द्रीय समितिको बैठकले गरेको "मार्क्सवाद लेनिनवाद र माओवादको सृजनात्मक विकास गर्ने" आह्वानको विरुद्धमा गएको उनको तर्क थियो।[२६] जनवरी २००५ मा बसेको पोलिटब्युरोको बैठकले भट्टराईको तर्कलाई अस्वीकार गऱ्यो। प्रचण्डले "कमरेड लालध्वजको (भट्टराईको) पत्र र उहाँका अन्य क्रियाकलापहरू" बारे आलोचना प्रस्तुत गरेपछि उनका सहकर्मीहरूले भट्टराईले पार्टीको अनुशासन उल्लङ्घन गरेको र "दक्षिणपन्थी विचलन" प्रस्ताव गरेको निष्कर्ष निकाले। भट्टराईलाई अनिश्चितकालका लागि

[१९] भट्टराई जस्तै उनका समर्थकहरू मुख्य रूपले सन् १९९० को दशकमा माओवादीमा प्रवेश गर्ने थिए। तिनीहरूमा राम कार्की, हरिबोल गजुरेल, हिसिला यमी र दिनानाथ शर्मा थिए (शर्मा सन् २००१ मा मात्रै पार्टीमा लागेका थिए।)

[२०] यसै बेलातिर उनीहरूले संविधानसभाले ल्याउनुपर्ने परिवर्तनहरूका बारेमा विशेष प्रकारका मागहरू राखेका थिए।

[२१] बाबुराम भट्टराई "Royal Regression and the Question of a Democratic Republic in Nepal", *Economic and Political Weekly*, ९ अप्रिल २००५।

[२२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, बाबुराम भट्टराई निकट नेकपा (माओवादी) का नेता, काठमाडौँ, नोभेम्बर २००६।

२३ प्रचण्ड, प्रेस विज्ञप्ति, १ सेटेम्बर २००४।

[२४] भट्टराईले आरोप लगाए, "पार्टी, सेना र राज्यमाथि जनताको निगरानी, हस्तक्षेप र नियन्त्रण कायम राख्दै सर्वहाराको अधिनायकत्व अभ्यास गर्ने र निरन्तर क्रान्तिको माध्यमबाट साम्यवादतर्फ बाटो प्रशस्त गर्न, विगतका समाजवादी मोडेलमा झैं सेना, पार्टी र राज्यलाई मिसमास नपार्ने केही उपाय र विधिहरूको विकास गरिएको थियो। तर, हालैको केन्द्रीय समितिको बैठकले ती निर्णयहरूको विरुद्धमा जाने चेष्टा गरेको छ।" बाबुराम भट्टराई, "Questions for discussion", ३० नोभेम्बर २००६ मा पार्टी हेडक्वार्टरमा बुझाइएको पत्र।

[२५] उनको पहिलो पत्र ११ नोभेम्बर २००४ मा पठाइएको थियो र विस्तृत व्याख्यासहितको लामो पत्र ३० नोभेम्बरमा। उनले गुनासो गरेका थिए : "बेलाबखत (पार्टी नेतृत्वमा) गलत विचारहरू देखा पर्छन् र पुँजीवादलाई भन्दा सामन्तवादलाई बढी प्रगतिशील मान्ने गरिन्छ।" ऐ.ऐ.।

[२६] उही पत्र। तर, पार्टी संस्थापन पक्षले सैद्धान्तिक भिन्नताभन्दा पनि आफूलाई संयुक्त क्रान्तिकारी जनपरिषद्को प्रमुखबाट हटाइएबाट बाबुराम भट्टराईको असहमति बढी उब्जिएको ठान्यो। पोलिटब्युरोमा प्रस्तुत एउटा आन्तरिक दस्तावेजमा प्रचण्ड त्यति आक्रामक देखिएनन् : "भट्टराई संयुक्त मोर्चाको प्रमुख हुँदासम्म मार्क्सवाद-लेनिनवाद-माओवाद र प्रचण्डपथ अथवा प्रचण्ड विचारको विकास र एक्काइसौँ शताब्दीको प्रजातन्त्रको विकासप्रति उनलाई कुनै समस्या थिएन, तर उनको आफ्नै हैसियत प्रश्नको घेरामा आएपछि सबै कुरामा उनले प्रतिगमन र आत्मसमर्पण देखे।" प्रचण्ड, "कामरेड लालध्वजको पत्र र अन्य क्रियाकलापबारे" जनवरी २००५ को नेकपा (माओवादी) को पोलिटब्युरो बैठकमा प्रस्तुत र पारित दस्तावेज।

पार्टीपदहरूबाट निलम्बन गरियो।[२७] भट्टराईले पार्टीको निर्णयहरू क्रान्तिकारी कम्युनिस्ट पार्टीको स्वीकृत नियम र मान्यता विरुद्ध गएको भन्दै प्रतिवाद गर्ने प्रयास गरे।[२८] तर, नेतृत्वले आफ्नो अडान छाडेन, रणनीतिमा कुनै परिवर्तन नहुने भयो र कमरेड भट्टराईको विचलनवादी प्रकृतिप्रति कुनै सहानुभुति देखाइएन।

## २. नीतिमा उलटफेर

दोस्रो वरियताका नेताको निष्कासनबाट उत्पन्न परिस्थितिलाई माओवादीले सम्भवतः सजिलै सुल्झ्याउन सक्थे : पार्टी र सेनाभित्र भट्टराईको ठूलो समर्थन आधार थिएन र उनले आफू प्रमुख नेता हुन चाहेका पनि थिएनन्। तर उनीहरूको आन्दोलनबाहिर आएको महत्त्वपूर्ण फेरबदलबाट परिवर्तनका लागि भट्टराईले गरेको प्रस्तावप्रति सकारात्मक पुनर्मूल्याङ्कन गर्नुपर्ने खण्ड आयो।

फेब्रुअरी २००५ को शाही कदमले दरबारलाई भारत विरोधी गठबन्धनमा मिसाउने योजना भताभुङ्ग भयो। राजाको "कू" पछि त्यसो गर्नु सम्भव हुन्थेन। शाही "कू" ले मूलधारका पार्टीनेताहरूलाई आफ्नो कमजोर स्थितिको बोध गरायो र गठबन्धनबिना उनीहरूले आफू माओवादी र राजाको हातको खेलौना बनिरहेको बुझे। यसले आफ्ना नेताहरूलाई संविधानसभा स्वीकार गरेर माओवादीसँग सीमित सहकार्य गर्दै शाही शासनलाई पराजित गर्न दबाब दिइरहेका नेपाली काङ्ग्रेस र एमाले कार्यकताहरू दुवैका हातलाई दर्बिलो बनायो। मे २००५ सम्ममा प्रमुख पार्टीहरूले त्यो कुरा स्वीकार गरिसकेका थिए र माओवादीलाई बढी लचिलो हुन निजी तवरले आग्रह गर्न पनि थालिसकेका थिए।

यस्ता दबाबबाट माओवादीको नीतिले पल्टा खायो। प्रचण्डले सात पार्टी गठबन्धन र भारत दुवैसँग वार्ता सुरु गर्ने निर्णय गरे।[२९] उनले भट्टराईलाई पुनर्स्थापित गरेर दिल्लीमा भएको पहिलो सम्झौतावार्ताको जिम्मा दिए। यो नीतिगत परिवर्तन खासमा अरू कुनै विकल्प नहुनाका कारण भएको थियो। माओवादीहरूले आफू एक्लैले शक्ति हत्याउन नसकिने कुरा महसुस गरे र उनीहरूलाई राजा ज्ञानेन्द्रले दिल्लीको चित्त बुझाएर भारतलाई माओवादीमाथि असह्य दबाब दिन उस्काउलान् भन्ने डर पर्‍यो।

पार्टीहरू तथा भारत सरकारसँगको पटकपटकको वार्तापछि अक्टोबर २००५ मा नेकपा माओवादीले मध्यपश्चिममा उनीहरूको दरो पकड भएको रुकुमको चुनबाङमा केन्द्रीय समितिको बैठक गर्‍यो। त्यस बैठकले "सामन्ती राजतन्त्रको" विरुद्धमा "पुँजीवादी संसदीय शक्तिहरू" सँगको गठबन्धनको माध्यमबाट राजतन्त्र र संसदीय पार्टीसँगको त्रिकोणात्मक गतिरोध तोड्ने योजना पारित गर्‍यो।[३०] बैठकले बहुदलीय प्रणालीको माध्यमबाट लोकतान्त्रिक गणतन्त्रका लागि काम गर्ने नयाँ कार्यक्रम पारित गर्‍यो जुन नीतिलाई केही महिनाअघि मात्रै "संशोधनवादी" भनेर भर्त्सना गरिएको थियो।

परिणामस्वरूप प्रचण्डले भट्टराईको राजनीतिक धारलाई स्वीकार गरे र भट्टराईले प्रचण्डको नेतृत्वको सर्वोच्चता। चुनबाङ बैठकले पार्टीको आन्तरिक विवाद साम्य पारेर भट्टराईलाई पुनर्स्थापित मात्रै नगरी माओवादीलाई स्पष्टताका साथ नरम बाटो अवलम्बनसमेत गरायो। यसले नोभेम्बर २००५ को सात पार्टी गठबन्धनसँगको १२ बुँदे समझदारी तथा अप्रिल २००६ को जनआन्दोलनका लागि पनि बाटो खोल्यो। तर, नयाँ धारका आलोचकहरू अझै थिए।

## ३. सुरुका समस्याहरू

परिवर्तित राजनीतिक परिस्थितिबमोजिम पार्टी नीतिमा पनि परिवर्तन हुनुपर्दछ भन्ने प्रचण्डको दृष्टिकोणप्रति माओवादीका उच्च तहका सबैजसो नेताहरूको समर्थन रहेको थियो। तर, केहीलाई भने बहुदलीय प्रणाली स्वीकार गरेकामा चित्त बुझेको थिएन र उनीहरूले भट्टराईको पुनःस्थापनालाई पनि समर्थन गरेनन्। प्रचण्डका निकट मानिएका पोलिटब्युरो सदस्य रवीन्द्र श्रेष्ठ भट्टराईलाई पार्टीबाट निष्कासन गर्ने पक्षमा थिए।[३१] उनले असन्तुष्टहरूको मुद्दालाई सार्वजनिक गरे। उनलाई समर्थन गर्नेमा मणिध्वज थापा (अनुकूल) पनि थिए, यद्यपि उनका असन्तुष्टिका कारण अरू नै थिए।[३२]

श्रेष्ठ र थापाले १३ मार्च २००६ मा प्रचण्ड तथा भट्टराई विरुद्ध विद्रोह गर्न पार्टी कार्यकर्तालाई आह्वान गर्दै संयुक्त वक्तव्य निकाले। प्रचण्डले उनीहरूलाई "विश्वासघाती", "प्रतिगमनका मतियार" र "क्रान्तिका फोहोर कचेरा" भन्दै पार्टीबाट निष्कासन गर्न बेर मानेनन्।[३३] उनीहरूको विद्रोहले नयाँ नीतिलाई माओवादी आन्दोलनभित्र स्थापित गराउन त्यति सजिलो छैन भन्नेचाहिँ देखाइदियो। उनीहरूका मुख्य आलोचना दुईओटा कुरामा थियो। उनीहरूको भनाइमा प्रचण्ड र भट्टराईको "सर्वहारा विरोधी कमजोरी" ले पार्टीभित्र "नकारात्मक प्रवृत्ति" बढाएको थियो[३४] र सम्पूर्ण आन्दोलनलाई नै "दक्षिणपन्थी विचलन" मा फँसाउँदै

[२७] अन्य दुई जना नेताहरूलाई पनि अनुशासनको कारबाही गरिएको थियो तिनमा हिसिला यमी र दिनानाथ शर्मा थिए। हाल अन्तरिम सरकारमा मन्त्री रहेकी यमी भट्टराईकी पत्नी हुन्।

[२८] भट्टराईको चेतावनी थियो : "हामीले बुझ्नुपर्छ पार्टीको वैचारिक कोशेढुङ्गाजस्तै ऐतिहासिक दोस्रो राष्ट्रिय सम्मेलन र 'एक्काइसौँ शताब्दीको प्रजातन्त्रको विकास' बाट एक कदम अगाडि बढेर प्रचण्डपथलाई अझ विकास गर्छौं अथवा हामी जानेर वा नजानेर प्रतिगमनको बाटो पछ्याउँदै ऐतिहासिक भूल गर्छौं।" बाबुराम भट्टराई, ३० जनवरी २००५ मा नेकपा (माओवादी) को हेडक्वार्टरमा प्रस्तुत गरिएको असहमति।

[२९] हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट, *Nepal's New Alliance*, माथि उल्लेखित।

[३०] प्रचण्ड, प्रेस विज्ञप्ति, २८ नोभेम्बर २००५।

[३१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेकपा (माओवादी) केन्द्रीय समिति सदस्य, काठमाडौं, डिसेम्बर २००६।

[३२] लामो समयसम्म बाबुराम भट्टराईका समर्थक रहेका 'अनुकूल' माओवादीभित्रको राजनीतिबाट निराश भएका थिए। उनले बाबुराम भट्टराईले आफ्नो निष्कासनलाई स्वीकार गरेर नयाँ पार्टीका साथ आफ्नो विचारलाई अघि बढाउनु राम्रो हुने विचार व्यक्त गरे।

[३३] प्रचण्ड, प्रेस विज्ञप्ति, १४ मार्च २००६।

[३४] रवीन्द्र श्रेष्ठ र मणि थापा, प्रेस विज्ञप्ति, १३ मार्च २००६।

लगेको थियो। बहुदलीय प्रतिस्पर्धालाई प्रतिक्रान्ति रोक्ने साधनका रूपमा लिइनुपर्छ भन्ने भनाइलाई उनीहरूले अस्वीकार गरे।[३५]

श्रेष्ठ र थापाले मिलेर आफ्नै "नयाँ सांस्कृतिक क्रान्ति समूह" को स्थापना गरे, तर उनीहरूको विद्रोही आह्वानको प्रभाव माओवादी आन्दोलनभित्र खासै परेन।[३६] एक जना मध्यमस्तरका धनकुटाका पहिलेका वैकल्पिक केन्द्रीय सदस्य तुलसी ओझा (अनवरत) ले मात्र उनीहरूको साथ दिए। ओझा यसै पनि अनुशासनको कार्बाहीमा परिसकेका थिए।[३७] पार्टीमा दक्षिणपन्थी विचलन आएको भन्ने श्रेष्ठ र थापाको आरोपमा गैरनेपाली माओवादीको मुख्य गुनासो प्रतिबिम्बित भएको छ, तैपनि उनीहरूको अडानले सङ्गठित अन्तर्राष्ट्रिय समर्थन नपाएको भन्ने प्रस्ट देखिन्छ। अन्तत्वोगत्वा उनीहरूको विद्रोहले माओवादीको नयाँ नीति देखावटी मात्र थियो भन्ने धारणालाई कमजोर पार्ने काम गऱ्यो। यसबाट के प्रस्ट भयो भने बहुदलीय राजनीतिप्रतिको उनीहरूको प्रतिबद्धता त्यति बलियो नभए पनि आन्दोलनको दौरानमा पार्टीनेताहरूबीच यस विषय उपर गम्भीर बहस चलेको थियो र त्यस निम्ति उनीहरू आन्तरिक विरोधको सामना गर्न पनि तत्पर थिए।

## ग) बदलिएका एजेन्डा

माओवादीको मूल योजना जनयुद्धबाट "नौलो जनवाद" ल्याउने थियो। चिनियाँ कम्युनिस्टहरूले स्थापना गरेजस्तै सर्वहारा वर्गको अधिनायकवाद भएको "नौलो जनवाद" ले समाजवाद ल्याएर अन्त्यमा साम्यवादको निर्माण गर्ने थियो।[३८] यस निम्ति संसदीय प्रणाली र राजतन्त्र उनीहरूका प्राथमिक निसानाहरू थिए। द्वन्द्व अघि बढ्दै जाँदाको अवस्था र परिवर्तित राजनीतिक परिस्थितिले उनीहरूलाई आफ्नो मूल रणनीतिमा परिमार्जन गर्न कर लाग्यो। उनीहरूले तीनओटा महत्वपूर्ण नयाँ नीतिहरू अवलम्बन गरे – संविधानसभा, लोकतान्त्रिक गणतन्त्र र बहुदलीय व्यवस्था। उनीहरूले नत्यागेको एउटै मात्र कुरा हो गणतन्त्रवादी सिद्धान्त।

**संविधानसभा।** माओवादीहरूले सधैं नयाँ संविधानको माग गर्दै आएका थिए। तर, सुरुमै उनीहरूले संविधानसभाको भने माग गरेका थिएनन्।[३९] फेब्रुअरी २००१ मा उनीहरूको दोस्रो राष्ट्रिय सम्मेलनले जनताको संविधान निर्माण गर्ने प्रक्रियाबारे छलफल अघि बढाउने निर्णय गऱ्यो, तर संविधान विशेष रूपले निर्वाचित प्रतिनिधिहरूद्वारा लेखिनेछ भन्ने बेहोरा त्यहाँ परेको थिएन।[४०] तर पनि जब उनीहरू तुरुन्तै वार्तामा प्रवेश गरे उनीहरूले "अन्तरिम सरकार, संविधानसभाको चुनाव र गणतन्त्रको संस्थागत विकास" को माग राखे।[४१] उनीहरूले संविधानसभाको प्रस्तावलाई राजतन्त्रवादी र गणतन्त्रवादीबीचमा फाटो ल्याउने साधनका रूपमा हेरेका थिए। सम्झौताको अवधिमा जनसमर्थन प्राप्त नभएपछि उनीहरूले गणतन्त्रको मुद्दालाई अस्थाई रूपमा छोडे, तर संविधानसभाको विषयलाई भने कायमै राखे। दरबार र मूलधारका पार्टीलाई संविधानसभा मान्य नभएको कारणले नै सन् २००१ र २००३ का वार्ता असफल भएका थिए।

फेब्रुअरी २००५ को शाही कूले राजनीतिक समीकरणलाई बदलिदियो। त्यस घटनाले सन् १९९० को राजनीतिक इन्तजामका कमजोरीहरूलाई प्रमाणित गरिदियो र संवैधानिक परिवर्तनको पक्षमा मूलधारका पार्टीहरूभित्र तलैदेखि दबाब बढायो। माओवादीका लागि संविधानसभाको प्रस्ताव सशस्त्र विद्रोहबाट मूलधारको राजनीतिमा प्रवेश गर्ने र राज्यको पुनःसंरचना गर्ने दुवैको माध्यम थियो।[४२] दुवै पक्षका लागि द्वन्द्व अन्त्य गरेर अघि बढ्ने यही सबैभन्दा आकर्षक विकल्प बन्यो।

**लोकतान्त्रिक गणतन्त्र।** अक्टोबर २००५ को चुनबाङ बैठकले बहुदलीय लोकतान्त्रिक गणतन्त्रलाई तत्कालीन लक्ष्य बनाउने निर्णय गरेको थियो। यो शब्दावली नरमपन्थी संसदीय गणतन्त्रवादीहरूलाई पनि स्वीकार्य छ, तर त्यस अवधारणाले माओवादीको दीर्घकालीन राजनीतिमा विशेष अर्थ राख्छ।[४३] बाबुराम भट्टराई यसलाई सङ्क्रमणकालीन गणतन्त्र अर्थात् भारतीय शैलीको "संसदीय गणतन्त्र" भन्दा धेरै प्रगतिशील तर "जनवादी गणतन्त्र" भन्दा एक कदम अपूरो भनी परिभाषित गर्छन्। उनका अनुसार यो "पुँजीवादी प्रजातन्त्र" को सर्वोच्च अवस्था हो, जसमा "औपचारिक प्रजातन्त्र" का सम्पूर्ण अवयवहरू (बहुदलीय प्रतिस्पर्धा, मताधिकार, आमनिर्वाचन, कानुनी राज्य, प्रेस स्वतन्त्रता आदि) हुनाका साथै उत्पीडित

---

[३५] ऐ.ऐ.।

[३६] श्रेष्ठ र थापाले उनीहरूको दस्तावेज ब्लगमा प्रकाशित गरे, http://maobadi.wordpress.com.

[३७] अनवरत, प्रेस विज्ञप्ति, २ मे २००६।

[३८] सामन्तवाद र साम्राज्यवादको ध्वंसपछि नयाँ प्रजातान्त्रिक क्रान्ति पूरा गरी तुरुन्तै समाजवादतर्फ जाने र सर्वहाराको अधिनायकवादअन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्तमा आधारित सांस्कृतिक क्रान्तिको उपायबाट साम्यवाद अर्थात् सम्पूर्ण मानवजातिको सुनौलो भविष्यतर्फ अघि बढ्ने उनीहरूको लक्ष्य थियो। "जनयुद्धको ऐतिहासिक थालनीका सैद्धान्तिक आधारहरू", *Some Important Documents of Communist Party of Nepal (Maoist)* (काठमाडौं, २००४)। विस्तृत जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Maoists*, माथि उल्लेखित।

[३९] हेर्नुहोस, क्राइसिस ग्रुप रिपोर्ट, *Towards a Lasting Peace in Nepal*, माथि उल्लेखित, पृ. २४-२५ र *नेपालको संवैधानिक प्रक्रिया,* माथि उल्लेखित, पृ. ३।

[४०] उनीहरूले बहुपक्षीय वार्ता, अन्तरिम सरकार बनाउन सबै पार्टीको सम्मेलन र त्यही सरकारले नयाँ संविधान बनाउने कुराका लागि आह्वान गरे। *नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को ऐतिहासिक दस्तावेजहरू*, माथि उल्लेखित, पृ. २०६।

[४१] जून २००१ को दरबार हत्याकाण्डमा राजा वीरेन्द्र र उनका परिवारका सबैजसो सदस्यहरू मारिएपछि माओवादीले गणतन्त्र स्वतः स्थापना भइसकेको र त्यसलाई संस्थागत गर्नुपर्ने दाबी गरेको थियो। बाबुराम भट्टराई, *Monarchy vs. Democracy: The Epic Fight in Nepal* (नयाँ दिल्ली, २००५), पृ. १७।

[४२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, माओवादी नेताहरू, काठमाडौं, नोभेम्बर २००६।

[४३] एमाले, जनमोर्चा र नेमकिपाले लोकतान्त्रिक गणतन्त्रको विचारमा सही गरे, तर सबै यसलाई एकै ढङ्गले परिभाषित गर्दैनन्।

वर्ग, जात, धर्म र महिलाको राज्य संरचनामा उपयुक्त प्रतिनिधित्व र सहभागिता हुनेछ।[४४] निर्वाचन प्रक्रियाको माध्यमबाट शान्तिपूर्ण तवरले जनवादी गणतन्त्र स्थापनाको प्रयास गर्न माओवादीहरू यस्तो बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीमा भाग लिनेछन्।[४५]

**बहुदलीय प्रणाली।** केन्द्रीय समितिले "एक्काइसौं शताब्दीमा प्रजातन्त्रको विकास" गर्ने प्रस्ताव अनुमोदन गरेपछि सन् २००३ मा मात्रै माओवादीले प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिको अवधारणा स्वीकार गरेका थिए। यस प्रस्तावले सर्वहारा अधिनायकवादको परम्परागत एकदलीय धारणालाई प्रतिस्थापना गरे पनि यसले "सामन्तवाद विरोधी" र "साम्राज्यवाद विरोधी" पार्टीमाझ मात्र राजनीतिक प्रतिस्पर्धाको परिकल्पना गरेको थियो।[४६] मूलधारका प्रमुख पार्टीहरू यस मापदण्डभित्र पर्दैनन्। प्रचण्डले नेपाली काङ्ग्रेस र नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) लाई "अति प्रतिगामी" पार्टी र एमालेलाई "अति दोहोरो" भूमिका भएको "संशोधनवादी" पार्टी भनी परिभाषित गरेका छन्।[४७] लोकतान्त्रिक गणतन्त्रमा अरूका सहभागितालाई रोक्न सकिँदैन भन्ने कुरा माओवादीहरूले बुझेका छन् तैपनि धेरै सङ्कुचित रूपले परिभाषित जनवादी गणतन्त्र लागू गर्ने उम्मेद उनीहरू राख्छन्। तर, नेपाली मूलधारका पार्टीहरूलाई त्यस्तो प्रस्तावित जनवादी गणतन्त्रमा सहभागी हुनबाट कसरी रोक्न सकिन्छ भनेर सोधेमा त्यसको जवाफ दिन केही माओवादीहरू सङ्कोच मान्छन्। भट्टराई यति मात्रै भन्छन्, "सबै खाले प्रजातन्त्रमा राजनीतिक पार्टीका रूपमा दर्ता गर्न पाउने नपाउने नियम हुन्छ। प्रजातन्त्रको अर्थ सीमारहित स्वतन्त्रता भन्ने होइन।"[४८]

माओवादीले बहुदलीय प्रजातन्त्र स्वीकार गर्नुमा मुख्य दुईओटा कारणहरू छन्। पहिलो, राजनीतिक प्रतिस्पर्धा प्रजातन्त्रको पर्यावाची हो भन्ने घरेलु तथा अन्तर्राष्ट्रिय मान्यतालाई उल्टाउन नसकिने उनीहरूले महसुस गरेन। दोस्रो, पहिलेका कम्युनिस्ट शासनहरू राजनीतिक प्रतिस्पर्धा नभएकै कारण असफल भए भन्ने निष्कर्षले उनीहरूको रणनीतिक स्वरूपमा पन्छाउनै नसकिने तर्कहरू उत्पन्न गरिदियो। क्रान्तिकारी परिवर्तन कर्मचारीतन्त्रको निष्क्रियतामा दब्न सक्ने सम्भावित खतराहरूलाई टार्न उनीहरूले यस्तो निर्णय गरे : "सामन्तवाद विरोधी र साम्राज्यवाद विरोधी प्रजातान्त्रिक राज्यको संवैधानिक सीमाभित्र रहेर राजनीतिक प्रतिस्पर्धालाई सङ्गठित गर्दै कम्युनिस्ट पार्टीलाई निरन्तर सर्वहाराकरण र क्रान्तिकारीकरण गर्दै लैजाने परिस्थितिको निमार्ण गर्नुपर्छ।"[४९]

## घ) भित्री र बाहिरी सम्बन्धको पुनर्निर्माण

आफ्नै बलबुतामा मात्रै जित्न नसक्ने महसुस गरेपछि माओवादीहरूले अन्य शक्तिकेन्द्रहरू विशेषगरी भारत र मूलधारका पार्टीहरूसितको सम्बन्धतर्फ आफ्नो ध्यान दिए। यसमा उनीहरू मानसिक रूपमा "संयुक्त मोर्चा" को शास्त्रीय माओवादी रणनीतिद्वारा निर्देशित थिए : "क्रान्ति तथा निर्माणमा विजय पाउन र दुश्मनका विरुद्ध साझा लडाइँ लड्नका लागि एकता गर्न सकिनेसम्मका सबै शक्तिहरूसँग एकता गर्ने।"[५०] यसले पार्टीसँगको रणनीतिक गठबन्धनका लागि पर्याप्त औचित्य प्रदान गऱ्यो। राष्ट्रवादका आधारमा दरबारसँग एकता भएको अवस्थामा पनि सायद त्यही तर्कलाई अघि सारिने थियो।

अन्य घरेलु र अन्तर्राष्ट्रिय शक्तिहरूसँग सम्बन्ध सुधार्ने प्रयास पनि भूमिगत सङ्घर्ष त्याग्ने सोचाइ राखेरै गरिएको थियो। मूलधारका शक्तिहरूसँग संलग्नता बढाउन चाहनेहरूलाई पनि भूमिगत अवस्थाबाट बाहिर आउने प्रक्रिया जटिल र खतरापूर्ण हुनेछ भन्ने थाहा थियो। शक्तिशाली मित्र बनाउनाले रूपान्तरण सजिलो हुन सक्थ्यो र माओवादीहरूलाई खुला राजनीतिको अधिकतम फाइदा लिन मद्दत पुग्थ्यो। प्रमुख घरेलु शक्तिहरूमा प्रमुख पार्टी र नागरिक समाजका विभिन्न समूहहरू थिए भने दरबार र सेनासित पनि उनीहरूले गुपचुप सम्पर्क राखेका थिए। माओवादी नेताहरूले प्रेसमा नरम खालका अन्तर्वार्ताहरू दिएर विश्वसमक्ष आफ्नो नयाँ अनुहार देखाउँदै अन्तर्राष्ट्रिय समुदायको समर्थन जित्न धेरै प्रयास गरे।

यस्तो प्रयासको मुख्य चुरो भारतसँगको सम्बन्ध थियो जसमा आकाश-जमिनको अन्तर आएको थियो। अगस्त २००४ को बैठकले "भारतीय विस्तारवाद" को सामना गर्ने निर्णय लिएको थियो, जसअनुसार सम्भावित हस्तक्षेप बेहोर्न देशभरि सुरुङ र बङ्कर खन्ने अभियान चलाइएको थियो। तर एक वर्ष पनि नबित्दै उनीहरू नयाँ दिल्लीको नजिक पुगेका थिए र भारतीय मित्रहरूलाई चकित तुल्याउँदै (भारतमा) काङ्ग्रेसको नेतृत्वको सरकारलाई समर्थन गरेका थिए र लामो समयदेखि माओवादीको कडा विरोधी रहँदै आएको भारतीय कम्युनिस्ट पार्टी

[४४] माओवादीको लोकतान्त्रिक गणतन्त्रको धारणाबारे विस्तृत व्याख्याका लागि हेर्नुहोस्, बाबुराम भट्टराई, *राजतन्त्र र लोकतान्त्रिक गणतन्त्र* (काठमाडौं, २००६)।

[४५] बाबुराम भट्टराई, "लोकतान्त्रिक गणतन्त्रको गुदी", *मूल्याङ्कन*, जून २००६। प्रचण्डले माओवादीहरू "शान्तिपूर्ण माध्यमबाट जनवादी गणतन्त्रको लक्ष्यका लागि जानेछन्" पनि भने। *The Hindu* सँग अन्तर्वार्ता, माथि उल्लेखित।

[४६] माओवादीका लागि राजावादी पार्टीहरू "सामन्ती" र अमेरिकामुखी पार्टीहरू "साम्राज्यवादी" हुन्।

[४७] प्रचण्डसँग अन्तर्वार्ता, *हाम्रो जलजला*, सेप्टेम्बर २००६।

[४८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अप्रिल २००६।

[४९] नेकपा (माओवादी) "पार्टीले आफूलाई निरन्तर क्रान्तिकारी बनाइराख्न नसकेको खण्डमा वैकल्पिक क्रान्तिकारी पार्टी वा नेतृत्वको निर्माण गर्ने जनताको अधिकारलाई संस्थागत गरेर मात्रै प्रतिक्रान्तिलाई प्रभावकारी ढङ्गले रोक्न सकिन्छ" भन्ने निष्कर्षमा पुग्यो। "इतिहासको अनुभव र एक्काइसौं शताब्दीमा प्रजातन्त्रको विकासका बारेमा" मे २००३ को नेकपा (माओवादी) को केन्द्रीय समितिको बैठकले पारित गरेको दस्तावेज, http:/cpnm.org/new/English/worker/9issue/ document.htm.

[५०] Kwok-Sing Li (tr. Mary Lok), A Glossary of Political Terms of the People's Republic of China (हङकङ, १९९५), पृ. ४५१ [emphasis added]। हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, Nepal's Maoists, माथि उल्लेखित, पृ. १०-१२।

(मार्क्सवादी) सित पनि उनीहरू चोचोमोचो मिलाउँदै थिए।[५१] भारतले भित्रभित्रै माओवादीसँग सर्म्पक राखेको थियो र माओवादीहरूको नयाँ व्यवहारप्रति सकारात्मक हुनुमा नै भारतले आफ्नो हित पनि देखेको थियो। भारतीय नीति-निर्माताहरू राजा ज्ञानेन्द्रबाट निराश हुँदै गएका थिए र केही सुरक्षा विश्लेषकहरूले नेकपा (माओवादी) मूलधारको राजनीतिमा आउनाले क्षेत्रीय स्थिरतालाई फाइदा पुग्ने तथा उनीहरूका भारतीय समकक्षीहरूलाई पनि त्यसबाट शिक्षा मिल्न सक्ने सुझाउ दिएका थिए।[५२]

माओवादीको भारतप्रतिको परिवर्तित नीतिबाट उनीहरूलाई केही तात्कालिक फाइदा पनि भयो। यसबाट सात पार्टीहरूको गठबन्धनको निर्माण सम्भव भयो। (सात पार्टीका प्रमुख नेताहरूले नयाँ दिल्लीको अनौपचारिक मध्यस्थतालाई स्वीकार गरिसकेका थिए)।[५३] भारतलाई राजाबाट टाढा पुऱ्यायो, अमेरिकाको कडा विरोधलाई मत्थर पार्ने काम गऱ्यो, केही हदसम्म अन्तर्राष्ट्रिय वैधता प्राप्त भयो अनि भारतीय कारागारमा रहेका किरण र गौरवसहित १०० जनाभन्दा बढी कार्यकर्ताहरूको रिहाइ भयो। भारतसित साझा स्वार्थका लागि मिल्न सकिन्छ र त्यस्तो सीमित सहकार्यले माओवादी तथा भारतीय नीति-निर्माताहरू दुवैको टाउको दुखाइ बनेको अमेरिकी प्रभावलाई घटाउनेछ भन्ने उनीहरूको विश्वास थियो र सायद त्यो सही थियो।

[५१] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's New Alliance*, माथि उल्लेखित।

[५२] भारतीय सरकारका लागि माओवाद बढ्दो घरेलु खतरा हो। ४ नोभेम्बर २००४ मा भारतीय प्रधानमन्त्री मनमोहन सिंहले "जम्मु-कश्मीर र उत्तर-पूर्वको विद्रोहभन्दा पनि भारतका लागि धेरै खतरापूर्ण भनी व्याख्या गरे।" एउटा अध्ययनअनुसार माओवादी हिंसाले कम्तीमा पनि १४ भारतीय राज्यका १६५ जिल्ला (भारतको क्षेत्रफलको एकचौथाइभन्दा बढी भाग) लाई असर पारेको छ। हेर्नुहोस् "Maoist Assessment – Year 2006", www.satp.org/satporgtp/countries/india/maoist/Assessment/index.html.

[५३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सात पार्टी गठबन्धनका नेताहरू, काठमाडौं, नोभेम्बर २००६।

## ३. कमरेडहरूबाट आलोचना

माओवादीले आफ्नो अभियान सुरु गर्दा अन्तर्राष्ट्रिय मित्रहरूबाट उनीहरूले दृढ समर्थन पाएका थिए। रिभोल्युसनरी इन्टरनेसनलिस्ट मुभमेन्ट (रिम) जस्ता सङ्गठनहरूले नेकपा (माओवादी) लाई खाँट्टी माओवादको विश्वव्यापी ध्वजावाहक ठानेका थिए। तर नेपालका माओवादी आफ्नो सुरुको परम्परागत रणनीतिबाट टाढिँदै गएपछि माओवादीको शान्तिपूर्ण रूपान्तरण मन नपराउने अन्तर्राष्ट्रिय मित्रहरूबाट उनीहरूको आलोचना हुन थाल्यो। माओवादीहरूलाई आफ्नो नयाँ लाइनप्रति मित्रहरूको विश्वास जित्न अप्ठ्यारो परिरहेको छ तर उनीहरू आशावादी छन्। उनीहरूले के विश्वास गरेका छन् भने सम्झौतामार्फत विजय प्राप्त गर्ने विषयमा उनीहरूले गरेको प्रयोगले संसारभरका वामपन्थीहरूका लागि नयाँ उदाहरण प्रस्तुत गर्नेछ।

भारतका माओवादीहरू नेपाली माओवादीका सबैभन्दा नजिकका र प्रभावशाली मित्र हुन्, यद्यपि उनीहरूले नेपाली माओवादीलाई व्यावहारिक तवरमा कमै मात्र सघाएका थिए र माओवादी विद्रोह टिकाउन उनीहरूको खासै हात थिएन। शान्ति प्रक्रियाप्रति उनीहरूको (भारतीय माओवादीहरूको) शङ्कालु धारणाले नेकपा (माओवादी) को नेतृत्व आफ्नो मौलिक रणनीतिबाट कति टाढा गएको छ भन्ने देखाउँछ र यसले त्यस्तो अप्ठ्यारोलाई प्रतिबिम्बित गर्छ जसबारे नेपाली माओवादीभित्रबाट आवाज आउन थालेको छ। भारतीय माओवादी नेता गणपतिले नेपाली कमरेडहरूलाई यस्तो चेतावनी दिएका छन् : "या त अहिले कै व्यवस्थामा समाहित होऊ या सत्ताधारी वर्गसँग शक्ति साझेदारी गर्ने वर्तमान नीति त्यागेर शक्ति हात पार्न पुनः सशस्त्र क्रान्तिमा लाग। बुद्धदर्शनको जस्तो मध्यमार्ग छैन। बुर्जुवाहरूले आविष्कार गरेको खेलको नियम तिमीहरूले बनाउन सक्दैनौ।"[५४]

क्रान्तिकारी वामपन्थी वृत्तमा यस्तो तर्कले निकै ठूलो महत्त्व राख्दछ किनभने नेपाली माओवादीहरू सफल हुनाका लागि उनीहरूले संसदवादी शत्रुलाई परास्त गरेर मात्र पुग्दैन आफ्नै क्याम्पका आलोचकहरूको समेत मन जित्न सक्नुपर्छ।

### क) अन्तर्राष्ट्रिय मित्रशक्ति

नेपाली माओवादीलाई समर्थन गर्ने दुईओटा अन्तर्राष्ट्रिय समूह महत्वपूर्ण छन् :

**रिभोल्युसनरी इन्टरनेसनलिस्ट मुभमेन्ट (रिम)।** रिम आफूलाई मार्क्सवाद-लेनिनवाद र माओवादका मार्गनिर्देशक सिद्धान्तको पहरेदार ठान्दछ। माओको मृत्युपछि भएको प्रतिक्रान्तिबाट माओको विरासतलाई बचाउन चाहने समूहहरूबाट सन् १९८४ मा चीनमा रिमको स्थापना भएको थियो। लन्डनमा यसको आधिकारिक कार्यालय हुलाकको ठेगानामा मात्र सीमित छ, तर

[५४] Tilak Pokharel, "Indian Maoists urge CPN-M to wield arms", *The Kathmandu Post*, १६ मे २००६।

यसले *अ वर्ल्ड टु विन* नामक पत्रिका फाट्टफुट्ट निकाल्ने गर्छ र विभिन्न देशका माओवादीहरूबीचको सम्बन्धलाई बढाउने काम गरिरहेको छ। नेकपा (माओवादी) रिमको एक्लो सदस्य हो जसले क्रान्तिका कुरालाई गम्भीरतापूर्वक व्यवहारमा उतारेको छ।[५५] अरू ठाउँका माओवादीहरूका लागि नेपाल जल्दोबल्दो उदाहरण बनेको थियो। उनीहरूले नेपाली माओवादीले गरेका समसामयिक क्रान्तिको सफल प्रदर्शनको प्रशंसा गरेका थिए। नेकपा (माओवादी) को परिवर्तित अवस्थालाई पचाउन उनीहरूलाई गाह्रो परिरहेको छ।

माओवादीलाई उनीहरूको जनयुद्धमा लाग्न प्रोत्साहन दिने काममा रिमले महत्त्वपूर्ण भूमिका खेलेको थियो। सन् १९९३ (माओको शतवार्षिकी साल) मा रिमले आफूले "माओत्सेतुङ विचारधारा" होइन "माओवाद" मान्ने घोषणा गरेको थियो। यस विवादास्पद पथलाई नेकपा (एकता केन्द्र) ले आफ्नो "माओ स्मारिका" मा समर्थन जनाएको थियो।[५६] एकता केन्द्रको एउटा टुक्रा फुटेर नेकपा (माओवादी) बन्यो र आफूलाई एकता केन्द्रबाट अलग देखाउन यसले आफ्नो नाम पछिल्तिर "माओवादी" थप्यो।[५७] (मोहनविक्रम सिंहले नेतृत्व गरेको नेकपा (मसाल) पनि रिमको सदस्य थियो। तर त्यस पार्टीले माओवादी लाइन मान्न अस्वीकार गर्दै सन् १९९८ मा रिम छाड्यो।) रिमले "एन्डिजदेखि हिमालयसम्म, मुक्तिको एकमात्र उपाय जनयुद्ध" शीर्षकको विज्ञप्ति निकालेर नेपालमा थालिएको जनयुद्धको स्वागत गऱ्यो।[५८] रिमले नेपाली माओवादीलाई अन्तर्राष्ट्रिय छवि प्रदान गर्दै अरू देशसँग सम्पर्क बनाइदिएर अन्तर्राष्ट्रिय समर्थन जुटाउने काम गऱ्यो।

प्रचण्डका अनुसार जनयुद्धको तयारीको अन्तिम चरणमा "लगातार अन्तर्राष्ट्रिय संलग्नता" रहेको थियो। त्यसमा पहिलो र सबैभन्दा महत्त्वपूर्ण संलग्नता रिमको रह्यो।[५९] "वैचारिक र राजनीतिक विषयमा महत्त्वपूर्ण आदानप्रदान भयो। रिम कमिटीबाट हामीले पेरुली कम्युनिस्ट पार्टी (पीसीपी) को अनुभव, त्यहाँको दुई तहको सङ्घर्षसाथै टर्की, इरान र फिलिपिन्सको अनुभव पायौँ। हामीले बाङ्लादेश र श्रीलङ्काको अनुभवबाट पनि सिक्यौँ।"[६०] रिमले "अमेरिकी साम्राज्यवाद" को विरोधमा कम्युनिस्ट र गैरकम्युनिस्ट-हरूलाई जुटाउने लक्ष्य लिएको विश्व जनप्रतिरोध अभियानको स्थापना गर्ने कामको पनि नेतृत्व गऱ्यो।[६१] यस अभियानले नेपालमा बढी ध्यान दियो र युरोपका सहरहरूमा प्रचार कार्यक्रमहरू चलायो।[६२] नोभेम्बर २००५ यता यसले रोल्पामा माओवादीले चलाएको सडक निर्माण योजनामा काम गर्न विदेशी स्वयंसेवकका तीनओटा टोली पठायो।[६३] यस अभियानको दक्षिण एसिया शाखा पनि छ।[६४] जसको वर्तमान संयोजक नेकपा (माओवादी) का नेता सुरेश आलेमगर हुन्।

**कोअर्डिनेटिङ कमिटि अफ माओइस्ट पार्टीज एन्ड अर्गनाइजेसन्स अफ साउथ एसिया (कम्पोसा)।** यो कमिटि भारत, बाङ्लादेश, नेपाल र श्रीलङ्काका नौओटा माओवादी सङ्गठनहरूले त्यसअघिको उनीहरूको अनौपचारिक सम्बन्धलाई औपचारिकता दिँदै जुलाई २००१ मा गठन गरेका हुन्।[६५] यसको स्थापनामा नेकपा (माओवादी) को ठूलो हात छ र यसको नेतृत्वमा नेपालका माओवादीले महत्त्वपूर्ण भूमिका खेलेका छन्।[६६] यस क्षेत्रीय सङ्गठनले भारतका दुईओटा ठूला नक्सलवादी पार्टी सीपीआई-एमएल (पीडब्लु) र एमसीसी (आई) लाई मिलाएर सेप्टेम्बर २००४ मा भारतीय कम्युनिस्ट पार्टी (माओवादी) बनाउनमा मद्दत गऱ्यो।[६७] यस सम्मिलनले सन् १९७२ मा नक्सलवादी नेता चारु मजुमदारको मृत्युपछि विभाजित आन्दोलनलाई पुनः एकीकरण गर्ने दिशामा केही हदसम्म काम

[५५] RIM's members are: Ceylon Communist Party (Maoist), Communist Party of Afghanistan, Communist Party of Bangladesh (Marxist-Leninist), Communist Party of Nepal (Maoist), Communist Party of Peru, Communist Party of Turkey Marxist-Leninist, Marxist-Leninist Communist Organisation of Tunisia, Maoist Communist Party [Italy], Proletarian Party of Purba Bangla [Bangladesh], Revolutionary Communist Group of Colombia, Revolutionary Communist Party [U.S.] and Communist Party of Iran (Marxist-Leninist-Maoist). हेर्नुहोस् www.awtw.org/rim/index.htm.

[५६] "माओ स्मारिका" (नेकपा एकता केन्द्र) केन्द्रीय कार्यालय, डिसेम्बर १९३०। चिनियाँ कम्युनिस्ट पार्टीले पनि माओ विचारधारा छुट्टै सिद्धान्त नभएको ठानेर "माओवाद" भन्ने शब्दावली चलाएको छैन।

[५७] यो विषय असहमतिका बुँदाहरूमध्ये एउटा थियो जसका कारण सन् १९९४ मा नेकपा (एकता केन्द्र) फुटेको थियो। माओवादीमा नलाग्ने एउटा समूहले अहिले पनि "माओवाद" होइन "माओत्सेतुङ विचारधारा" लाई नै मानिआएको छ।

[५८] रिम कमिटी, प्रेस विज्ञप्ति, १ मे १९९६।

[५९] Li Onesto, "Red Flag Flying on Roof of the World" (प्रचण्डसँग अन्तर्वार्ता), *Revolutionary Worker*, २० फेब्रुअरी २०००।

[६०] ऐ.ऐ.।

[६१] हेर्नुहोस् www.wprm.org.

[६२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, WPRM activists, London, Frankfurt and Brussels, जनवरी, फेब्रुअरी र अक्टोबर २००५।

[६३] "Nepal: building a road into the future. Provisional report of the First International Road Building Brigade to the Magarat autonomous republic of Nepal", www.pcr-rcpcanada.org.

[६४] नेपाल, भारत, बाङ्लादेश र श्रीलङ्काका प्रतिनिधिहरूले २-४ अक्टोबर २००२ मा दक्षिण एसियाका कुनै गोप्य ठाउँमा भएको बैठकमा यो संस्था गठन गरेका थिए। अन्तर्वार्ता, "Com Munir", convenor of WPRM South Asia, www.wprm.org/wprm_sa/ wprm_sa/interview_sa.htm.

[६५] सुधीर शर्मा, "Deep Red in the Heartland", *Himal South Asian*, जनवरी २००२। कम्पोसाका संस्थापक सदस्यहरू निम्नबमोजिम थिए : Communist Party of India-Marxist Leninist (People's War) (CPI-ML(PW), commonly known as the People's War Group or PWG), Maoist Communist Centre of India (MCC-I), Revolutionary Communist Centre of India (Maoist), Revolutionary Communist Centre of India (MLM), Bangladesher Samyabadi Dal (M-L), Purbo Bangla Sarbahara Party (CC), Purbo Bangla Sarbahara Party (MPK), Ceylon Communist Party (Maoist) and Communist Party of Nepal (Maoist).

[६६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, RIM sources, लन्डन, जनवरी २००५।

[६७] Nihar Nayak, "Naxalites: A Compact of Fire", *South Asia Intelligence Review*, १८ अक्टोबर २००४। हेर्नुहोस् "Top Naxals pledge no action during truce", *The Hindu*, १५ अक्टोबर २००४। सामान्यतया भारतीय माओवादीहरूलाई "नक्सलवादी" भन्ने गरिन्छ। सन् १९६० को दशकको अन्त्यतिर माओवादी विद्रोह जन्मिएको यो ठाउँ नेपालको सिमाना नजिक भारतको पश्चिम बङ्गालमा पर्दछ। नक्सलबारी नामको ठाउँबाट यो नाम राखिएको हो।

गर्‍यो, यद्यपि मूलधारको सीपीआई-एमएल (लिबरेसन) नक्सलवादीका विभिन्न समूहमध्ये एक हो जसले सीपीआई (माओवादी) ले अख्तियार गरेको सशस्त्र सङ्घर्षको नीतिको घोर विरोध गर्दछ।

कम्पोसाले नेकपा (माओवादी) लाई दक्षिण एसियामा आफ्नो सम्पर्क विस्तार गर्न र आफू जस्तै समूहहरूसँग सहयोगात्मक सम्बन्ध स्थापना गर्न मद्दत गर्‍यो। नेपाली माओवादीले फेब्रुअरी २००१ मा सम्पन्न राष्ट्रिय महाधिवेशनबाट "दक्षिण एसियाका लागि नयाँ सोभियत सङ्घ" को प्रस्ताव पारित गरेर यसअघि नै क्षेत्रीय सोचाइ अघि सारेको थियो।[६८] त्यस महाधिवेशनले क्षेत्रीय जनक्रान्तिमा भारत मुख्य अवरोध भएको भन्दै जुनसुकै विद्रोह सफल हुनाका लागि भारतसँग लड्नैपर्ने निष्कर्ष निकालेको थियो। यसबाट अरू दृष्टिले असमान राष्ट्रिय समूहहरूबीच दह्रो साझा मञ्च बनाउनुपर्ने आवश्यकता पुष्टि भयो। सोहीबमोजिम कम्पोसाले आफ्ना दुईओटा उद्देश्य निर्धारण गर्‍यो : "आ-आफ्ना देशमा जनताको शक्ति प्राप्त गर्नका लागि सङ्घर्ष गर्ने" र "अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवादका विरुद्ध लड्ने।"[६९]

## ख) वैचारिक मतभेद

रिम र कम्पोसाका अधिकांश सदस्यहरू नेकपा (माओवादी) ले आफ्नो रणनीतिमा पुनरावलोकन गरेकामा सशङ्कित छन्। केहीले सार्वजनिक रूपमै आलोचना गरेका छन् भने केहीले गोप्य ढङ्गले आफ्नो आशङ्का व्यक्त गरेका छन्। यस उपरको विवाद त्यति शत्रुतापूर्ण त छैन तर पनि कहिलेकाहीं यसले उग्ररूप लिने भने गरेको छ। धेरै चरणमा भएका बैठकहरूबाट पनि मतभेद हट्न सकेको छैन। नेपालका माओवादीले अन्तर्राष्ट्रिय मित्रहरूको आपत्तिलाई रचनात्मक आलोचनाका रूपमा लिएको बताएका भए पनि उनीहरूबीच नराम्रो शब्दबाण हानाहान भएका छन्।

नेपाली माओवादी र उनीहरूका विदेशी मित्रहरूका बीचमा सिद्धान्तलाई कसरी व्यवहारमा उतार्ने भन्ने विषयमा मुख्य मतभेद रहँदै आएको छ। नेकपा (माओवादी) ले परम्परागत रणनीति र कार्यनीतिबाट क्रान्ति सफल नहुने निष्कर्ष निकालेको छ। प्रचण्डले नयाँ मन्त्र निकालेका छन् : "क्रान्तिलाई पुनरावृत्ति गर्न सकिँदैन, यसको विकास मात्र गर्न सकिन्छ।"[७०] यसबाट उनीहरूले मार्क्सवाद, लेनिनवाद र माओवादको स्थापित सूत्र त्यागेको कुरा स्पष्ट हुन्छ र वर्तमान नेपालको सन्दर्भ सुहाउँदो नयाँ अवधारणाको विकास गर्ने उनीहरूको प्रयत्नलाई प्रस्ट्याउँछ।

[६८] प्रचण्ड, *महान् अग्रगामी छलाङ*, माथि उल्लेखित, पृ. २४।

[६९] कम्पोसा, प्रेस विज्ञप्ति, २४ सेप्टेम्बर २००१। दक्षिण एसियामा सोभियत शैलीको महासङ्घ स्थापना गर्ने नीति विवादास्पद थियो। भारतको क्षेत्रीय शक्ति बन्ने विस्तारवादी आकाङ्क्षालाई मात्र बल पुर्‍याउने प्रत्युत्पादक नीति भनी अरू कम्युनिस्टहरूले यस नीतिको आलोचना गरेका थिए। एमाले महासचिव माधवकुमार नेपालको अन्तर्वार्ता, *दिशाबोध*, अप्रिल २००१।

[७०] "ऐतिहासिक सम्भावना र ऐतिहासिक चुनौती", *संश्लेषण*, अक्टोबर २००६।

माओवादीका धेरैजसो अन्तर्राष्ट्रिय मित्रहरूले यसलाई संशोधनवादका रूपमा हेरेका छन् जो कम्युनिस्टहरूले लगाउने कठोर आरोप हो।[७१] नेकपा (माओवादी) ले आफूसँग सरसल्लाह नगरीकन कार्यनीति फेरेको र रणनीति तथा कार्यनीतिको भ्रमात्मक मिश्रण गरेको गुनासो भारतीय माओवादी नेताहरूको छ।[७२] तर नेपाली माओवादीहरूका दृष्टिमा विदेशी कमरेडहरू जडसूत्रवादी हुन् र उनीहरूले नेपालको वास्तविकता बुझेका छैनन्। नेकपा (माओवादी) का एक जना नेताले भनेका छन्, "हामी प्रतिरोधात्मक चरणमा पुगिसकेका छौं, हाम्रा भारतीय मित्रहरू अहिले पनि रक्षात्मक चरणमै छन्, उनीहरूले हाम्रा चुनौती बुझ्न सक्ने कुरै आएन।"[७३]

नेकपा (माओवादी) ले मे २००३ मा "एक्काइसौं शताब्दीको प्रजातन्त्रको विकास" गर्ने नीति अवलम्बन गरेपछि रिमसँग नीतिगत मतभेद सुरु भएको हो।[७४] माओवादीको मुख्य मतभेदचाहिँ रिममा पहिलेदेखि प्रभुत्व जमाउँदै आएको अमेरिकी क्रान्तिकारी कम्युनिस्ट पार्टीसँग रहेको छ। तर भारतीय माओवादी, खासगरी भा.क.पा. (माओवादी) सँगको मतभेद र विवाद भने बढी महत्त्वको छ। भौगोलिक सामीप्य र दशकौं पुरानो दोहोरो सम्बन्धले गर्दा पनि यो बढी महत्त्वपूर्ण हुन गएको हो। भारतीय माओवादीहरूले नेपाली माओवादीको अहंकार तथा प्रचण्डपथको विकास र यसलाई झन्डैझन्डै मौलिक सिद्धान्तका रूपमा गरिएको प्रचारप्रसारलाई लगाम लगाउने काम गरेका छन्। भा.क.पा. (माओवादी) का महासचिव गणपतिले भनेका छन्, "नेपालको जनयुद्धले प्राप्त गरेका केही उपलब्धिहरूलाई केही हदसम्म अति सामान्यीकरण गर्ने गरिएको हामीले पाएका छौं। अत्यन्तै पिछडिएको देशको क्रान्तिका विशेषतालाई संसारभर लागू हुन्छ भन्नु यस्तै सामान्यीकरणमध्ये पर्छ।"[७५]

भारतीय कम्युनिस्ट पार्टी (माओवादी) मात्रै त्यस्तो एकमात्र भ्रातृ पार्टी हो जसले नेकपा (माओवादी) को नयाँ लाइनको खुला रूपमा लगातार आलोचना गरेको छ। (नेपाली र भारतीय माओवादीको सम्बन्धमा जहिले पनि खटपट चल्दै आएको छ।

[७१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, काठमाडौं, नोभेम्बर २००६।

[७२] भा.क.पा. (माओवादी) का महासचिव गणपतिले नेकपा (माओवादी) का एक जना कार्यकर्तासँग यसो भनेका थिए : "तपाईंको पार्टीले दृढताका साथ कार्यनीति अपनाएको कुरा राम्रो हो। तर केही परिस्थितिको बढी सामान्यीकरण गरेबाट समस्या देखिन्छ। कहिलेकाहीं परिस्थितिको गलत मूल्याङ्कन जस्तै, भारत, चीन र अमेरिकाबीचको अन्तरविरोध चर्किएको छ भन्ने आधारमा बनाइएको कार्यनीतिको समस्या पनि छ।" "दक्षिण एसिया विश्व क्रान्तिको केन्द्र बन्दै गएको छ", भारतीय कम्युनिस्ट पार्टी (माओवादी) महासचिव गणपतिसित नेकपा (माओवादी) का कार्यकर्ताले सन् २००६ को मध्यतिर लिएको अन्तर्वार्ता। यो क्राइसिस ग्रुपलाई इमेलमार्फत प्राप्त भएको थियो।

[७३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, काठमाडौं, नोभेम्बर २००६।

[७४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, काठमाडौं, नोभेम्बर २००६।

[७५] "दक्षिण एसिया विश्व क्रान्तिको केन्द्र बन्दै गएको छ", माथि उल्लेखित।

उनीहरूबीच धेरै नीतिगत मतभेद छन्)।[७६] नेपाली माओवादीले सरकारसँग बृहत् शान्ति सम्झौता गरेपछि भा.क.पा. (माओवादी) का प्रवक्ता कमरेड आजादले यस्तो प्रतिक्रिया दिएका थिए : "हामी नेकपा (माओवादी) लाई उनीहरूको हालको कार्यनीतिमा पुनरावलोकन गर्न अपिल गर्दछौं, जुन कार्यनीतिले गर्दा नेपाली क्रान्तिको रणनीतिक दिशा नै बदलिएको छ।"[७७] उनले नेपाली माओवादी "सत्ताधारी वर्ग र उनीहरूका साम्राज्यवादी/विस्तारवादी मालिकको" धरापमा फस्न सक्ने अथवा "ग्रीस, इन्डोनेसिया, चिले र अरू धेरै देशमा जस्तै अचानक हुने कू र कम्युनिस्ट आमहत्या" को खतरामा पर्न सक्ने चेतावनी दिएका थिए।[७८]

## ग) मित्रहरूको आपत्ति

भारतीय माओवादीका आपत्ति मूल रूपमा रणनीति र कार्यनीति दुवै विषय उपर छन् (यद्यपि नेपाली माओवादीले रणनीति र कार्यनीति मिसाएको गुनासो भारतीय माओवादीहरूले पहिल्यैदेखि गर्दै आएका थिए)।

### १. रणनीतिबारे

**बृहत् शान्ति सम्झौता।** नेकपा (माओवादी) ले बृहत् शान्ति सम्झौतामार्फत युद्धको अन्त्य गरेको घोषणा भारतीय माओवादीलाई पचाउन साह्रै गाह्रो भएको कुरा हो। भा.क.पा. (माओवादी) ले यस्तो गुनासो गरेको छ : "नेपालको अन्तरिम सरकारको हिस्सा हुन माओवादीले गरेको सम्झौताले सत्ताधारी, शोषक वर्ग र साम्राज्य-वादीको सेवा गर्ने राज्य संयन्त्रको प्रतिक्रियावादी स्वरूपलाई बदल्न सक्दैन।"[७९]

**संविधानसभा।** भा.क.पा. (माओवादी) ले संविधानसभाको एजेन्डा कार्यनीतिको प्रचारबाजीका लागि मात्र उपयुक्त छ, गम्भीर कार्यान्वयनका लागि होइन भन्ने ठानेको छ। नेकपा (माओवादी) ले सात दलको गठबन्धनसँग १२ बुँदे सम्झौता गरेकामा भारतीय कम्युनिस्ट पार्टी (माओवादी) ले सार्वजनिक रूपमै विरोध गरेको छ।[८०] भा.क.पा. (माओवादी) ले संविधानसभा र बहुदलीय व्यवस्थालाई स्वीकार गर्नाले नेकपा (माओवादी) संसदीय राजनीतितिर लोभिन्छ र यो अर्को एमाले हुन्छ भनी चेतावनी दिएको छ। उनीहरूका विचारमा "संविधानसभामार्फत नौलो जनवादी क्रान्तिको शान्तिपूर्ण रूपान्तरण हुने सम्भावनाको आशा गर्नु" गलत हो।[८१] प्रवक्ता आजादले चेतावनी दिएका छन् : "माथिबाट सानातिना सुधार गर्न र वञ्चित केही समुदायका मानिसलाई सन्तुष्ट पार्न सकिएला, तर यसबाट जनताका आधारभूत समस्या कहिल्यै समाधान गर्न सकिँदैन किनभने पुरानो सत्तालाई नयाँ छवि प्रदान गर्ने जतिसुकै प्रयास गरे पनि त्यसबाट सामन्तवादलाई ध्वस्त पार्न र साम्राज्यवादलाई नेपालको माटोबाट धपाउन सकिँदैन।"[८२]

**एक्काइसौँ शताब्दीमा प्रजातन्त्रको विकास।** नेकपा (माओवादी) ले सर्वहारा वर्गको अधिनायकवाद त्यागेर एक्काइसौँ शताब्दीमा प्रजातन्त्रको विकास गर्ने नीति अवलम्बन गरेकामा त्यसले कुनै समर्थन पाएन। "नेकपा (माओवादी) ले उठाएको एक्काइसौँ शताब्दीको प्रजातन्त्रको अवधारणामा नयाँ कुरा के छ र यसमा बीसौँ शताब्दीको प्रजातन्त्र (साम्यवाद) मा भन्दा गुणात्मक रूपमा के भिन्नता छ?", आजादले सोधेका थिए।[८३] एक्काइसौँ शताब्दीमा प्रजातन्त्र विकास गर्ने नीति राजनीतिक प्रतिस्पर्धाको अवधारणाबारे अस्पष्ट छ। यस्तो प्रतिस्पर्धा शक्ति हत्याइसकेपछि लागू हुने हो वा क्रान्ति चलेकै बेला हुने हो सो स्पष्ट पारिएको छैन भन्ने आपत्ति पनि भारतीय माओवादीहरूको छ। नेकपा (माओवादी) ले बहुदलीय राजनीति स्वीकार गरेकामा पनि उनीहरूले कडा विरोध गरेका थिए। भा.क.पा. (माओवादी) लोकतान्त्रिक गणतन्त्रको नयाँ चरण र राजनीतिक प्रतिस्पर्धाले धमिल्याएको जनगणतन्त्र दुवैलाई समर्थन गर्दैन।

---

[७६] "सन् १९९१ को आमनिर्वाचनमा भाग लिएर नेपाली माओवादी नेपालको तेस्रो ठूलो संसदीय दल बनेपछि भारतीय माओवादीले उनीहरूमा दक्षिणपन्थी विचलन आएको भनी आलोचना गरेका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, काठमाडौँ, नोभेम्बर २००६। नेपाली माओवादीले जनयुद्ध सुरु गरेपछि भारतका केही कमरेडहरूले उनीहरूको प्रशंसा गरे भने केहीले नेपाली माओवादीले अवस्थाको सही मूल्याङ्कन नगरेको भन्दै विद्रोह असफल हुने चेतावनी दिएका थिए। नेकपा (माओवादी) ले दृढताका साथ आफ्नो तर्क राख्यो र प्रचण्डले भारतीय माओवादीसित आन्दोलनको "भिजन" नभएको भनी आलोचना गरे। "केही समूहहरू गुरिल्ला क्षेत्र, गुरिल्ला क्षेत्र, गुरिल्ला क्षेत्र भनी रटान मात्र लाउँछन्। विगत २५ वर्षदेखि उनीहरू गुरिल्ला क्षेत्रको रटान लगाइरहेका छन्, तर उनीहरूसँग दृष्टिकोण, वास्तविक दृष्टिकोण नै छैन।" Li Onesto, "Red Flag Flying on Roof of the World", माथि उल्लेखित। यसको केही पछि दुवै देशका प्रतिनिधिहरूले एकआपसका मतभेदलाई हटाए। "माओवादी पार्टीहरूबाट नेतृत्व गरिएका दुवै देशका जनता राज्य दमन विरुद्ध साहसिक ढङ्गले लड्दैछन्। उनीहरू वास्तविक मुक्ति र स्वतन्त्रतातर्फ अघि बढिरहेका छन्, जनताको पूर्ण मुक्तिका लागि सच्चा माओवादी क्रान्तिकारी शक्तिहरूले जनताको नेतृत्व गरिरहेका छन्।" CPN(M) and CPI-ML(PW), संयुक्त प्रेस विज्ञप्ति, १४ जुलाई २०००। नेकपा (माओवादी) ले सन् २००१ र २००३ मा शान्तिवार्तामा बस्ने इच्छा व्यक्त गरेपछि नेपाली र भारतीय माओवादीबीच फेरि रडाको सुरु भयो। तर फेरि युद्धमा फर्किएपछि सेप्टेम्बर २००४ मा भारतका दुईओटा कम्युनिस्ट पार्टीहरू सीपीआई-एमएल (पीडब्लु) र एमसीसी (आई) लाई एकीकृत गराएर भारतीय कम्युनिस्ट पार्टी (माओवादी) गठन गर्ने काममा नेपाली माओवादीले मध्यस्थताकर्ता भई काम गरे।

[७७] Azad (CPI (Maoist) spokesman), प्रेस विज्ञप्ति, १३ नोभेम्बर २००६।

[७८] आजादसँग अन्तर्वार्ता, *People's March* (unofficial mouthpiece of CPI (Maoist)), ६ अगस्त २००६, http://peoplesmarch.wordpress.com.

[७९] आजाद, प्रेस विज्ञप्ति, १३ नोभेम्बर २००६।

[८०] ऐ.ऐ.।

[८१] आजादसँग अन्तर्वार्ता, *People's March*, माथि उल्लेखित।

[८२] ऐ.ऐ.।

[८३] ऐ.ऐ.। उनले जवाफ दिएका थिए : "हामीहरू माओवादीले अघि सारेको नयाँ अवधारणा र उनीहरूले दाबी गरेको गुणात्मक छलाङका बारेमा स्पष्ट छैनौँ। यसलाई हामीले बहुदलीय प्रजातन्त्र र राजनीतिक प्रतिस्पर्धाका रूपमा मात्र बुझेका छौँ, जुन तथाकथित सङ्क्रमणकालीन बहुदलीय जनवादी गणतन्त्रका नाममा प्रतिक्रियावादी र संशोधनवादी पार्टीहरूसँग सत्ताका लागि शान्तिपूर्ण प्रतिस्पर्धाबाहेक केही पनि होइन।"

### २. कार्यनीतिबारे

**"जनसत्ता" को खारेजी।** भारतीय माओवादीहरूले नेपालको "जनसरकार" तथा "जनअदालत" लाई मुख्य उपलब्धिका रूपमा लिएका थिए र तिनलाई भङ्ग गर्नाले "अहिलेसम्म प्राप्त भएका क्रान्तिकारी उपलब्धि सदाका लागि गुम्ने प्रक्रिया" तर्फ लागिने डर उनीहरूले मानेका छन्।[८४]

**जनसेनालाई शिविरमा राख्ने कुरा।** भारतीय माओवादीहरूले नेपाली माओवादीलाई "हतियार थन्क्याउँदा प्रतिक्रियावादीले आक्रमण गरेमा जनता निरीह बन्ने हुनाले माओवादी जनसेनाका हतियार थन्क्याउन सरकारसँग गरेको सम्झौता भङ्ग गर्न" अनुरोध गरेको थियो।[८५] उनीहरूले जनसेना र नेपाली सेना मिलाएर राष्ट्रिय सेना बनाउने प्रस्तावको आलोचना गर्दै त्यसलाई "अझ बढी खतरनाक" भनेका छन्। "जनसेनालाई सत्ताधारी वर्गको प्रतिक्रियावादी सेना (अहिलेसम्म राजाको आज्ञाकारी नोकर) सँग मिसाएका खण्डमा शत्रुले प्रतिक्रियावादी सशस्त्र आक्रमण गरेका बेला जनता रक्षाविहीन बन्न पुग्नेछन्।"[८६]

**संयुक्त राष्ट्रलाई भित्र्याउने कुरा।** भारतीय माओवादीहरूले हतियार निरीक्षण र व्यवस्थापनको प्रक्रियामा संयुक्त राष्ट्रको भूमिकाको पनि विरोध गरेका छन्। उनीहरूका भनाइमा संयुक्त राष्ट्र "साम्राज्यवादी विशेषगरी अमेरिकी साम्राज्यवादीको हतियार" हो, तटस्थ सङ्गठन होइन।[८७]

**भारतीय संस्थापनसँगको सम्बन्ध।** नेपाली माओवादीहरू भारत सरकार त्यहाँको र मूलधारको कम्युनिस्ट पार्टी (मार्क्सवादी सी.पी.एम.) सँग नजिकिन चाहेबाट भारतीय माओवादीहरू झनै चिढिएका छन्।[८८] नोभेम्बर २००६ मा आफ्नो पहिलो औपचारिक भारत भ्रमणका क्रममा प्रचण्डले नयाँ दिल्लीका राजनीतिक उच्चवर्गलाई आश्वासन दिएका थिए : "भारत अब प्रतिक्रियावादी राज्य रहेन।" उनले भनेका थिए : "भारतीय माओवादीसँग हाम्रो कार्यगत सम्बन्ध छैन, वैचारिक सम्बन्ध मात्र छ।"[८९] नेपाली माओवादीको कम्युनिस्ट पार्टी (मार्क्सवादी) सँगको बढ्दो सम्बन्ध भारतीय माओवादीहरूलाई पचाउन सबैभन्दा गाह्रो परेको छ। काङ्ग्रेसले नेतृत्व गरेको सरकारलाई समर्थन गर्ने सी.पी.एम.को भारतीय माओवादीसँग लामो समयदेखि शत्रुतापूर्ण सम्बन्ध रहेको छ। अनि भारतीय माओवादीहरू सी.पी.एम.लाई प्रतिक्रियावादी पार्टी मान्छन्।

**नक्सलवादीका लागि मोडेल।** सी.पी.एम.ले नेपाली माओवादी शान्तिपूर्ण सङ्क्रमणको उदाहरण भएको बताउँदै भारतीय माओवादीलाई पनि त्यही बाटो अनुसरण गर्न दिएको सुझाउको अझ तिखो आलोचना भएको छ।[९०] नेपाली माओवादीले पनि भारतीय माओवादीलाई "आफ्नो क्रान्तिकारी रणनीतिको पुनरावलोकन गरेर बहुदलीय व्यवस्थाको अभ्यास गर्न" अनुरोध गरेका छन् र "नेपाली माओवादीको अहिलेको कार्यनीति उनीहरूका लागि उदाहरण बन्न सक्ने" दाबी गरेका छन्।[९१] "तपाईंको बहुदलीय प्रजातन्त्रको लाइन भारतीय माओवादी आन्दोलनको हकमा कतिसम्म लागू होला?" भन्ने प्रश्नको जवाफमा प्रचण्डले भनेका थिए, "यो उनीहरूलाई पनि लागू हुन्छ भन्नेमा म विश्वस्त छु ... उनीहरूले यो कुरा बुझ्नुपर्छ र यही बाटो समात्नुपर्छ।"[९२]

### ३. तनाव वा सम्झौता?

यी मतभेदले गर्दा नेपाल-भारत सिमानाका दुवैतिरका माओवादीबीचको सम्बन्ध चिसिएको छ। अरू मतभेद त छँदैछन्, भा.क.पा. (माओवादी) लाई प्रचण्डले नेकपा (माओवादी) को बाटो पछ्याउन गरेको अनुरोधलाई त्यस पार्टीले "अझ बढी आश्चर्यजनक" ठहऱ्याएको छ[९३] र त्यसप्रति औपचारिक रूपमै विरोध जनाएको छ।[९४] त्यसको एक हप्तापछि नेकपा (माओवादी) ले "सैद्धान्तिक-राजनीतिक" र "कूटनीतिक" अभिव्यक्तिबीचको अन्तर बुझ्न अनुरोध गर्दै विस्तृत छलफलका लागि द्विपक्षीय बैठकको प्रस्ताव गरेको थियो। तर भा.क.पा. (माओवादी) ले अर्को पत्र पठाएर भारतीय कमरेडहरूका बारेमा नेकपा (माओवादी) ले गरेको "नकारात्मक" र "उत्तेजनात्मक" अभिव्यक्तिप्रति सार्वजनिक रूपमा आत्मआलोचना गर्नुपर्ने माग गऱ्यो।[९५]

अगस्त २००६ मा नेपालमा भएको कम्पोसाको चौथो सम्मेलनमा भारतीय र नेपाली माओवादीहरूलाई आफूबीचको मतभेदबारे छलफल गर्ने मौका मिल्यो। भारतीय माओवादीहरूले आफ्ना प्रवक्ता आजादले नेपाली कमरेडहरूसँग सल्लाह नगरीकन दिएको सार्वजनिक अन्तर्वार्ताहरूमा "केही बढी नै बोलेको" स्वीकार गरे।[९६] दुवैथरीलाई अप्ठ्यारो पर्ने सार्वजनिक वाक्युद्ध रोक्ने प्रयासस्वरूप दुवै पार्टीले संयुक्त प्रेस वक्तव्यमार्फत यस्तो

[८४] ऐ.ऐ.।

[८५] आजाद, प्रेस विज्ञप्ति, १३ नोभेम्बर २००६।

[८६] आजादसँग अन्तर्वार्ता, *People's March*, माथि उल्लेखित।

[८७] ऐ.ऐ.।

[८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली माओवादी नेता, काठमाडौं, नोभेम्बर २००६।

[८९] Nilova Roy Chaudhury, "We have no working relation with Indian Maoists", *Hindustan Times*, १८ नोभेम्बर २००६।

[९०] भारतीय कम्युनिस्ट पार्टी (माओवादी) का प्रवक्ता आजादले चेतावनी दिएका थिए "सी.पी.एम.का नेता सीताराम यचुरीले नेपाली माओवादीलाई भारतीय माओवादीका विरुद्ध उचाल्न खोजेका छन्। पश्चिम बङ्गालका माओवादीलाई निर्ममतापूर्वक दमन गर्ने सी.पी.एम.ले नेपालका माओवादीलाई प्रशंसा गरेर पाखण्ड देखाएको छ।" Azad, "Maoists in India, a rejoinder", *Economic and Political Weekly*, १४ अक्टोबर २००६।

[९१] आजाद, प्रेस विज्ञप्ति, १३ नोभेम्बर २००६।

[९२] *The Hindu* सँग अन्तर्वार्ता, माथि उल्लेखित।

[९३] आजाद, प्रेस विज्ञप्ति, १३ नोभेम्बर २००६।

[९४] भारतीय कम्युनिस्ट पार्टी (माओवादी) को अन्तर्राष्ट्रिय विभागले १६ फेब्रुअरी २००६ मा पठाएको पत्रमा यस्तो विरोध जनाइएको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेताहरू, काठमाडौं, नोभेम्बर २००६।

[९५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेताहरू, काठमाडौं, नोभेम्बर २००६।

[९६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कम्पोसाको सम्मेलनमा भाग लिने माओवादी नेता, काठमाडौं, नोभेम्बर २००६।

वचनबद्धता व्यक्त गरेका थिए : “कुनै देशमा अपनाइएका कार्यनीति त्यहींका पार्टीको मात्र सरोकारको विषय हो . . . हामी आपसमा मतभेद रहेका वैचारिक, राजनीतिक र रणनीतिक विषयमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको पूर्ण प्रजातान्त्रिक परम्परालाई कायम राख्दै छलफल निरन्तर राख्नेछौं। यस्ता छलफल द्विपक्षीय र कहिलेकाहीं सार्वजनिक रूपमा पनि हुनेछन्।”[९७]

द्विपक्षीय बैठकमा भारतीय माओवादीहरूले नेकपा (माओवादी) लाई दुईओटा “क्रान्तिकारी विकल्प” सोच्न बारम्बार सल्लाह दिए। सबैभन्दा उपयुक्तचाहिँ उनीहरूले (नेपाली माओवादीहरूले) केन्द्रीय सत्ता कब्जा गर्न जनविद्रोहलाई घनीभूत पार्नु हुनेछ। यस्तो सम्भव नभएमा उनीहरूले आफ्नो आधारक्षेत्रहरूलाई सुदृढ बनाउँदै बिस्तारै विभिन्न इलाकामा कब्जा जमाउँदै काठमाडौं आउनुपर्छ।[९८] नेकपा (माओवादी) ले दुईओटै विकल्प अस्वीकार गऱ्यो।[९९] पहिले संविधानसभाबाट शान्तिपूर्ण परिवर्तन गर्ने विकल्प अपनाउने र त्यो उपाय असफल भएमा मात्र जनआन्दोलनको विकल्प अपनाउने तर्क उनीहरूले दिए। शास्त्रीय जनयुद्धको रणनीति त्यागेर तथा सहरमा जुलुस प्रदर्शन गर्नमा ध्यान दिएर साथै सरकारमा सामेल भएर नेपाली माओवादीले उनीहरूका अन्तर्राष्ट्रिय कमरेडहरूको दृष्टिकोणलाई स्पष्ट रूपमा लत्याइदिएका छन्। उनीहरूबीच तत्कालका लागि झगडा भए पनि भारतीय माओवादीहरू नेपाली माओवादीको संशोधित रणनीति असफल भएको र उनीहरू पुरानै लाइनमा फर्केको हेर्न चाहन्छन्।

[९७] आजाद र सत्य (माओवादी प्रतिनिधिहरू), प्रेस वक्तव्य, ८ अगस्त २००६।
[९८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) सित वार्ता गर्ने माओवादी प्रतिनिधिहरू, काठमाडौं, डिसेम्बर २००६।
[९९] ऐ.ऐ.।

## ४. जनयुद्धको समाप्ति?

माओवादीहरू अनेक यत्न गरेर आफूलाई सरकारको एउटा हिस्सा बनाउन सफल भएका छन्। यसबाट उनीहरूका विरोधीहरूमाझ खलबली मच्चिएको छ। माओवादीहरू सात दलको गठबन्धनलाई हरेक मोर्चामा हराउँदै शक्ति आर्जन गर्ने अवस्थामा पुगेका छन् भन्ने उनीहरूको गुनासो रहिआएको छ। तर माओवादी नेताहरूको दृष्टिबाट हेर्दा भने उनीहरूको स्थिति त्यति शानदार देखिँदैन। माओवादीहरूले निकै कुराहरू छाड्नुपरेको छ। सैन्यबलबाट आफ्नो हात माथि पार्ने जुन आशा उनीहरूले राखेका थिए त्यो अधुरै रहला कि भन्ने चिन्ताले उनीहरूलाई सताइरहेको छ। (आफ्नो उद्देश्य पूरा नहुँदै आफ्नो सैन्यबललाई अस्थायी शिविरभित्र थन्क्याउनुपरेकामा उनीहरूलाई चिन्ता छ)। एमालेदेखि नेपाली काङ्ग्रेस, दरबार र भारतलगायत अन्य विदेशी शक्तिहरू वास्तविक परिवर्तनलाई रोक्ने काम गरिरहेका छन् र उनीहरूलाई सत्तामा पुग्न नदिन प्रपञ्च गरिरहेछन् भन्ने उनीहरूलाई डर छ। त्यसबाहेक, आफ्ना कार्यकर्ताहरूलाई खुसी राख्ने र आफ्ना निर्णयहरू सही छन् भनेर उनीहरूको चित्त बुझाइराख्ने अप्ठेरो काम पनि उनीहरूले गर्नुपरिरहेको छ।

### क) बासलात

#### १. उपलब्धिहरू

सन् १९९६ मा माओवादीहरू एउटा सानो पार्टीका रूपमा थिए। उनीहरूसँग हतियार थिएन। उनीहरूका थोरै मात्र सक्रिय कार्यकर्ताहरू थिए र दुर्गम गाउँहरूमा थोरैतिनो समर्थनका आधार थियो। दसवर्षे सशस्त्र युद्धले उनीहरूलाई एउटा शक्तिशाली राजनीतिक शक्तिका रूपमा रूपान्तरित गरिदियो। उनीहरू अन्य दलहरूको हाराहारीमा उभिन मात्र होइन, नेपालका अरू ठूला र स्थापित दलहरूलाई कहिलेकाहीं ओझेलमा पार्नसमेत समर्थ भए। शान्ति प्रक्रियाको खाकाअन्तर्गत संयुक्त सरकारमा सामेल हुँदाहुँदै पनि उनीहरूले आफ्नो सशस्त्र शक्तिलाई कायमै राखेका छन् र त्यसलाई केही हदसम्म वैधता प्रदान गर्न पनि सकेका छन्। त्यसका साथै सहरी क्षेत्रमा समर्थन जुटाउने बाटो पनि विस्तार गरिरहेका छन्। उनीहरूका मौलिक रणनीतिअनुरूप उनीहरूले अझै जनयुद्धको प्रतिरोधको दोस्रो चरणलाई अघि बढाइरहेका छन् र लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो तत्कालीन लक्ष्य बनाइरहेका छन्।

जनयुद्धको दस वर्ष लामो अभियानबाट माओवादीहरूले थुप्रै उपलब्धिहरू हासिल गरेका छन् :

**पुरानो व्यवस्थाको अन्त्य।** उनीहरूको प्रमुख उपलब्धि भनेको सन् १९९० मा स्थापित व्यवस्था काम नलाग्ने भइसकेको छ भन्ने कुरा सबै राजनीतिक शक्तिहरूलाई मान्न लगाएर नयाँ संविधान र राजनीतिक व्यवस्थाको खाँचोबारे उनीहरूलाई सहमत गराउन सक्नु हो। अहिलेसम्म यो विजय कागतमै सीमित रहेको

छ, तर धेरैजसो ठूला दलहरूले उल्लेखनीय परिवर्तनका लागि गम्भीर प्रतिबद्धता जनाएका छन्।

गणतन्त्रलाई आम जनसमूहको मागका रूपमा स्थापित गराउन, नेपाली जनताको राजनीतिक चेतना बढाउन र पहिला बेवास्ता गरिएका मागहरूप्रति ध्यानाकर्षण गराउन उनीहरूको सशस्त्र आन्दोलन सफल भएको माओवादीहरू विश्वास गर्छन्। यस "प्रगतिशील जागरण" लाई सबभन्दा ठूलो शक्तिका रूपमा उनीहरू देख्छन्। यसलाई उनीहरू एउटा ऐतिहासिक उपलब्धिका रूपमा भन्दा भविष्यमा गरिने जनपरिचालनका निम्ति एउटा आधारका रूपमा हेर्छन्।[१००]

**राजनीतिक र साङ्गठनिक क्षमता।** नेकपा (माओवादी) व्यापक जनाधार भएको सक्रिय र जुझारु सङ्गठन हुन पुगेको छ। यसको राष्ट्रव्यापी पहुँच, सैन्य आधारबाहेक पनि राजनीतिक सङ्कल्प, सङ्गठन क्षमता आदिले गर्दा यसले सम्भवतः अन्य सबै दलहरूलाई ओझेलमा पारेको छ। यो पार्टी परिपक्व र कार्यकर्तामा आधारित युद्ध तथा खुला राजनीति दुवैको अनुभव पाएको राजनीतिक एवम् सैन्यशक्तिका रूपमा विकसित भएको छ। आन्तरिक विवाद हुँदाहुँदै पनि यसको केन्द्रीय समितिले एउटा संशयरहित राजनीतिक विचारधारा अवलम्बन गर्दछ र त्यसलाई संरचनायुक्त सन्जालमार्फत सबैतिर फैल्याउँदछ – केन्द्रीय नेतृत्वदेखि क्षेत्रीय ब्युरो, जिल्ला र इलाका पार्टी सेलसम्मै। एउटा दलका रूपमा यसले वैचारिक स्पष्टता, अनुशासन र समर्पण जस्ता गुणहरू देखाएको छ। यी यस्ता गुणहरू हुन् जसबाट नेकपा (माओवादी) लाई मूलधारको राजनीतिमा प्रतिबद्ध खेलाडी भएको अवस्थामा ठूलो सघाउ पुग्नेछ।

**सशस्त्र बल।** युद्धको सबभन्दा राम्ररी देखिने उपलब्धि निम्छरा छापामारहरूबाट शक्तिशाली जनमुक्ति सेनामा माओवादीहरूको रूपान्तरण थियो। कागतमा देखाइएको यसको शक्ति (सात डिभिजन र बीसभन्दा बढी ब्रिगेडमा रहेका तीस हजारभन्दा बढी सैनिक) अतिशयोक्तिपूर्ण भए तापनि यसले आफूभन्दा धेरै ठूलो राज्यको सेनासँग लड्न सक्ने आफ्नो क्षमताको प्रदर्शन गरिसकेको छ। विस्तृत शान्ति सम्झौताको शर्तअन्तर्गत माओवादीले जनमुक्ति सेनालाई अस्थायी शिविरहरूमा राखेका छन्, तर साङ्गठनिक रूपमा भने तिनीहरू एकबद्ध छन्। संयुक्त राष्ट्रको सुपरीवेक्षण प्रक्रियालाई स्वीकारेर तिनीहरूले एक किसिमको वैधता पनि आर्जन गरेका छन्।

**समानान्तर शासन।** युद्ध चर्किंदै जाँदा माओवादीहरू नेपालका धेरैजसो भागका वास्तविक शासक हुन पुगे। उनीहरूले भौगोलिक इलाकालाई नियन्त्रण गर्ने लक्ष्य लिएका थिएनन् र त्यस्तो उनीहरूले गरेनन् पनि, तथापि देशका धेरैजसो भागमा राज्यको अनुपस्थितिको मज्जैसित फाइदा भने उठाए।[१०१] स्थानीय सरकार बेकम्मा भएको वा भागेको अवस्थाबाट उत्पन्न शून्यतामा उनीहरूले केन्द्रदेखि जिल्ला, गाउँ र वडा तहसम्म समानान्तर "जनसरकार" को निर्माण गरे। उनीहरूको "आधार इलाका" जस्तै ती सरकारहरू व्यवहारमा भन्दा सिद्धान्तमा बढी टिकेका थिए। त्यसैले विस्तृत शान्ति सम्झौताअन्तर्गत ती सरकारहरू विघटन गर्नु उनीहरूका लागि त्यति ठूलो त्याग थिएन। तर तिनले प्रतिनिधित्व गरेका स्थानीय प्रभाव भन्ने त्यस्तो केही चीज थियो जसलाई माओवादीहरू सजिलै छाड्ने पक्षमा थिएनन्। त्यसैले उनीहरूले समानान्तर सरकारको साध्यलाई अन्य उपायद्वारा कायमै राखिछाडे। क्षेत्रीय र जातीय मुक्ति मोर्चा, यङ्ग कम्युनिस्ट लिगका कार्यकर्ताहरू र उनीहरूले सरकारमा प्रवेश गरेपछि खुला राजनीतिबाट मिल्ने लाभ ती उपायहरू हुन्।

मूलधारको राजनीतिमा आउनाले पनि माओवादीहरूलाई फाइदा भएको छ। सात दलसँगको सहकार्यले उनीहरूलाई धपेडीको स्थितिबाट जोगायो। त्यस्तै, सन् २००६ को अप्रिल आन्दोलनपछि खुला राजनीतिमा आउनाले विगतका उपलब्धिहरू सुदृढ पार्न र आफ्नो पहुँच विस्तार गर्न उनीहरूलाई सजिलो भयो। उनीहरूले प्राप्त गरेको नयाँ वैधताबाहेक उनीहरूको पकड कमजोर रहेको सहरी क्षेत्र र मजदुर सङ्गठनहरूमा केही गर्ने झन् राम्रो अवसर पनि उनीहरूलाई मिलेको छ।

आफ्ना पाँच जना क्याबिनेट मन्त्री र ७२ जना विधायकहरूका[१०२] कारणबाट अरू राजनीतिक दलहरूसँगसँगै राज्यसत्तामा पाइला राख्ने ठाउँ पनि उनीहरूले पाएका छन्। हुन त उनीहरूले ठूला मन्त्रालयहरूको जिम्मा पाएनन्, तापनि उनीहरूले आफ्नो प्रभाव विस्तारमा सहायक हुन सक्ने मन्त्रालयहरू छानेर लिएका छन्। सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महरा अहिले सरकारका प्रवक्ता छन्। आफ्नो पार्टीमा पनि उनको त्यही भूमिका रहेको थियो। महराले आफू अन्तर्गतका सरकारी सञ्चारमाध्यमलाई आफ्नो पक्षमा उपयोग गर्न सक्छन्।[१०३] स्थानीय विकासमन्त्री देव गुरुङ विकास

[१००] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, काठमाडौं, नोभेम्बर २००६।

[१०१] माओवादीहरूले आफ्ना तीन किसिमका "आधार इलाका" हरू रहेका घोषणा गरेका थिए (स्थायी, अर्धस्थायी र अस्थायी)। तर वास्तवमा उनीहरूले कहिल्यै पनि स्थायी आधार इलाका बनाउन सकेका थिएनन्। शाही सेनाले माओवादीका उद्गमस्थलमा प्रवेश गरेर त्यो कुरा साबित गरेको थियो। त्यस्तो अवस्थामा माओवादीहरू सेनासँग नभिडी पछि हट्ने गर्थे।

[१०२] ३२९ सदस्यीय अन्तरिम व्यवस्थापिकामा माओवादीहरूको ७३ सिटले उनीहरूलाई एमालेको बराबरी हैसियत दिलाएको छ। उनीहरूले थप दस जना सदस्यहरू मनोनयन गर्न पनि पाए। ती दस स्थानमा आफ्ना पार्टी सदस्य ल्याउनुको साटो पार्टीको "ह्वीप" नलाग्ने समर्थकहरूलाई उनीहरूले ल्याए। हेर्नुहोस्, क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको संवैधानिक प्रक्रिया,* माथि उल्लेखित।

[१०३] राज्यले स्वतन्त्र सञ्चारमाध्यमलाई नियमन गर्नुका साथसाथै समाचारपत्र, रेडियो र टेलिभिजन स्टेसन पनि चलाउँछ। महराले माओवादी प्रवक्ताका रूपमा यस क्षेत्रमा अनुभव हासिल गरेका छन्। अरू थुप्रै माओवादी पत्रकार र प्रचारकहरूको पनि सञ्चार क्षेत्रमा अनुभव छ। मन्त्री महराको प्रेस सल्लाहकारमा क्रान्तिकारी पत्रकार सङ्घका संयोजक र माओवादी मुखपत्र *जनादेश* का पूर्व सम्पादक महेश्वर दाहाल नियुक्त भएका छन्। माओवादी पक्षधर लेखक ऋषिराज बराल नेपाल टेलिभिजनको नयाँ अध्यक्ष बनेका छन्। कार्यभार सम्हाल्नासाथ

योजनाहरू लागू गर्ने र बजेट छुट्याउने गाउँ, सहर र जिल्ला तहका निकायहरूलाई परिचालन गर्छन्। वनमन्त्री मातृका यादवको पकडमा एउटा प्रमुख सार्वजनिक स्रोत छ र उनी हजारौँ सामुदायिक वन उपभोक्ता समूहको महत्वपूर्ण सन्जाललाई निगरानी गर्छन्। हिसिला यमीको हातमा आवास तथा भौतिक योजना मन्त्रालय छ भने खड्गबहादुर विश्वकर्मा गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमा निगरानी गर्छन्। यी दुवै मन्त्रालय प्रभाव आर्जनका दृष्टिले विशिष्ट महत्वका छन्।[१०४]

### २. तर क्रान्ति भने भएन

यतिविधि उपलब्धिहरू भए तापनि माओवादीहरू धेरै कुराहरू छाड्न बाध्य पारिएका छन्। शास्त्रीय साम्यवादी परिप्रेक्ष्यबाट हेर्दा माओवादीहरूले सारभूत उपलब्धिहरू हात नपारीकनै मूलधारको राजनीतिमा हामफालेका छन्।[१०५] आफ्नै शक्तिको भरमा केन्द्रीय सत्ता कब्जा गर्छौं भन्ने सुरुको दाबीबाट माओवादीहरू पछि हटेका छन् र अप्रिल २००६ को जनआन्दोलनपछि राजनीतिक शक्तिहरूमाझ उनीहरूले नेतृत्वदायी स्थान पनि लिन सकेका छैनन्। "आठौँ दल" का रूपमा उनीहरू अन्तरिम व्यवस्थापिका र गैरकम्युनिस्ट प्रधानमन्त्रीले नेतृत्व गरेको सरकारमा धेरै घटकमध्ये एउटा घटक मात्र हुन्। यस्तो सम्झौता गर्न आफ्नो पार्टीलाई बाध्य पारिएको कुरा माओवादी नेताहरू स्वीकार गर्छन्।[१०६]

सर्वदलीय गोलमेच सम्मेलनको अल्पकालीन लक्ष्य वा गणतन्त्रको दीर्घकालीन लक्ष्य हासिल नगरीकनै उनीहरूले युद्ध समाप्त गरे। सरकारमा तुरुन्तै जानुको साटो धेरै महिना अलमलमा खेर फाले र अन्तरिम सरकारमा आफ्नो प्रवेशका शर्तहरू पूरा गराउन पनि उनीहरूले धेरै मोलमोलाई गर्नुपऱ्यो। त्यसैगरी अन्तरिम संविधान उनीहरूका प्रमुख लक्ष्यहरूप्रति मौन छ। यद्यपि यसमा भूमिसुधारको वाचा गरिएको छ, तर पनि यसले सङ्घीयता र सेनाको पुनर्संरचना जस्ता माओवादीका उच्च प्राथमिकताहरूलाई सम्बोधन गरेको छैन।

पहिलेपहिले माओवादी नेताहरू उनीहरूको "नयाँ सत्ता" ले "पुरानो सत्ता" लाई सम्झौतावार्ता गर्न बाध्य पारेको धाक आफ्ना अनुयायीहरूसमक्ष लाउँथे। तर उनीहरूले स्थानीय स्तरमा रहेको आफ्नो स्वतन्त्र प्रभावलाई जतिसुकै कायम राख्न खोजे पनि राज्य स्तरमा भएको सहभागिताले उनीहरूको पहिलेको स्वतन्त्रतालाई बिस्तारै कमजोर तुल्याएको छ। उनीहरूको "जन सरकार" र "जन अदालत" हरू अब समाप्त भएका छन्। भद्दा भए तापनि तत्काल न्याय दिने जनअदालतहरू धेरै जनामाझ निकै लोकप्रिय थिए। त्यसको सट्टा "पुरानो सत्ता" कै कर्मचारीतन्त्र, न्यायपालिका र सुरक्षाबललाई भित्र पसेर सुधार गर्ने प्रयत्नको औचित्यलाई माओवादीहरूले सिद्ध गर्नुपरेको छ।

माओवादीहरूले मूलधारका राजनीतिक दलहरूसँग नोभेम्बर २००५ मा गरेको सम्झौतामा प्रतिबिम्बित माओवादीको मूल योजनाअनुसार उनीहरूको जनमुक्ति सेना र राज्यको सेनाको हैसियत बराबरी हुनुपर्ने र उनीहरूमाथि संयुक्त राष्ट्रको सुपरीवेक्षण समान रूपमा रहनुपर्ने भन्ने थियो। तथापि हतियार व्यवस्थापन प्रक्रिया प्रारम्भिक रूपमा उनीहरूकै सेनामा केन्द्रित रहने कुरालाई उनीहरूले स्वीकार गर्नुपऱ्यो। पहिलेको शाही नेपाली सेना र अहिलेको नेपाली सेनाको धेरैजसो भाग त्यस्तो सुपरीवेक्षणअन्तर्गत परेन।[१०७] त्यसैगरी राज्यको सुरक्षा प्रदान गर्ने नेपाली सेनाको एकाधिकार पनि हटेन। माओवादी मन्त्रीहरूले समेत सेनाकै अङ्गरक्षकहरू राखेका छन्। यो कुरा उनीहरूको बढ्दो आत्मविश्वासको स्वागतयोग्य सङ्केत हो, त्यसका साथै सम्झौताको टेबुलमा माओवादीहरूले देखाएका कमजोरीको परिणाम पनि हो। उनीहरूले आशा गरेअनुरूप सरकारमा उनीहरूले प्रभुत्वशाली पद पनि पाउन सकेनन्। उनीहरूलाई उपप्रधानमन्त्रीको पद दिने गोप्य सम्झौता सात दलको गठबन्धनसँग भएको थियो। तर आखिरमा उनीहरूले तुलनात्मक रूपमा कनिष्ठ मन्त्री पदहरूमै चित्त बुझाउन पऱ्यो, प्रमुख पदहरू भने नेपाली काङ्ग्रेस र एमालेले हात पारे।

सरकारमा उनीहरूको यस्तो किसिमका सहभागिताका केही फाइदा पनि छन्। त्यो हो – केही गरी अन्तरिम प्रशासन अलोकप्रिय भएमा यसको असफलताको दोषबाट माओवादी सजिलै उम्कन सक्नेछन्।

प्रचण्डका अनुसार माओवादीको क्रान्तिले आधा बाटो पार गरेको छ। उनीहरूले झन्डै साठी प्रतिशत लक्ष्य हासिल गरिसकेका छन्। बाँकी चालीस प्रतिशत लक्ष्य निकट भविष्यमा हुने संविधानसभाको निर्वाचनसँगै पूरा हुनेछ।[१०८] तथापि, गणतान्त्रिक व्यवस्थाको स्थापना नभएमा एक दशक लामो हिंसाको सार्थकता प्रमाणित गर्न माओवादीलाई गाह्रो हुनेछ।

## ख) नयाँ मार्गचित्र(हरू)

माओवादीहरूका लागि अहिलेको अन्तरिम समय "पुरानो संयन्त्र" लाई नष्ट गरेर संविधानसभामार्फत संविधान निर्माण प्रक्रियाद्वारा नयाँ राज्य संरचना बनाउने सङ्क्रमणको चरण हो।[१०९] यो सफल भएमा उनीहरूले "शान्तिपूर्ण क्रान्ति" लाई आफ्नो नयाँ रणनीतिको विजयको रूपमा घोषणा गर्नेछन्।[११०] तर यस

महराले रेडियो नेपालको लोकप्रिय समाचारमूलक कार्यक्रम *घटना र विचार* को सम्पादक समूहमा माओवादी समर्थकलाई नियुक्त गरे।

[१०४] सरकारमा माओवादीहरूको व्यवहारबारे तल हेर्नुहोस्।

[१०५] रवीन्द्र श्रेष्ठ, "माओको टोपी प्रचण्डको जुत्ता", *जनआस्था*, १० जुन २००६।

[१०६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, काठमाडौँ, डिसेम्बर २००६।

[१०७] विस्तृत शान्ति सम्झौताले माओवादीको कुल सेना र हतियार जति छ त्यही परिमाणमा मात्र नेपाली सेनालाई सुपरीवेक्षणमा राख्ने कुरा तोकेको छ।

[१०८] प्रचण्डसँग अन्तर्वार्ता, L'espresso, नोभेम्बर २००६, www.espresso.repubblica.it/dettagilo/Prachanda:%20Our%20Revolution%20Won/1431107, republished in www.blog.com.np/united-we-blog/2006/11/10.

[१०९] प्रचण्डसँग अन्तर्वार्ता, L'espresso, माथि उल्लेखित।

[११०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेताहरू, काठमाडौँ, नोभेम्बर २००६।

प्रक्रियाले बाटो बिराएमा उनीहरू जनविद्रोहका रूपमा बढी परम्परागत "क्रान्ति" हाँक्ने प्रयास गर्नेछन्।[१११] एउटा विकल्प पूर्णरूपको विद्रोहमा फर्किनु हो, जुन कुरालाई उनीहरूले जाहेर गरिहालेका छैनन्। त्यसो त युद्धमा फर्कने आफ्नो क्षमता माओवादीले कायमै राखेका छन् र चाहेमा संयुक्त राष्ट्रको सुपरीवेक्षणमा रहेका हतियार पनि उनीहरू सजिलै हत्याउन सक्छन्। तर उनीहरूले पहिले अनुभव गरिसकेको अनुत्पादक सैन्य गतिरोधमा फर्कन चाहने नेताहरू धेरै छैनन्। अधिकांश नेताहरू सरकारमा पयर जमाउँदै खुला राजनीति र अन्य शक्तिसँगको सम्बन्ध सुधारेर रमाउन चाहन्छन्। यससँगै सडक दबाबको हतियारसमेत प्रयोग गर्नेछन्। यस्तो सन्तुलनको परिकल्पना सैद्धान्तिक रूपमा पनि गर्न गाह्रो छ, व्यवहारमा उतार्न त झनै कठिन छ।

अप्रिल आन्दोलनले संविधानसभालाई अलि पछि राखेर तत्कालै लोकतान्त्रिक गणतन्त्रचाहिँ स्थापित गर्ने आशा माओवादीहरूले गरेका थिए। तर पुरानो संसदको पुनःस्थापनाले त्यस योजनालाई रोकिदियो।[११२] यस अर्थमा संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने प्रयास आफैं नै विकल्पका रूपमा रहेको छ। सम्झौता र विद्रोहबीचको तनाव नै सन् २००६ यता नेकपा (माओवादी) का सम्पूर्ण नीतिगत बहसहरूमा मूल मुद्दा बनेको छ। जनआन्दोलनको एक महिनापछि केन्द्रीय समितिले दुईओटा वैकल्पिक कार्यनीतिक योजना अनुमोदन गर्‍यो – शान्तिवार्ता वा विद्रोह। उनीहरूले शान्तिवार्ताका लागि दस सूत्रीय मार्गचित्र बनाए।[११३] त्यसका साथै जनविद्रोहको मोटामोटी योजना पनि तयार पारे। त्यसलाई उनीहरूले लेनिनको भाषामा "अप्रिल थेसिस" नामकरण गरे।[११४] वार्तासम्बन्धी मार्गचित्र त प्रकाशित भयो, थेसिसलाई भने गोप्य राखियो। (यद्यपि त्यो त्यति गोप्य भने रहेन)।

सुरुसुरुमा पहिलो विकल्पले काम गरेको देखियो। संविधानसभाले गणतन्त्रका पक्षमा मत दिनेछ भन्ने आत्मविश्वासका साथ माओवादीहरूले निर्वाचन क्षेत्रहरूमा ध्यान दिन आफ्नो पार्टी सङ्गठनको पुनर्संरचना गरे।[११५] मतदानबाट आफू बलियो शक्तिका रूपमा देखिने उनीहरूको विश्वास छ। मूलधारका राजनीतिक दलहरूका तुलनामा उनीहरू ताजा अनुहार हुन्, उनीहरूसँग लोकप्रिय कार्यसूची छ र स्थापित साङ्गठनिक आधार पनि। प्रचण्डको अनुमानमा उनीहरूले सुस्पष्ट बहुमत हासिल गर्नेछन्।[११६] तर, जून २००६ मा भएको आठबुँदे सम्झौतापछि जब शान्तिवार्ताको गति मत्थर भयो तब केन्द्रीय समितिको अर्को बैठकले वार्ताभन्दा विद्रोहको तयारीलाई प्राथमिकता दिनुपर्ने निचोड निकाल्यो। शान्ति प्रक्रिया फेरि अगाडि बढेपछि नेतृत्वले फेरि अघिल्लो नीति नै अपनाउने निधो गर्‍यो। तर विद्रोहको वैकल्पिक योजना भने जीवितै छ र त्यसका प्रतिबद्ध समर्थकहरू व्यग्र हुँदैछन्।

शान्तिपूर्ण संवैधानिक प्रक्रियाबाट होस् वा विद्रोहबाट, माओवादीहरू अझै पनि एउटा नयाँ नेपाली क्रान्तिकारी मोडेल विकास गर्न प्रतिबद्ध छन् र यो रणनीति आफ्नो विचारधाराअनुरूप रहेको पुष्टि गर्न चाहन्छन्। बीसौं शताब्दीको साम्यवाद पतन भए यता पहिलो साम्यवादी क्रान्ति सम्पन्न गरेको श्रेय लिने र आफ्नो "नयाँ विचारधारा" संसारभरि निर्यात गर्ने आशा उनीहरूले राखेका छन्। राजनीतिक बहुलवादको सम्मान गर्ने आफ्नो प्रतिबद्धता र आफ्नो पार्टीलाई मूलधारको लोकतान्त्रिक विचारअनुरूप ढाल्ने आवश्यकताबीचको भिन्नतालाई उनीहरूले स्पष्टसँग देखेका छन्। अन्य दलहरूसँग निकै सहयोगात्मक सम्बन्ध निर्माण गरे पनि माओवादीहरूले उनीहरूको जस्तो संरचना बनाउने वा कामको तौरतरिका अपनाउनेतर्फ कुनै रुचि देखाएका छैनन्। अन्य पार्टीको कार्यशैलीलाई उनीहरू अझै पनि सामन्ती र बुर्जुवा तौरतरिका भनेर भर्त्सना गर्छन्। आफ्नो रणनीतिलाई जतिसुकै फेरे पनि उनीहरू वैचारिक शुद्धता कायम राख्न चाहन्छन् र आफ्नो राजनीतिक संस्कारलाई अरूसँग मिसाउन चाहँदैनन्।

### ग) चरणबद्ध क्रान्ति

माओवादीहरूको पहिलो उद्देश्य लोकतान्त्रिक गणतन्त्र हो, जसले राज्यको पुनर्संरचना गरेर जनवादी गणतन्त्रतिर अघि बढ्ने बाटो

---

[१११] ऐ.ऐ.।

[११२] माओवादीहरूले यो "केही अन्तर्राष्ट्रिय शक्ति केन्द्रको "ग्र्यान्ड डिजाइन" भएको आरोप लगाएका छन्। राजालाई बचाउन संसदको पुनःस्थापना गरिएको उनीहरूको तर्क थियो। प्रचण्ड, प्रेस वक्तव्य, २५ अप्रिल २००६।

[११३] पूर्ण विवरणका लागि हेर्नुहोस्, क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Peace Agreement*, माथि उल्लेखित, पृ. ६।

[११४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादीका केन्द्रीय नेताहरू, काठमाडौं, नोभेम्बर २००६। "अप्रिल थेसिस" शीर्षकले माओवादीको महत्त्वाकाङ्क्षालाई प्रतिबिम्बित गर्दछ : यसले जानाजान लेनिनको प्रसिद्ध "अप्रिल थेसिस" लाई सम्झाउने काम गरेको छ। लेनिनको यो थेसिस अक्टोबर १९१७ को क्रान्ति हुनुअघि प्रकाशित भएको थियो। (लेनिनको लेख "वर्तमान क्रान्ति सर्वहाराको कार्यभार" शीर्षकमा ७ अप्रिल १९१७ को *प्राभ्दा* मा प्रकाशित भएको थियो। यसलाई www.marxists.org/archive/lenin/works/1917/apr/04.htm. मा हेर्न सकिन्छ।)

[११५] तीनओटा केन्द्रीय "कमान्डहरू" को सङ्ख्यालाई दोब्बर पारियो र पन्ध्रओटा क्षेत्रीय ब्युरोहरू स्थापना गरिए। नयाँ कमान्डहरू हुन् : पूर्वी इन्चार्ज रामबहादुर थापा "बादल", मध्य इन्चार्ज बर्षामान पुन "अनन्त", पश्चिम इन्चार्ज टोपबहादुर रायमाझी, मध्यपश्चिम इन्चार्ज पोष्टबहादुर बोगटी "दिवाकर", सुदूरपश्चिम इन्चार्ज नेत्रविक्रम चन्द "विप्लव" र अन्तर्राष्ट्रिय इन्चार्ज चन्द्रप्रकाश गजुरेल "गौरव"। नयाँ क्षेत्रीय ब्युरोहरू हुन् : मेची इन्चार्ज गोपाल किराँती, कोसीमा राम कार्की, सगरमाथा र जनकपुरमा हरिबोल गजुरेल, मिथिलामा मातृका यादव, काठमाडौं उपत्यकामा हितमान शाक्य, बागमतीमा अग्नि सापकोटा, धवलागिरिमा देवेन्द्र पौडेल, लुम्बिनीमा पम्फा भूसाल, गण्डकीमा हितराज पाण्डे, राप्तीमा हेमन्तप्रकाश ओली, भेरी-कर्णालीमा शक्ति बस्नेत, सेतीमा लेखराज भट्ट, महाकालीमा नारायणप्रसाद शर्मा र भारतमा हरिभक्त कँडेल।

[११६] प्रचण्डको शब्दमा : "जनसङ्ख्याको बहुमतले हामीलाई मतदान गर्नेछ भन्ने मलाई लाग्छ। पचास प्रतिशतभन्दा बढीले हाम्रो पार्टीलाई मत दिनेछन्। हाम्रो अनुमानमा ग्रामीण क्षेत्रमा असी प्रतिशतभन्दा बढी जनताले हाम्रो समर्थन गर्दछन्। सहरी क्षेत्र र तराईमा मिश्रित स्थिति रहेको छ। त्यसैले ती क्षेत्रमा जनताको समर्थन हासिल गर्ने सक्दो प्रयास गरिरहेका छौं। जेहोस्, मेरो विचारमा मुलुकको पचास प्रतिशतभन्दा बढी जनताले हाम्रो पार्टीको समर्थन गर्नेछन्। समग्रमा लोकतान्त्रिक, गणतान्त्रिक, आमूल परिवर्तनकारी तथा वाम शक्तिहरूले ७५ प्रतिशतभन्दा बढी मत प्राप्त गर्नेछन्।" प्रचण्डसँगको अन्तर्वार्ता, *L'espresso*, माथि उल्लेखित।

खोल्छ। गणतन्त्रको स्थापना भएमा उनीहरू राज्यको सेना र जनमुक्ति सेनालाई मिलाएर नयाँ राष्ट्रिय सेना बनाउने र सङ्घीयता लागू गर्ने कामतिर केन्द्रित हुनेछन्। (यी उद्देश्यमध्ये केहीबाट अन्तरिम संविधान प्रभावित भएको छ। व्यवहारमा राजतन्त्र निलम्बित भएको छ र नेपाललाई एकात्मक राज्यका रूपमा परिभाषित गरिएको छैन।) लोकतान्त्रिक गणतन्त्रको संरचनाले उनीहरूलाई आफ्नो शक्तिशाली स्थान सुरक्षित गर्न सहयोग पुऱ्याउनेछ भन्ने कुरामा माओवादी नेताहरू विश्वस्त छन्।[११७] राष्ट्रप्रमुखको पद आफूले वा आफ्नो सहयोगी दलले पाउनेमा उनीहरू विश्वास गर्छन्। वर्ग, जाति, क्षेत्र र लिङ्गमा आधारित मुद्दाहरूलाई सम्बोधन गर्न उनीहरू भएभरको शक्ति लगाउनेछन्। लामो समयदेखि आफूले प्रस्ताव गर्दै आएको विचारअनुरूप सङ्घीय राज्य प्रणाली लागू गर्न सक्छन्[११८] र सुधारिएको राष्ट्रिय सेनालाई कि त उनीहरूप्रति बफादार हुने वा उनीहरूका लागि चुनौतीका रूपमा नरहने खालको बनाउन सक्छन्।[११९]

माओवादीहरूको विश्लेषणअनुसार त्यस्तो किसिमको स्थितिमा उनीहरू बहुदलीय प्रणालीअन्तर्गत प्रभावशाली स्थानमा रहनेछन्।[१२०] त्यसपछि उनीहरू माओको "नयाँ जनवाद" को नेपाली संस्करणका रूपमा जनवादी गणतन्त्र स्थापना गर्ने प्रयत्न गर्न सक्छन्। त्यस्तो प्रयत्न संविधान संशोधन वा अन्य शान्तिपूर्ण उपायद्वारा गर्ने उनीहरूको सुर छ, तर यस क्रममा केही भिडन्त हुन सक्ने उनीहरू आशङ्का गर्छन्।[१२१] त्यस प्रणालीअन्तर्गत राजनीतिक प्रतिस्पर्धा अलि सङ्कुचित हुनेछ (माथि हेर्नुहोस्)। त्यसपछि माओवादीहरू "सामन्ती उत्पादन प्रणाली" लाई आफ्नै किसिमको "पुँजीवादी उत्पादन प्रणाली" द्वारा विस्थापित गर्ने लक्ष्य लिनेछन्।[१२२] त्यसअनुरूप ठूला जमिनदारको जमिनलाई भूमिहीन जनतामा बाँडिनेछ र "दलाल तथा नोकरशाही पुँजीपति वर्ग" को स्वामित्वमा रहेका उद्योगहरूलाई राष्ट्रियकरण गरिनेछ।[१२३]

"एक्काइसौँ शताब्दीमा प्रजातन्त्रको विकास" योजनाअन्तर्गत पार्टी नेतृत्वको एउटा भाग सरकारमा गएर राज्यको काममा "नियन्त्रण, अनुगमन तथा हस्तक्षेप" गर्नेछ भने अन्य भागहरूले पार्टी सञ्चालनको जिम्मेवारी वहन गर्नेछन्।[१२४] सरकारमा जाने नेतृत्व समूहहरू आवधिक रूपमा फेरिइरहनेछन्। तर प्रचण्ड, बाबुराम भट्टराई, रामबहादुर थापा (बादल) तथा मोहन वैद्य (किरण) लगायतका केन्द्रीय नेतृत्वपङ्क्तिले भने सरकारबाट अलग्ग रही सरकारमा जाने तल्ला तहको नेतृत्वलाई निर्देशन दिने तथा उसका कामको मूल्याङ्कन गर्नेछ।[१२५] तथापि प्रचण्डले आवश्यकता पऱ्यो भने आफैँ वा अरू वरिष्ठ नेताहरूसमेत पनि सरकारमा जान सक्ने सम्भावनालाई किटानका साथ इन्कार गरेका छैनन्।

अरू पार्टीले झैँ माओवादीहरूले पनि "नयाँ नेपाल" को वाचा गरेका छन्। प्रचण्डका शब्दमा, "सरकार राम्रो भएमा हामी दक्षिण एसियाका धनी देशहरूमध्ये एक हुन सक्छौँ। त्यसका लागि हामीलाई यातायात, उच्च प्रविधि, वैज्ञानिक परियोजनाहरू तथा भौतिक पूर्वाधारहरूको खाँचो पर्छ र चाहिन्छ अदम्य आत्मविश्वास। दस वर्षको अवधिमा हामी यस देशको मुहार फेर्नेछौँ, पुनर्निर्माण गरेर देशलाई समृद्ध तुल्याउँछौँ। बीस वर्षमा त हामी स्वीट्जरल्यान्डको बराबरीमा पुग्न सक्नेछौँ।"[१२६] माओवादीहरूले आफ्नो विकास योजनाका प्राथमिकता निम्नानुसार छुट्याएका छन् : क) पूर्व-पश्चिम रेलमार्ग तथा पहाडी क्षेत्र हुँदै जाने नयाँ पूर्व-पश्चिम राजमार्ग निर्माण र हालका राजमार्गलाई जोड्ने उत्तर-दक्षिण सहायक मार्गहरू बनाएर यातायातमा व्यापक सुधार गर्ने; ख) साना जलविद्युत् योजना तथा "साम्राज्यवाद विरोधी विदेशी लगानीमा" ठूला खाले योजनाको विकास गरी विद्युत् उत्पादनमा वृद्धि गर्ने; ग) राज्य नियन्त्रित निःशुल्क शिक्षाको व्यवस्था गरी प्राइभेट शिक्षाको अन्त्य गर्ने तथा निःशुल्क औषधोपचारको व्यवस्था गर्ने।[१२७] माओवादी नेताहरूको के भनाइ छ भने उनीहरू मिश्रित अर्थव्यवस्थामा विश्वास गर्छन् र निश्चित शर्तहरूमा विदेशी लगानीलाई पनि निम्त्याउनेछन्।[१२८]

## घ) आमूल क्रान्तिकारी वाम नेताहरू?

सैद्धान्तिक मतभेद भए तापनि नेपालका माओवादीहरू अन्तर्राष्ट्रिय भाइचारा शक्तिहरूबाट आफूलाई अलग राख्न चाहदैनन्। बरु उनीहरू संसारभरिका आमूल परिवर्तनकारी विचार भएका शक्तिहरूलाई नेतृत्व गर्ने महत्त्वाकाङ्क्षी लक्ष्य लिएर अगाडि बढन

[११७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, माओवादी नेताहरू, काठमाडौँ, नोभेम्बर २००६।

[११८] बादलसँग अन्तर्वार्ता, *प्रत्याक्रमण*, सेप्टेम्बर २००६। माओवादीहरूले प्रस्ताव गरेको लोकतान्त्रिक गणतन्त्रमा परिभाषित गर्नुपर्ने विषयहरूमध्ये सङ्घीयता एउटा विषय भएको छ। मधेसमा उठेको माओवादी विरोधी हिंसाले जनजातीय विषयलाई राजनीतिक स्वार्थका निम्ति उठाउनु प्रत्युत्पादक पनि हुन सक्छ भन्नेतर्फ चिन्ता बढाएको छ। तैपनि माओवादी नेताहरूले जातीय आधारमा कोरेका सङ्घीय एकाइका योजनाहरू परित्याग गरेका छैनन्। साथै, उनीहरू अझै पहिचानको राजनीतिभित्रको शक्तिशाली क्षेत्रमा कब्जा र नियन्त्रण दुवै गर्न सक्ने आशा गर्छन्।

[११९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनमुक्ति सेनाको डिभिजन कमान्डर, डिसेम्बर २००६।

[१२०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी केन्द्रीय समिति सदस्य, काठमाडौँ, डिसेम्बर २००६।

[१२१] प्रचण्ड, "नयाँ नेपालको रूपरेखा", *नव चेतना*, नोभेम्बर २००६।

[१२२] ऐ.ऐ.।

[१२३] माथि उल्लेखित। "दलाल" शब्द माओको विश्लेषणमा प्रयोग गरिए जस्तै प्रयोग गरिएको र त्यसैलाई अनुसरण गरेर माओवादीका पाठहरूमा यस शब्दले घरेलु दलाल वा राष्ट्रिय अर्थतन्त्रलाई अधीनमा राख्न प्रोत्साहित गर्ने वैदेशिक पुँजी र सरकारको साझेदार वा वारेस भई काम गर्नेलाई बुझाउँछ।

[१२४] "एक्काइसौँ शताब्दीमा लोकतन्त्रको इतिहास र विकासका अनुभवहरूबारे", माथि उल्लेखित।

[१२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, माओवादी नेताहरू, काठमाडौँ, नोभेम्बर-डिसेम्बर २००६।

[१२६] प्रचण्डसँग अन्तर्वार्ता, *L'espresso*, माथि उल्लेखित।

[१२७] प्रचण्ड, "नयाँ नेपालको रूपरेखा", माथि उल्लेखित।

[१२८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, माओवादी नेताहरू, काठमाडौँ, नोभेम्बर २००६।

चाहन्छन्। उनीहरूले सुरुदेखि त्यस लक्ष्यलाई स्पष्ट गरेका छन् : "नेपाली क्रान्ति विश्व सर्वहारा क्रान्तिको एक अभिन्न अङ्ग हो। यसले विश्व क्रान्तिलाई नै टेवा पुऱ्याउनेछ। यसै सन्दर्भमा हाम्रो पार्टी "रिम" लाई अझै अघि बढाउने जिम्मेवारी महसुस गर्दछ ... "नयाँ अन्तर्राष्ट्रिय" को निर्माणमा पनि योगदान गर्न चाहन्छ।"[१२९] यो उनीहरूले नत्यागेको एउटा लक्ष्य हो। माओवादी नेताहरू अहिले नेपालबाट "चौथो अन्तर्राष्ट्रिय" स्थापना गर्ने कुरा गर्दछन्।[१३०]

क्रान्तिकारी पार्टीहरूमाथि आफ्नो वर्चस्व कायम गर्ने अभीष्टका लागि उनीहरूका दुईओटा विकल्प छन्। पहिलो हो "रिम" को नेतृत्व लिनु।[१३१] उनीहरूको के तर्क छ भने रिमको नेतृत्व "तेस्रो विश्व" बाट हुनुपर्छ, धेरै कार्यकर्ता, समर्थक र प्रभावशाली सङ्गठन नभएका तर सशस्त्र सङ्घर्षको नेतृत्व गरिरहेकाहरूलाई निर्देशन गर्ने पश्चिमी बुद्धिजीवीहरूबाट होइन।[१३२] उनीहरू खासगरी अमेरिकी क्रान्तिकारी कम्युनिस्ट पार्टी (आरसीपी) सँग दिक्क छन्। आरसीपीले आफ्ना अध्यक्ष बब अभाकेनलाई माओको उत्तराधिकारीका रूपमा प्रस्तुत गर्ने गरेको छ र अभकिनको वास्तविक क्रान्तिबारे कुनै अनुभव छैन। नेपाली माओवादीहरू रिम दक्षिण एसियामा आधारित हुनुपर्दछ साथै यसको नेतृत्व गर्ने अधिकार प्रचण्डले आर्जन गरेका छन् भनी ठान्छन्।[१३३]

यस तर्कबाट पनि रिमका सदस्यहरूलाई जित्न नसकेमा नेकपा (माओवादी) ले एउटा नयाँ अन्तर्राष्ट्रिय सङ्गठन स्थापना गर्न पनि सक्छन् भन्ने देखिन्छ।[१३४] यसै लक्ष्यबाट अभिप्रेरित भएर माओवादीले डिसेम्बर २००६ मा "एक्काइसौँ शताब्दीमा साम्राज्यवाद तथा सर्वहारावादी क्रान्ति" विषयक एउटा पाँचदिने अन्तर्राष्ट्रिय सेमिनार गऱ्यो।[१३५] नेपाली जनयुद्धको दसौँ वार्षिकोत्सव मनाउने सिलसिलामा गरिएको यस सेमिनारमा चौधओटा माओवादी पार्टीका झन्डै चालीस जना प्रतिनिधिको सहभागिता थियो। त्यस दृष्टिले यो सेमिनार सन् १९८४ मा रिम स्थापना भएदेखिको सबभन्दा ठूलो सेमिनार थियो।[१३६] नेपाली तथा भारतीय माओवादीहरूले दुईओटा अवधारणापत्र प्रस्तुत गरेका थिए र नेपाली माओवादीहरूले आफूलाई अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको नेताका रूपमा प्रस्तुत गर्ने कोसिस पनि गरेका थिए।[१३७]

डिसेम्बर २००६ मा नेपाली माओवादीहरूले सातओटा सदस्य पार्टीहरूको सहभागिता रहेको "रिम" को छैटौँ दक्षिण एसियाली क्षेत्रीय सम्मेलनको पनि आयोजना गरेका थिए।[१३८] अन्य पार्टीले नेकपा माओवादीका "क्रान्तिकारी अनुभव" का बारेमा आफ्ना फरक मत प्रकट गरे। तथापि आफ्ना सैद्धान्तिक सङ्घर्षलाई जारी राख्दै नेपाली माओवादी आन्दोलनलाई सहयोग गर्न दक्षिण एसियामा "नेपाल अभियान" चलाउन उनीहरू सहमत भए।[१३९] एउटा खट्किने कुराचाहिँ के थियो भने "रिम" को सदस्य नभएको हुनाले भाकपा माओवादीको उक्त सेमिनारमा सहभागिता थिएन।[१४०] "कम्पोसा" एउटा क्षेत्रीय समूह मात्र भए तापनि नेपाली माओवादीका लागि विश्वव्यापी "रिम" भन्दा यसले बढी महत्त्व राख्दछ। किनभने "कम्पोसा" मा भाकपा माओवादी पनि सम्मिलित छ। भाकपा माओवादीलगायत सम्पूर्ण दक्षिण एसियाका माओवादी पार्टीको सहयोग तथा समर्थन पाएमा मात्र उनीहरू एउटा प्रभावशाली अन्तर्राष्ट्रिय सन्जाल निर्माण गर्न सफल हुनेछन्। तर यी कुनै पनि कठिनाइले माओवादीको महत्त्वाकाङ्क्षालाई हल्लाउन सकेका छैनन्। प्रचण्डले त केसम्म घोषणा गरेका छन् भने "नेपाल दक्षिण एसियाको एउटा सानो देश भए पनि हाम्रो क्रान्तिले संसारभरि नै प्रभाव पार्नेछ भन्ने हामी ठान्छौँ।"[१४१]

---

[१२९] "जनयुद्धको ऐतिहासिक पहलका निम्ति सैद्धान्तिक प्रस्तावनाहरू", माथि उल्लेखित।

[१३०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, माओवादी नेताहरू, काठमाडौँ, जनवरी २००७। "पहिलो अन्तर्राष्ट्रिय" ले रुसी क्रान्तिपूर्व कम्युनिस्ट पार्टीलाई सङ्गठित गऱ्यो। दोस्रो र तेस्रो अन्तर्राष्ट्रियको स्थापना क्रमशः लेनिन र स्टालिनले गरेका थिए। त्यसपछि यस्तो मञ्चको स्थापना अहिलेसम्म भएको छैन।

[१३१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी अन्तर्राष्ट्रिय कमान्ड स्रोत, काठमाडौँ, नोभेम्बर २००६। "अन्तर्राष्ट्रिय कमान्ड" नेकपा (माओवादी) को विदेश मामिला र अन्तर्राष्ट्रिय सम्बन्ध हेर्ने विभाग हो, तल हेर्नुहोस्।

[१३२] ऐ.ऐ.।

[१३३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेताहरू, काठमाडौँ, नोभेम्बर २००६।

[१३४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी अन्तर्राष्ट्रिय कमान्ड स्रोत, काठमाडौँ, २००६।

[१३५] उक्त सेमिनार नेपालमै तर ठाउँ नखुलाइएको कुनै ठाउँमा सन् २००६ को डिसेम्बर २६ देखि ३० सम्म भएको थियो।

[१३६] सहभागी पार्टीहरू : अफगानिस्तान कम्युनिस्ट पार्टी, भुटान कम्युनिस्ट पार्टी (मालेमा), भारतीय कम्युनिस्ट पार्टी (माओवादी), भारतीय कम्युनिस्ट पार्टी (मालेमा), भारतीय कम्युनिस्ट पार्टी (माले-नक्सलबाडी), कम्युनिस्ट पार्टी अफ इरान (मालेमा), नेकपा माओवादी, कम्युनिस्ट पार्टी अफ फिलिपिन्स, माओवादी कम्युनिस्ट पार्टी-इटाली, माओवादी कम्युनिस्ट पार्टी (टर्की र उत्तरी कुर्दिस्तान), प्रोलेटेरियन पार्टी अफ इस्ट बङ्गाल (सीसी) र प्रोलेटेरियन पार्टी अफ इस्ट बङ्गाल (माओइस्ट युनिटी ग्रुप)। यसैगरी रेभोल्युसनरी कम्युनिस्ट पार्टी अफ यु.एस.ए. र वर्कर्स पार्टी अफ इरान पर्यवेक्षकका रूपमा सहभागी थिए। हेर्नुहोस् "एक्काइसौँ शताब्दीमा साम्राज्यवाद तथा सर्वहारावादी क्रान्ति विषयक अन्तर्राष्ट्रिय सेमिनारको प्रेस विज्ञप्ति", ए वर्ल्ड टु विन न्युज सर्भिस, १९ फेब्रुअरी २००७।

[१३७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी अन्तर्राष्ट्रिय कमान्ड स्रोत, काठमाडौँ, जनवरी २००७।

[१३८] सहभागी पार्टीहरू : नेकपा (माओवादी), भाकपा (मालेमा), भाकपा (माले-नक्सलबाडी), अफगानिस्तान कम्युनिस्ट पार्टी (माओवादी), भुटान कम्युनिस्ट पार्टी (मालेमा), बाङ्लादेशेर साम्योवादी दल (माले), पूर्वी बङ्गलार सर्वहारा पार्टी (सीसी)। दीपक सापकोटा, "चौथो इन्टरन्यासनलका लागि पहल" *मूल्याङ्कन*, फेब्रुअरी २००७। बाङ्लादेशका दुई माओवादी नेताहरू काँकरभिट्टाबाट सीमा पार गरेर गोप्य रूपमा नेपाल भित्रिएका थिए। "प्रचण्डको सुरक्षार्थ विशेष दस्ता" *जनआस्था*, २७ डिसेम्बर २००६।

[१३९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, काठमाडौँ, डिसेम्बर २००६।

[१४०] भाकपा (माओवादी) को एउटा संस्थापक पार्टी एमसीसी (आई) रिमको सदस्य थियो भने अर्को घटक भाकपा-माले (पीडब्लु) चाहिँ थिएन। भाकपा (माओवादी) हाल रिममा पर्यवेक्षक मात्र छ र पूर्ण सदस्यताका लागि त्यस पार्टीले निवेदन दिएको छ।

[१४१] प्रचण्डसँग अन्तर्वार्ता, L'espresso, माथि उल्लेखित। उहाँले अन्यत्र बताउनुभएको छ : "यदि नेपालमा हाम्रो क्रान्ति सफल भयो भने यसको सीधै प्रभाव भारतका एक अरब मानिसमा पर्नेछ। यसले चीनलाई समेत प्रभाव पार्नेछ। यसरी दुई साढे दुई अरब मानिसलाई समेटनु भनेको पूरै संसारलाई समेटनु हो।" प्रचण्डसँग अन्तर्वार्ता, *दि काठमाण्डु पोष्ट*, ७ फेब्रुअरी २००६।

## ५. सहयोग, प्रतिस्पर्धा र चुनौती

रणनीतिसम्बन्धी माओवादी दस्तावेजहरूमा नयाँ परिस्थितिसँग सामञ्जस्य ल्याउने प्रयास गरिएको पाइन्छ, तापनि नेकपा (माओवादी) का नेताहरूचाहिँ नगरी नहुने काम र परस्पर विरोधी कार्यनीतिबीचको सन्तुलन मिलाउनुपर्ने अप्ठेरो स्थितिमा फँसेका छन्। उनीहरूको उपल्लो नीति सहयोगात्मक छ : आठ पार्टी सम्मिलित अन्तरिम सरकारको समग्र एकतालाई कायम राख्ने र वामपन्थी गणतन्त्रवादी शक्तिहरूको शक्तिशाली गठबन्धन बनाउने। उनीहरूले आफ्नै आन्दोलनभित्र अनुशासन तथा एकता बनाइराख्नुपरेको छ र आफ्ना घरेलु एवम् विदेशी सम्बन्धहरूको पुनर्संरचनालाई व्यवस्थित पनि पार्नुपरेको छ। शान्ति प्रक्रियाले थप भिडन्त जन्माउनेछ भन्ने उनीहरूको निजी तथा बढ्दो सार्वजनिक मूल्याङ्कन रहेको छ। त्यस्तो भिडन्तलाई झेल्न उनीहरू तयारी पनि गरिरहेछन्।

### क) स्वीकारयोग्य बन्ने प्रयास

माओवादीहरू तीन क्षेत्रहरूमा बिस्तारै संस्थापन पक्षका अङ्ग बन्दैछन् :

**संसदमा।** अन्तरिम विधायिकामा माओवादी सदस्यहरूले काइदा-कानुनअनुसार चल्न सिकेका सङ्केत देखाउँदैछन् तर सबै काइदा-कानुनको पालना गर्न भने तयार भइसकेका देखिन्नन्। उनीहरूले विभिन्न छलफलमा रचनात्मक भूमिका निर्वाह गरेका थिए र राज्यको सङ्घात्मक स्वरूप तथा निर्वाचन प्रणालीमा सुधारका लागि अन्तरिम संविधान संशोधनको समर्थन गरेका थिए।[१४२] संसदमा माओवादी विधायकहरूको हाजिरी रेकर्ड राम्रो छ र केही विधायकहरू अन्तर्दलीय समितिमा पनि मनोनित गरिएका छन्।[१४३] बैठक स्थगित गर्ने वा अति नाटकीय ढङ्गले विरोध गरेर सभा चालू राख्न नदिने जस्ता संसदीय कौशलहरू उनीहरूले छिटै सिके।[१४४] संसदमा कसरी व्यवहार गर्नुपर्छ भन्नेबारे तालिमसमेत लिइरहेको उनीहरूले खुलासा गरेका छन्।[१४५] तथापि विधायिकामा भाग लिनु र प्रजातन्त्रको सिद्धान्तलाई अँगाल्नु एउटै कुरा होइन। एक जना माओवादी विधायक बन्दुक लिएर संसदमा पसेको र उनले विपक्षीलाई धम्क्याएको घटनालाई न्यूनतम संसदीय मापदण्डको उल्लङ्घनका रूपमा लिन सकिन्छ।[१४६] प्रचण्ड र बाबुराम भट्टराई जस्ता शीर्षस्थ नेताहरू अन्तरिम विधायिकामा प्रवेश गरेका छैनन् र यसबाट केहीलाई संसदीय प्रणालीप्रति उनीहरूको प्रतिबद्धतामाथि प्रश्न उठाउने ठाउँ मिलेको छ।

**सरकारमा।** माओवादीहरू १ अप्रिल २००७ का दिन सरकारमा पुगे। माओवादी मन्त्रीहरूको व्यवहार पनि अरू पार्टीका मन्त्रीहरूको झैं रहेको छ। उनीहरूको दैनन्दिन क्रियाकलाप अरू मन्त्रीहरूको जस्तै छ। तैपनि उनीहरू आफ्ना कुरालाई अघि सार्न भने पछि परेका छैनन्।[१४७] सङ्कीर्ण प्रवृत्तिको कर्मचारीतन्त्रसँग उनीहरूको सम्बन्ध सोझो र स्पष्ट देखिँदैन। उनीहरूले माथिल्ला तहका निजामती कर्मचारीहरूको सरुवा गर्न र तिनको स्थानमा राजनीतिक नियुक्ति गर्नका लागि अनुमति मागेका छन्।[१४८] सूचना तथा सञ्चारमन्त्री महराले आफ्ना समर्थक पत्रकारहरूलाई सल्लाहकारमा नियुक्त गर्नुका साथै सरकारी स्वामित्वका सञ्चारमाध्यमहरूलाई माओवादी नेताहरूका भनाइहरूलाई प्रमुखता दिन निर्देशन दिएको बताइन्छ।[१४९] यस्ता प्रवृत्ति पूर्ववर्ती प्रजातान्त्रिक सरकारले स्थापना गरेका परम्पराहरूकै निरन्तरता हो र आफूले भित्रैदेखि नरुचाएका नीतिहरूलाई स्वीकार्न बाध्य हुनुपर्दा पनि माओवादीहरूले व्यवहारवादी स्वरूप देखाएका छन्। सत्तामा पुगेपछि महराले सञ्चारमाध्यममा विदेशी लगानी विरोधी आफ्नो अडानलाई तुरुन्तैजसो उल्टाइदिए।[१५०] हिसिला यमीले खानेपानी आपूर्तिका लागि निजी तथा सार्वजनिक क्षेत्रको साझेदारीको समर्थन गरिन्।[१५१] माओवादी मन्त्रीहरू

---

[१४२] उदाहरणका लागि, अन्तरिम विधायिका संसदको उद्घाटन सत्रमा कृष्णबहादुर महरा र देव गुरुङले देशमा प्रगतिशील परिवर्तन ल्याउन माओवादीले निर्वाह गरेको भूमिकाबारे विस्तारपूर्वक बोले। अन्य माओवादी सांसदहरूले चाहिँ खानेपानी र जलस्रोतसम्बन्धी छलफलमा भाग लिएका थिए।

[१४३] उदाहरणका लागि, देवी खड्का र लोकेन्द्र विष्ट प्राकृतिक स्रोत समितिका सदस्य छन्।

[१४४] उदाहरणका लागि, २७ मार्च २००७ मा एकपक्षीय रूपमा निर्वाचन क्षेत्र निर्धारण आयोग घोषणा गरेको भनी नारा लगाउँदै सभामुखको रोष्ट्रम घेरेर विरोध जनाएका थिए। अप्रिलको अन्तिम हप्तामा पनि उनीहरूले संविधानसभाको निर्वाचनको तिथि तुरुन्त घोषण गर भन्दै विधायिका संसदमा अवरोध गरे।

[१४५] बाबुराम भट्टराई तथा अन्य नेताहरूले नेतृत्व गरेको माओवादीको संसदीय विभागले संसदको पहिलो अधिवेशन सुरु हुनुअघि आफ्ना नवनियुक्त विधायकहरूलाई प्रशिक्षण दिएका थिए।

[१४६] संसद सचिवालयमा २६ फेब्रुअरी २००७ का दिन बसेको एउटा सर्वदलीय बैठकमा लोकेन्द्र विष्टले आफूले पेस्तोल बोकेको जानकारी दिँदै अन्य विधायकहरूलाई आफू विरुद्ध कारबाही गर्न चुनौती दिए। त्यसको विरोध भएपछि माओवादीका उपनेता देव गुरुङले त्यस घटनाका लागि माफी मागे।" Lawmakers express objection to Maoist MP's statement on arms", nepalnews.com, १ मार्च २००७।

[१४७] उदाहरणका लागि, सूचनाको हकका सम्बन्धमा छिटै विधेयक प्रस्ताव ल्याइने घोषणा महराले गरे। वनमन्त्री मातृका यादवले वन्य उत्पादनका तस्करीमाथि कडा कार्बाही गरिने वचन दिए भने आवास तथा भौतिक योजना मन्त्री हिसिला यमीले काठमाडौंको खानेपानी व्यवस्थापन सरकारले निजीकरण नगर्ने घोषणा गरिन्।

[१४८] "Maoist ministers seek to appoint, transfer officials", ekantipur.com, २६ अप्रिल २००७।

[१४९] महराले आफ्नो सल्लाहकारका रूपमा माओवादी मुखपत्र *जनादेश* पत्रिकाका पूर्व सम्पादक महेश्वर दाहाललाई नियुक्त गरेका छन्। राज्यको स्वामित्वमा रहेको रेडियो नेपालमा दुईओटा राजनीतिक कार्यक्रम सञ्चालन गर्न माओवादीद्वारा सञ्चालित दुई एफ.एम. स्टेसनका संयोजकहरू क्रमशः सचिन रोका र विष्णुप्रसाद सापकोटा नियुक्त गरिएका छन्। यी नियुक्तिहरूले गैरमाओवादी विचारधारा र स्वतन्त्र अभिव्यक्तिमाथि ठूलो मात्रामा रोक लाग्ने हो कि भन्ने चिन्ता मूल प्रवाहका पत्रकारहरूमा छ। द्वन्द्वका समयमा मारिएका पत्रकारहरूका सवालमा माफी माग्न महरा नमानेबाट पनि प्रेस स्वतन्त्रताप्रति माओवादीका व्यवहार कस्तो होला भन्ने चिन्ता थपिएको छ।

[१५०] "No curb on foreign investment in media now", nepalnews.com, २ अप्रिल २००७।

[१५१] "Campaign to promote household water treatment", nepalnews.com, २३ अप्रिल २००७।

मन्त्रिपरिषद्का अन्य सदस्यहरूसँग झगडा गर्छन् र शीर्षस्थ नेताहरूचाहिँ असमझदारी हटाउने प्रयास गर्दछन्।[१५२]

**अन्तर्राष्ट्रिय समुदायसँगको व्यवहारमा।** माओवादीहरू केही हदसम्म अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न सफल भएका छन्, जुन मान्यता भूमिगत अवस्थामा भएका बेला उनीहरूले कहिल्यै पाउन सकेका थिएनन्। माओवादी मन्त्रीहरू नियमित रूपमा विदेशी राजदूत र दाताहरूलाई भेट्छन् जसमध्ये धेरैले उनीहरूले सम्हालेका मन्त्रालयहरूलाई सहयोग गर्ने काम जारी राखेका छन्। विदेशबाट नेपाल भ्रमणमा आएका उच्चपदस्थ व्यक्तिहरूसँग पनि उनीहरूको भेट हुन्छ।[१५३] संयुक्त राष्ट्रसँगको उनीहरूको सहकार्यले गर्दा अन्य देशका लागि उनीहरूलाई अछूतको व्यवहार गर्ने काम रोक्न सजिलो भएको छ, यद्यपि अमेरिका अझै पनि उनीहरूलाई आतङ्कवादी नै ठान्छ र उनीहरूसँग व्यवहार गर्न चाहँदैन।[१५४] माओवादी नेताद्वय भट्टराई र महरालाई भेट्ने एक बेलायती मन्त्री उनीहरूले बाहिरी दुनियाँसँग सहकार्य गर्ने तत्परता देखाएकामा प्रभावित भएका थिए तर उनले शान्ति प्रक्रियामा उनीहरूको भूमिकालाई सह्रनी गर्दै हिंसालाई परित्याग गर्नुपर्ने कुरा पनि जोडिएर आउने बताएका थिए।[१५५] मानवअधिकारको कार्यान्वयनका लागि दबाब दिइरहेका अन्तर्राष्ट्रिय शक्तिहरू उमेर नपुगेका सैनिकको परिचालन रोक्नेदेखि लिएर आन्तरिक रूपमा विस्थापित भएकाहरूको सुरक्षित घरफिर्ती अनि प्रेस स्वतन्त्रतादेखि मौलिक अधिकारको ग्यारेन्टी गर्ने विषयमा माओवादीहरूले गरेका प्रतिबद्धता पूरा नभएको देखेर अचम्भित भएका छन्।[१५६]

## ख) वामहरूको संयुक्त मोर्चा?

माओवादी र मूलधारका वामपन्थी दलहरूका केही नीति समान छन् र उनीहरूबीच कार्यगत एकता हुन सक्छ, खासगरी नेपाली काङ्ग्रेसको एकीकरण भएर ससाना दलहरूको समर्थनमा एक शक्तिशाली अनुदार शक्तिको निर्माण भएको अवस्थामा। तर माओवादी र एमालेका बीच अझै सैद्धान्तिक खाडल रहेको छ। ती दुवै व्यापक वाममोर्चाको नेतृत्व आफ्नो हातमा लिन प्रयत्नशील छन्। माओवादी तथा काङ्ग्रेस मुख्य निर्णयकर्ता रहेको शान्ति प्रक्रियाको संरचनाको प्रयोग गरेर माओवादीले एमालेको हैसियत कमजोर पार्न खोजेको छ। ती दुवै दलबीच कार्यगत समझदारी हुने वा नहुने कुरामा आन्तरिक राजनीतिको महत्त्वपूर्ण भूमिका हुनेछ। किनभने दुवै पार्टीभित्र गठबन्धनको पक्ष तथा विपक्षमा रहेका गुटहरू छन्।

कार्यगत एकताको पक्ष अलि बलियो देखिन्छ। वामपन्थी दलहरू गणतन्त्रको मुद्दामा एक हुन सक्छन् (केही दल गणतन्त्रको सवालमा अन्य दलभन्दा बढी कट्टर छन् र उनीहरूबीच कसरी गणतन्त्र हासिल गर्ने भन्नेबारे मतभिन्नता छ)।[१५७] उनीहरूका दृष्टिमा नेपाली काङ्ग्रेसले खुट्टा घिसारिरहेको छ र त्यस विरुद्ध विधायिका तथा सरकारमा उनीहरू बलियो अडान प्रस्तुत गर्न सक्छन् अनि निर्वाचन भएको अवस्थामा वामहरूको जित्ने सम्भावनालाई अझै बढाउन सक्नेछन्। दुवै दलका नेताहरूले पूर्ण एकता सम्भव नभएको तर संयुक्त मोर्चा बन्न सक्ने कुरामा जोड दिएका छन्।[१५८]

निजी स्तरमा बाहेक सार्वजनिक रूपमै पनि विकल्पहरूबारे चर्चा हुन थालेका छन्। नेकपा (माओवादी) ले काठमाडौँमा २२ अप्रिल २००७ (लेनिन जयन्ती तथा मूल नेकपाको ७५ औँ स्थापना दिवस) का दिन वामपन्थी दलका नेताहरूको भेटघाट कार्यक्रमको आयोजना गरेको थियो। त्यस अवसरमा अधिकांश नेताहरूले "संसदमा, सरकारमा र सडकमा कम्युनिस्ट शक्तिहरूले पाएको बहुमतलाई जोडेर अझ ठोस बनाउने" विचार व्यक्त गरेका थिए।[१५९] बाबुराम भट्टराईले "स्वर्गीय पुष्पलाल, स्वर्गीय मदन भयडारी र प्रचण्डले प्रतिपादन गरेका विचारलाई एकै ठाउँमा मिसाऔँ" भने।[१६०] प्रचण्ड र माधवकुमार नेपालले त्यसको लगत्तै

[१५२] उदाहरणका लागि मन्त्री मण्डलको बैठकमा रक्षा मन्त्रालयको कार्यभारसमेत सम्हालेका प्रधानमन्त्री कोइरालाले रूख कटानी तथा लोपोन्मुख जनावरहरू मार्ने कार्यमा नेपाली सेना संलग्न भएको कुरा सार्वजनिक रूपमा बोलेकामा वनमन्त्री यादवमाथि आक्रोश व्यक्त गरे। आफ्नो मन्त्रालयअन्तर्गतका सवालहरूमा बोल्न पाउने अधिकार भएको मन्त्री यादवले बताएपछि केही क्षण प्रधानमन्त्री कोइरालासँग उनको भनाभन भएको थियो र त्यसपछाडि माओवादी मन्त्रीहरूले बैठक बहिष्कार गरेका थिए। यो मामिला माओवादी नेताहरू प्रचण्ड र भट्टराईले प्रधानमन्त्रीसँग भेटेपछि मात्र सल्टियो।

[१५३] उदाहरणका लागि, बेलायतका लागि अन्तर्राष्ट्रिय विकासमन्त्री Gareth Thomas ले माओवादीका उच्च तहका नेताहरूसँग भेटघाट गरी शान्ति प्रक्रियाप्रति आफ्नो समर्थन रहेकोमा आश्वस्त तुल्याए, तर संविधानसभाको चुनाव हुने क्रममा माओओवादीका तर्फबाट कुनै प्रकारको भय र त्रास सृजना हुन नहुने चेतावनी पनि दिए।

[१५४] आतङ्कवादी संस्थाहरूको सूचीका लागि हेर्नुहोस्। www.treasury.gov/offices/enforcement/ofac/programs/terror/terror.pdf. तराईमा हिंसात्मक गतिविधिमा संलग्न जनतान्त्रिक तराई मुक्ति मोर्चालाई पनि यस सूचीमा राखिएको छ। "U.S. says Maoists still a terrorist organization; JTMM added", nepalnews.com, २ मे २००७। माओवादीहरूले पूर्णरूपमा हिंसा त्यागेको खण्डमा मात्र उनीहरूलाई आतङ्ककारी सूचीबाट हटाउन सकिने कुरा अमेरिकी राजदूतले बारम्बार भन्दै आएका छन्। राजदूत James F. Moriarty, सँग अन्तर्वार्ता, *दिशानिर्देश*, नेपाल टेलिभिजन, २६ मार्च सन् २००७।

[१५५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, Gareth Thomas, अन्तर्राष्ट्रिय विकासका लागि संसदीय उपमन्त्री, लन्डन, मे २००७।

[१५६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौँ, ब्रसेल्स र लन्डन, मे २००७।

[१५७] संविधानसभाको निर्वाचन हुनेमा शङ्का उत्पन्न हुन थालेपछि प्रचण्डले अन्तरिम विधायिकाले नै तत्काल गणतन्त्रको घोषणा गरोस् भन्ने माग राखे। एमालेले राजतन्त्रबारे जनमतसङ्ग्रह गर्नुपर्ने आफ्नो पुरानो माग दोहोऱ्यायो। माओवादीले एमालेको प्रस्तावलाई समर्थन गर्ने बतायो तर प्रधानमन्त्री कोइराला दुवै कुराप्रति सहमत छैनन्।

[१५८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी र एमाले नेताहरू, काठमाडौँ, अप्रिल २००७।

[१५९] सञ्जय ढकाल, "Red Storm Rising?", nepalnews.com, २३ अप्रिल २००७।

[१६०] ऐ.ऐ.। पुष्पलाल नेपाल कम्युनिस्ट पार्टीका पहिलो नेता हुन्। सन् १९९४ मा सवारी दुर्घटनामा परी मृत्यु भएका मदन भण्डारी एमालेका तत्कालीन महासचिव थिए, उनैको नेतृत्वमा पार्टी संसदीय प्रजातन्त्र स्वीकार्ने मूल प्रवाहको पार्टीमा रूपान्तरित भएको थियो।

भेटेका थिए र प्रचण्डको भनाइअनुसार उनीहरू वाम गणतान्त्रिक मोर्चा बनाउन सहमत भए।[१६१]

निर्वाचनको तिथि घोषणा भएमा यस प्रक्रियाले गति पाउनेछ। वामहरूबीच विद्यमान प्रतिस्पर्धाबाट निर्वाचनमा उनीहरूलाई निजी रूपमा नोक्सान पुग्ने डर नेकपा (माओवादी) र नेकपा (एमाले) दुवैलाई छ। मतदाताको स्थापित आधार नभएका माओवादीले एमाले विरुद्ध उत्रनुको सट्टा सिटको बाँडफाँड गर्नुमा फाइदा देख्दछ, खासगरी बढ्ता भोट ल्याउनेले जित्ने प्रणाली लागू हुने निर्वाचन क्षेत्रहरूमा माओवादीबाट समानुपातिक मत प्रणालीमा समर्थन पाएमा एमालेले सिटको त्यस्तो बाँडफाँड स्वीकार्न सक्छ।[१६२]

नेकपा (माओवादी) र एमाले दुवै पार्टीका नेताहरूले कम्युनिस्ट विरोधीहरूले निर्वाचन रोक्न चाहेको चेतावनी दिएका छन्। माधव नेपालका शब्दमा "संविधानसभामा कम्युनिस्टहरूको बहुमत आउने डरले प्रतिक्रियावादीहरूले आगामी संविधानसभाको निर्वाचनलाई विथोल्ने प्रयास गरिरहेका छन्।"[१६३] हुन पनि अहिले पनि विभिन्न कम्युनिस्ट पार्टी मिलाएर हेरेमा विधायिका र सरकार दुवैमा उनीहरूको बहुमत देखिन्छ। तर आन्तरिक मतभिन्नताहरूका कारण यसबाट फाइदा लिन भने सकिरहेका छैनन्।[१६४] माओवादीको दृष्टिकोण हेर्दा यस्तो हुनु अनौठो होइन : एमाले तथा भा.क.पा. (मार्क्सवादी) सँग उनीहरूको सम्बन्ध पहिल्यैदेखि अनिश्चित र महत्त्वपूर्ण दुवै प्रकारको रहिआएको छ। सम्बन्धबाट फाइदा देखेको बेलामा माओवादी सम्बन्धलाई अघि बढाउँछन् तर सकेसम्म उनीहरूको जोड आमूल परिवर्तन गराउनुमा रहेको छ जसलाई मूलधारका कम्युनिस्टहरूले त्यति पचाउन सक्दैनन्।

[१६१] "UML, Maoists discuss left unity; bash PM", nepalnews.com, २५ अप्रिल २००७।

[१६२] संविधानसभाको निर्वाचन आंशिक रूपमा निर्वाचन क्षेत्रबाट बढ्ता भोट ल्याउनेले जित्ने पुरानो प्रणाली र आंशिक रूपमा समानुपातिक प्रतिनिधित्वको आधारमा हुनेछ। बढ्ता भोट ल्याउनेले जित्ने प्रणालीअन्तर्गतको निर्वाचन क्षेत्रका लागि सर्वोच्च अदालतका पूर्व न्यायाधीश अर्जुनबहादुर सिंहको अध्यक्षतामा गठित निर्वाचन क्षेत्र निर्धारण आयोगले पहाडी तथा हिमाली क्षेत्रमा १२४ सिट र तराईका लागि ११६ सिट प्रस्ताव गरेको छ। हेर्नुहोस् माधव ढुङ्गेल, "निर्वाचन क्षेत्रको तानातान", *नेपाल,* २९ अप्रिल २००७।

[१६३] "Reactionaries fear communist majority in CA:MK Nepal", nepalnews.com, २२ अप्रिल २००७।

[१६४] सरकारमा सहभागी आठ पार्टीहरूमध्ये पाँच पार्टीहरू कम्युनिस्ट (नेकपा (माओवादी), एमाले, नेपाल मजदुर किसान पार्टी, संयुक्त वाम मोर्चा र जनमोर्चा नेपाल) छन्। यसैगरी २२ सदस्यीय मन्त्रिमण्डलका १२ मन्त्रीहरू कम्युनिस्ट पार्टीका प्रतिनिधित्व गर्छन्। अन्तरिम विधायिकाको कुल ३२९ सिटमध्ये १८२ सिट कम्युनिस्टहरूको छ (एमाले ८३, नेकपा (माओवादी) ८३, जनमोर्चा ९, नेपाल मजदुर किसान पार्टी ४, संयुक्त वाममोर्चा ३) सभामुख पनि कम्युनिस्ट हुन्। नेपाली काङ्ग्रेस पुन: एकीकरण भए पनि उसको जम्मा १३४ सिट मात्रै पुग्दछ। हेर्नुहोस्, www.parliament.gov.np/ memberhr.htm.

## ग) सङ्क्रमणकालीन तनाव

माओवादीहरू आफ्नो आन्दोलनप्रति सामान्यतया गोलबन्द रहँदै आएका छन् र शान्ति प्रक्रियालाई अघि बढाउनलाई पनि बाटो बनाउँदैछन्। तर उनीहरूले एकता र शान्तिपूर्ण सम्झौताप्रति देखाएका प्रतिबद्धतामा ढुक्क भएर बस्ने अवस्था भने छैन। कुनै कारणवश निर्वाचन नभएमा र अन्य उपायद्वारा गणतन्त्र स्थापना नभएमा उनीहरूले विद्रोही कार्यनीति अपनाउनेछन्। उनीहरूले अहिले समातेको बाटो सफल नभएमा उनीहरूभित्र गम्भीर आन्तरिक असन्तुष्टि बढ्नेछ। माथि भनिएझैं उनीहरू आजको रणनीतिमा निकै लामो बहसपछि आइपुगेका हुन्। यस्तो अवस्थामा कुनै गम्भीर त्रुटि हुन गएमा "शान्तिपूर्ण क्रान्ति" को नीति विरोधी व्यक्ति तथा समूहहरूले तुरुन्तै त्यसको फाइदा लिन खोज्नेछन्।

अक्टोबर २००५ देखि नेकपा (माओवादी) ले बाबुराम भट्टराईको राजनीतिक लाइन र प्रचण्डको नेतृत्व पछ्याउँदै आएको छ। यी दुवै शीर्षस्थ नेताहरू असफल साबित भएमा उनीहरूले अप्ठ्यारा प्रश्नहरूको सामना गर्नुपर्नेछ। "संविधानसभा" मा जाने नीतिलाई "क्रान्तिको परीक्षण"[१६५] भनी पार्टी कार्यकर्ताहरूको चित्त बुझाउन खोजिएको थियो, तर त्यो नीति अप्रिल २००७ मा बसेको केन्द्रीय समितिको बैठकमा आक्रमणमा परेको थियो। माओवादीको दबदबा रहेको मानिने रोल्पाको प्रतिनिधित्व गर्ने युवा पुस्ताका नेता तथा हाल सुदूरपश्चिमको कमान सह्मालिरहेका नेत्रविक्रम चन्द (विप्लव) ले अघि सारेको शान्ति प्रक्रियाका आधारहरूलाई नै इन्कार गर्ने नयाँ विचारले बहुमतको समर्थन प्राप्त गरेको थियो।[१६६] उनको भनाइ थियो :

> हामीले निरन्तर तीन मागहरू उठाइरहेका छौं : राज्यको पुनर्संरचना, संविधानसभाको निर्वाचन र सङ्घीय लोकतान्त्रिक गणतन्त्र ... तर एक किसिमले हाम्रो दस वर्ष लामो जनयुद्धको आधारभूत अवधारणा तथा उपलब्धिलाई हामीले तिलाञ्जली दिएका छौं र कार्यनीतिगत उद्देश्यका लागि तिनलाई गौण तुल्याइदिएका छौं। दुःखको कुरा हो, अहिले स्पष्ट भएको छ अमेरिका र भारतको योजना पछ्याउँदै गिरिजाप्रसाद र दलाल प्रवृत्ति[१६७] हाम्रा आफ्नै कमजोरी तथा बलिदानलाई हतियारका रूपमा प्रयोग गरेर हामीलाई नै समाप्त पार्ने, राज्यको पुनर्संरचना, संविधानसभाको निर्वाचन एवम् सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई निरर्थक तुल्याउन खोज्दैछन्।[१६८]

[१६५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता र कार्यकर्ता, काठमाडौं, २००६।

[१६६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, काठमाडौं, अप्रिल, २००७।

[१६७] दलालको शाब्दिक अर्थ बिचौलिया अथवा मध्यस्थकर्ता हो। माओवादीहरूले यस शब्दलाई पुँजीपतिका भरौटेहरू र विदेशी स्वार्थबाट अभिप्रेरित राजनीतिकर्मीहरू दुवैलाई बुझाउने गरी प्रयोग गर्ने गर्छन्।

[१६८] विप्लव, "नयाँ कार्यनीतिलाई दृढतापूर्वक कार्यान्वयन गरौं", *जनादेश,* १७ अप्रिल, २००७।

भट्टराईले भारतलाई तारो बनाउने कुरालाई इन्कार गरे पनि पार्टी निर्णयलाई स्वीकार गरे। आधिकारिक रूपमा प्रचण्डले प्रस्तुत गरेको नयाँ लाइनमा विप्लवका विचारहरू परेका थिए र वरिष्ठ नेता मोहन वैद्यका सुझाउमा आधारित थियो। भट्टराई र उनीहरूका विचारबीच धेरै फरक छ, प्रचण्डको प्रयास तिनीहरूबीचको मध्यमार्ग अपनाउने रहेको छ। नेकपा (माओवादी) मा जहिले पनि गुट र उपगुट रहँदै आएका छन् तर भूमिगत समयमा तिनीहरू बाहिर देखिएका थिएनन्। केही गुटहरू पार्टीको निर्माणअघिकै बफादारीमा आधारित छन्,[१६९] केही वैचारिक अडानका आधारमा बनेका छन्। कतिपय अवस्थामा नेताहरूबीच उत्पन्न व्यक्तित्वको टकराव र प्रतिस्पर्धाका कारण पनि ससाना उपगुटहरू बनेका हुन्छन्।

तथापि फुट भइहाल्ने वा युद्धमा फर्कने सम्भावना भने कम छ, यद्यपि उनीहरूभित्रका केही पक्षहरू आक्रामक भाषा प्रयोग गर्ने गर्छन्। शान्ति प्रक्रियामाथि सार्वजनिक रूपमा बढ्दै गएको शङ्काले गर्दा प्रचण्डको अवस्था कमजोर रहेको देखिन्छ, तर त्यही कुराले अन्य पार्टीसँग सम्झौतावार्तामा उनको हातलाई अझ बलियो बनाउन पनि सक्छ। शान्ति प्रक्रियाबारे गतिशीलता गुमाएमा त्यसबारे कार्यकर्ताहरूको चित्त बुझाउन कति कठिन छ भनी उनी पत्यारिलो ढङ्गले देखाउन सक्छन्। अझै पनि जनसेनाका लडाकाहरूमाथि कमान्डरहरूको नियन्त्रण छ, तैपनि लडाकाहरूका दुईओटा प्रमुख असन्तुष्टिहरू देखिएका छन्। पहिलो त हो शिविरहरूको खराब भौतिक पूर्वाधारका कारण उब्जिएका समस्या। दोस्रो कुरा, नेताहरूले जनसेना र राष्ट्रिय सेनाको वास्तविक एकीकरण गराउनुका साथै चित्तबुझ्दो नतिजा ल्याउन नसक्लान् भन्ने केहीकेही लडाकाहरूको शङ्का।[१७०] अनुशासनको समस्या पनि बढ्दै गएको देखिन्छ। तल्लो स्तरका कार्यकर्ताहरू पार्टी निर्णयहरूको अनादर गर्दै अनधिकृत रूपमा जोरजुलुम गर्ने र चन्दा उठाउने काम गरिरहेका छन्। मोहन वैद्यले नेतृत्व गरेको केन्द्रीय अनुगमन समितिले अनुशासन लागू गराउन पार्टीलाई तुरुन्त कदम चाल्न सिफारिस गरेको थियो।[१७१]

## घ) भविष्यमा हुने भिडन्तहरू

संविधानसभाको बाटो वा विद्रोहको बाटो जुन समाते पनि माओवादी नेताहरू भविष्यमा राजनीतिक भिडन्तहरू हुनु अवश्यम्भावी छ भन्ने ठान्छन्। तिनको दृष्टिमा राजा, सेनाका केही अङ्ग र अन्य राजावादी तत्वहरूले संविधानसभाको निर्वाचन बिथोल्ने प्रयास गर्नेछन् र शान्ति प्रक्रिया नै रोक्नका लागि अझ "कू" सम्म पनि गर्ने प्रयास गर्नेछन्। (माओवादीहरूले यस्तो प्रयासलाई व्यापक जनआन्दोलन परिचालन गरेर प्रतिकार गर्नेछन् र स्वयम् शक्ति हत्याउने प्रयत्न गर्नेछन्) उनीहरू तीव्र ध्रुवीकरणलाई राजनीतिक प्रक्रिया अघि बढाउने उत्तम साधनका रूपमा हेर्ने गर्छन्। वामपन्थी र अनुदार राजनीतिक दलहरूका बीच तीव्र ध्रुवीकरण बढाउने उनीहरूको प्रयास सफल भएमा त्यसबाट भिडन्तको सम्भावना बढ्न जानेछ। भिडन्त हुन सक्ने सम्भावित चार क्षेत्र निम्नबमोजिम रहेका छन् :

**नेपाली काङ्ग्रेस।** माओवादी नेतृत्व र नेपाली काङ्ग्रेसको नेतृत्व गर्ने प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबीचको जटिल सम्बन्ध शान्ति प्रक्रियाको केन्द्रभागमा रहेको छ। एक स्तरमा उनीहरूले आपस्तमा सफल कार्यगत साझेदारी बनाउन सकेका छन्। नेकपा (माओवादी) र नेपाली काङ्ग्रेस शान्ति प्रक्रिया हाँक्ने सारथिका रूपमा छन् र वार्तामा विवाद उत्पन्न भएका बेला अन्य पार्टीलाई समावेश नगरीकनै विवाद मिलाउने हैसियत पनि राख्दछन्।[१७२] माओवादीहरूले कोइरालाको चरित्र र राजनीतिक व्यवहारको गहिरोसित अध्ययन गरेका छन्। कोइराला आफ्नो पार्टी तथा सरकारको संरचनामा भन्दा बढी निजी विश्वासपात्रहरूमा भरोसा गर्छन् भन्ने बुझेर त्यसबाट फाइदा पनि लिएका छन्। प्रचण्ड र भट्टराईले कोइराला तथा उनका मुख्य सहयोगीहरूको विश्वास एक हदसम्म जितेका छन् र यसबाट उनीहरूलाई फाइदै भएको छ।[१७३] तर दुवै पक्षलाई उनीहरूको सम्बन्ध मूलतः विपक्षीकै हो भन्ने कुरा पनि थाहा छ। अन्य दलका शक्तिलाई घटाउने खेलमा उनीहरू दुवैको स्वार्थ मिल्दछ। भविष्यमा हुने शक्तिको लडाइँमा आफूबाहेक अरू खेलाडी मैदानमा नहुन् भन्ने दुवैथरी चाहन्छन्।[१७४]

---

[१६९] नेकपा (माओवादी) बनाउनलाई मिसिएका विभिन्न दलका सदस्यहरू कहिलेकाहीं निश्चित गुटका रूपमा देखिन्छन्। उदाहरणका लागि बाबुराम भट्टराई पहिले नेकपा माओवादी "मशाल" मा थिए भने प्रचण्ड, वैद्य र बादल यसैको प्रतिद्वन्दी "मसाल" मा थिए।

[१७०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनमुक्ति सेना स्रोत, काठमाडौं, अप्रिल २००७। अन्तर्वार्ता दिनेहरूले जनमुक्ति सेनालाई शिविरहरूमा राखेपश्चात् जनमुक्ति सेना र पार्टीका राजनीतिक नेतृत्वबीचको सम्बन्ध चिसिएको छ।

[१७१] वैद्य समितिले अप्रिल २००७ मा राष्ट्रिय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्‍यो जसले नेकपा (माओवादी) मा शुद्धीकरण प्रक्रिया आवश्यक भएको ठहर गर्‍यो। "यसरी हुँदैछ माओवादी शुद्धीकृत", *पहल,* ६ मे, २००७। यस्ता कसरतहरू नौला होइनन्, पार्टीमा अनुशासन र राजनीतिक समन्वय स्थापना गर्ने काम सधैं नै चुनौतीपूर्ण रहेको छ जसले नेताहरूका ध्यान तान्ने गरेको छ। हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Maoists*, माथि उल्लेखित, पृष्ठ १२-१४।

[१७२] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Peace Agreement*, माथि उल्लेखित।

[१७३] कोइरालाका विश्वासिला पात्रहरूमा विशेषगरी उनका भतिजा शेखर कोइराला र वर्तमान गृहमन्त्री कृष्ण सिटौलाले सन् २००५ को वसन्त ऋतुमा दिल्लीमा माओवादीसँगको गोप्य वार्ताका लागि पहल गरेका थिए। नोभेम्बर २००५ को सम्झौतासम्म पुग्न अन्य मूल प्रवाहका राजनीतिक पार्टीहरूभन्दा वास्तवमा उनीहरूले विशेष भूमिका खेलेका थिए। हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's New Alliacne*, माथि उल्लेखित।

[१७४] यसले वामहरूसँगको सम्भावित गठबन्धनका निम्ति माओवादी कार्यनीतिको सङ्केत दिन्छ। यसरी नै यसबाट नेपाली काङ्ग्रेसको राजतन्त्रलाई जराबाटै तत्काल हटाई नहाल्ने मनसाय पनि स्पष्ट हुन्छ। आलङ्कारिक राजाको पक्षा लिनाले नेपाली काङ्ग्रेसलाई नरमपन्थी राजावादीहरूको समर्थन प्राप्त हुन सक्छ। नेपाली काङ्ग्रेसको रणनीतिका बारेमा हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Peace Agreement*, पृ. १६-

यस्तो खालको सम्बन्ध अनौठो देखिए तापनि पूरापूर अतार्किक भने छैन। यसमा सहयोग र आक्रमण दुवैको सम्मिश्रण पाइन्छ। एउटालाई अर्को नभई हुँदैन तर आक्रमण र प्रत्याक्रमणको क्रम चलिरहन पनि आवश्यक छ। प्रक्रियामा भएको ढिलाइका लागि उनीहरू एकअर्कालाई दोष्याउने गर्दछन्। केही हदसम्म सारभूत विषयहरूमा आफ्नो हात माथि पार्न पनि उनीहरू यसो गर्छन्। कोइरालाले माओवादीलाई छड्के हान्दै आफूले "आतङ्कवादीहरू" लाई मूलधारमा ल्याएको दाबी गर्दा प्रचण्डले भनेका थिए, "पर्खेर हेर्नुपर्छ। कसले कसलाई ल्यायो, आगामी दिनले देखाउनेछन्।"[१७५] उनीहरूको मुख्य नीतिगत भिन्नता राजसंस्थाका बारेमा छ। निर्वाचन ढिलो भएको अवस्थामा माओवादीहरू अन्तरिम विधायिकाबाटै गणतन्त्रको घोषणा गर्न चाहन्छन्। कोइरालाले आलङ्कारिक राजतन्त्रको वकालत गर्दै आएका छन् (ज्ञानेन्द्रलाई आफ्ना नाति हृदयेन्द्रको हकमा गद्दी छाड्ने सल्लाह दिएका छन्)। देश गणतन्त्रतिर रोक्नै नसक्ने गरी लम्क्यो भने उनी नेपाली काङ्ग्रेसलाई कुनै पनि प्रकारको परिवर्तनको अग्रपङ्क्तिमा राख्न चाहन्छन्।

अन्य तात्कालिक मुद्दाहरू पनि छन् जसले सङ्घर्ष बढाउन तथा तनावलाई तीव्र पार्न सक्छन्। तिनमा रायमाझी आयोगको प्रतिवेदनको कार्बाही नहुनु,[१७६] बेपत्ता भएकाहरूकाबारे अनुसन्धान नहुनु,[१७७] भूमिसुधारदेखि सेनाको पुनर्संरचना गर्नेसम्मका विस्तृत शान्ति सम्झौताका मूल विषयहरूको कार्यान्वयनमा चासो नदेखाउनु आदि पर्छन्।[१७८] अन्तरिम सरकारमा जानेबित्तिकै माओवादीहरूले यी विषयहरू उक्काउन थालिहाले। उनीहरूले कोइरालालाई संवैधानिक प्रक्रिया ढिलो पार्न खोजेको आरोप लगाए र अप्रिल २००७ को केन्द्रीय समितिको बैठकबाट उनलाई सडक, संसद र सरकार सबै मोर्चाबाट हिर्काउने निर्णय गरे।[१७९] माओवादी विधायकहरूले विधायिका संसदको बैठक अवरुद्ध पार्न थाले भने माओवादी मन्त्रीहरूले अप्रिल १८ को मन्त्रिपरिषद्को बैठक बहिष्कार गरे।[१८०]

राजतन्त्रबारे केही सहमति भएको खण्डमा काङ्ग्रेससँगको भिडन्त या त हुँदैहुँदैन या पर सर्न सक्छ। बाहिर जति नै विरोध गरे पनि प्रधानमन्त्रीका रूपमा कोइरालालाई समर्थन गर्न पाएकामा माओवादीहरू खुसी नै छन्। कोइरालाले उत्तराधिकारको गजमाउरो समस्या छाडेर जानेछन् र त्यस स्थितिको फाइदा लिने आशामा माओवादीहरू छन्। भावी नेपाल तथा राजनीतिक संस्थाहरूका बारेमा दुवै पार्टीबीच धेरै भिन्न खालका परिकल्पना भएको उनीहरू स्वीकार्छन्। देशले लिने बाटोबारे उनीहरूका बीचमा लडाइँ हुनेछ र यसमा उनीहरूले परस्पर विरोधी शक्तिको नेतृत्व गर्ने पक्का छ।

**राजतन्त्र।** दरबारसँग उनीहरूको विगतमा चोचोमोचो मिलेको भए तापनि राजतन्त्रको अन्त्य माओवादीहरूका लागि प्रमुख मुद्दा रहेको छ। उनीहरूले अन्तिम निर्णायक सङ्घर्षबाट मात्रै गणतन्त्र आउन सक्छ भन्ठानेका छन्। नोभेम्बर २००५ को चुनबाङ बैठकले "पार्टी कहिल्यै पनि संविधानसभाबाट राजतन्त्र सजिलै समाप्त हुनेछ र गणतन्त्र सहजै आउँछ भन्ने स्वैरकल्पनाको सिकार हुनुहुँदैन"[१८१] भन्ने निष्कर्ष निकालेको थियो। यो निष्कर्ष बदलिएको छैन। माओवादी नेता बादलका अनुसार उनीहरूले दुश्मनको बाहिरी पत्र मात्र भत्काएका छन्, भित्री पत्र (अर्थात् राजतन्त्र) तोड्न त बाँकी नै छ।[१८२]

राजा शान्त छन्, तर निष्क्रिय भने छैनन्। उनको हैसियत र सुविधामा कटौती भएपछि पनि राजा ढीट भएर बसिराखेका छन्। सरकारले राजप्रासाद कर्मचारीलाई निजामती सेवामा लगेर मुख्यमुख्य अधिकृतहरूलाई बर्खास्त गर्ने आदेश दियो तर ज्ञानेन्द्रले उनीहरूको पदावधि थप गरी बढुवासमेत गरे।[१८३] अप्रिल २००६ को आन्दोलन दबाउनमा उनको भूमिकाका सम्बन्धमा रायमाझी आयोगले गरेको सोधपुछलाई उनले टेरपुच्छर लगाएनन् अनि १९ फेब्रुअरीमा प्रजातन्त्र दिवसको अवसर पारी उनले दिएको "सन्देश" मा सन् २००५ मा सत्ता

---

१८। पहिलेका राजावादी मन्त्री तथा राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले वाम सहकार्यको छाँट देखेर लोकतान्त्रिक शक्तिहरूका बीच एकता गठन हुनुपर्नेमा जोड दिँदै भनेका छन् – "Nepali Congress, as the biggest democratic party, should take the lead, and Prime Minister Girija Prasad Koirala should take the initiative". *The Himalayan Times*, २९ अप्रिल २००७।

[१७५] S. Chandrasekharan, "Nepal: CEC urges postponement of CA Elections", saag.org/notes4/note378.html.

[१७६] रायमाझी आयोग अप्रिल २००६ को जनआन्दोलन दबाउन शाही सरकारले गरेको ज्यादती उपर छानबिन गर्न बनाइएको थियो। यसको प्रतिवेदन प्रकाशित गरिएको छैन र आयोगले दोषी ठहऱ्याएका कसैका विरुद्ध पनि कार्बाही भएको छैन।

[१७७] बृहत् शान्ति सम्झौताले राज्य र माओवादी दुवैलाई बेपत्ता पारिएकाहरूका सवालमा ६० दिनभित्र अनुसन्धान गर्नका लागि प्रतिबद्ध तुल्याएको थियो। तर अहिलेसम्म कुनै पनि पक्षले प्रतिबद्धता पूरा गरेका छैनन्। करिब १३०० मानिसहरूलाई बेपत्ता पार्नेमा राज्य जिम्मेवार देखिएको छ। त्यसरी बेपत्ता पारिएकाहरूमध्ये केहीको भने आधिकारिक रेकर्ड उपलब्ध छ। जस्तै, झन्डै चालीस जना माओवादी समर्थकहरूलाई गोप्य तवरले हिरासतमा लिएको, यातना दिएको र सन् २००३ को उत्तरार्धमा सेनाले सम्भवतः मारेको हुन सक्ने ठहर भएको छ। हेर्नुहोस् "Report of investigation into arbitary detention, torture and disappearances at Maharajgunj RNA barracks, Kathmandu, in 2003-2004", Office of the High Commissioner for Human Rights (OHCR), काठमाडौँ, २००६, http://nepal.ohcr.org/en/index.html.

[१७८] उदाहरणका लागि राज्यले अझै सबै माओवादी बन्दीहरूलाई रिहा गरेको छैन, राजाको सम्पत्ति राष्ट्रियकरण गरेको छैन र बृहत् शान्ति सम्झौतामा उल्लेख भएबमोजिम राष्ट्रिय शान्ति तथा पुनर्निर्माण आयोगको पनि गठन गरेको छैन।

[१७९] "खुल्यो मोर्चा सङ्घर्षको", *जनादेश*, १ मे २००७।

[१८०] २१ मार्च २००७ मा माओवादीका ३० जना कार्यकर्ताहरूको हत्यामा संलग्न मधेसी जनअधिकार फोरमलाई सरकारले औपचारिक वार्तामा बोलाउनाले माओवादीहरू बेखुसी भए। काठमाडौँ, भक्तपुर र ललितपुरमा १५ अप्रिल २००७ मा प्रहरीले प्रधानमन्त्रीको आदेशमा छापा मार्नाले पनि थप तनाव सिर्जना गऱ्यो।

[१८१] हेर्नुहोस् नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को ऐतिहासिक दस्तावेजहरू, माथि उल्लेखित, पृ. ३१४।

[१८२] बादल "जातीय मुक्ति आन्दोलन र वैज्ञानिक कार्यदिशाको प्रश्न", *हाम्रो जलजला*, सेप्टेम्बर २००६।

[१८३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सरकारी अधिकारी, काठमाडौँ, अप्रिल २००७।

हत्याउने आफ्नो कदमको औचित्य पुष्टि गरे।[१८४] आफूले शक्ति बुझाएको वर्ष दिन पुगेकै अवसरमा उनी सेनाको पहरामा मन्दिर गए, पुरानो तथा खारेज गरिएको राष्ट्रिय धुन बजाएर नेपाली सेनाबाट २१ तोपको सलामी लिए। यी कुनै पनि कुराले अन्तरिम संविधानको मर्म र भावनालाई राजाले वास्ता गरेको देखिन्न।[१८५] ज्ञानेन्द्रलाई अझै पनि केही मात्रामा साना राजनीतिक दलहरूको समर्थन छ[१८६] र उनका विदेशी शुभचिन्तकहरू पनि छन्। उनका पछाडि सेनाको एउटा अङ्ग र दरबारका ३००० सैनिक रक्षकहरू छन्।

**नेपाली सेना।** उल्लेख्य सुधारको विपक्षमा रहेको र लोकतान्त्रिक नियन्त्रणका लागि अनिच्छुक देखिएको नेपाली सेनासित सङ्घर्ष बढ्ने सम्भावना छ। दरबारप्रति सेनाको परम्परागत बफादारीलाई सैद्धान्तिक रूपमा चुँडालिएको छ। केही जर्नेलहरूको भनाइमा अब फेरि पनि राजाको महत्त्वाकाङ्क्षालाई सकारेर आफ्ना हात पोल्न उनीहरूलाई मन छैन।[१८७] तथापि सेनाले आफ्ना संस्थागत स्वार्थ रक्षाका लागि "कडा कदम" चाल्नेछन् र यस्तो कदम देशले गम्भीर अस्थिरताको सामना गर्नुपरेको अवस्थामा पनि उठाउनेछन्।[१८८] उनीहरू राजनीतिक तटस्थता र व्यावसायिकताको कुरा उठाएर माओवादीका सुधारिएका छापामारहरूलाई सेनामा मिलाउने कुराको पनि विरोध गर्नेछन्। तर निजी तवरमा उनीहरू लडाइँमा नहारेको सेनामाथि उनीहरूलाई नरुच्ने खालका सुधारहरू लादिनुहुन्न भन्ने विचार व्यक्त गर्छन्।

सजिलैसँग गणतन्त्र स्थापना भएको अवस्थामा पनि यी प्रश्नहरूको समाधान निकाल्नु कठिन हुनेछ। माओवादी र सेनाबीच रहेको आपसी अविश्वास बुझ्न सकिने कुरा हो। एकअर्काको नियतबारे शङ्का गर्ने थुप्रै ठाउँ उनीहरूसँग छन्। सेनाको पुनर्संरचनामा जोड दिनाले सेनाले विद्रोह गर्न सक्ने र क्रान्तिकारी वामपन्थीको उदय भएको हेर्न नरुचाउने विदेशी शक्तिले उनीहरूलाई काँध थाप्ने डर माओवादी नेताहरूलाई छ।[१८९] उता दुई सैन्यशक्तिलाई गाभ्ने माओवादीका कुरा सेनाभित्रै पसेर सेनालाई लिने योजनाको पातलो पर्दा मात्रै भएको र पूर्ण माओवादी नियन्त्रण विरुद्ध लड्न सक्ने सङ्गठित शक्तिलाई निस्तेज पार्ने चाल हुन सक्ने आशङ्का नेपाली सेनालाई छ। यस्तो गतिरोधको अवस्थाको एउटै शान्तिपूर्ण बाटो भनेको सेनालाई राजनीतिक खेल खेल्नबाट टाढै राख्नु अनि कुनै राजनीतिक समूहको हतियार बन्नबाट रोक्नु हो। त्यसका लागि सुरक्षा क्षेत्रको सुधारको प्रक्रिया थालिनुपर्छ। दुर्भाग्यवश, कुनै पनि मूलधारका दलहरूले यस विषयप्रति चासो राखेको देखिन्न। जो कायर छन् ती सेनाका डरले कुनै कुरा उठाउनै सक्तैनन्। जो सुरा छन् तीचाहिँ सेनालाई आफ्नै हतियार बनाउन सकिएला भनेर ढुक्क छन्।

**भारत।** नेपालको अति नै प्रभावशाली छिमेकी देशलाई हेर्ने माओवादीहरूको दृष्टिकोण विरोधाभासपूर्ण छ। विद्रोहका प्रारम्भिक वर्षहरूमा भारतले उनीहरूलाई राम्रै हिसाबले हेर्ने गर्थ्यो र लामो समयसम्म भारतलाई माओवादीहरू सुरक्षित आश्रयस्थलका रूपमा हेर्थे। दिल्लीले कडा व्यवहार गर्न थालेपछि त्यसको बदलामा माओवादीहरूले आफ्ना समर्थकहरूमा लुकेर रहेको भारत विरोधी भावनालाई उचाल्न थाले। नोभेम्बर २००५ मा सात दलको गठबन्धनसँग भएको सम्झौतामा भारतले खेलेको सहजकर्ताको भूमिकालाई उनीहरूले स्वीकार गर्नुका पछाडि दुई कारण थिए। एक त उनीहरूको आवश्यकता र दोस्रो, संवैधानिक राजतन्त्रप्रति लामो समयदेखि रहँदै आएको भारतको समर्थन हट्ला भन्ने उनीहरूको आशा। भारत उनीहरूप्रति सधैँ नै सहानुभूतिशील रहला भन्ने माओवादीले सोचेका थिएनन्, त्यसैले गणतन्त्र स्थापना नभएसम्म भारतलाई नछुने र त्यसपछि भारतसितको सम्बन्धको समीक्षा गर्ने योजना बनाए।[१९०] अप्रिल २००६ को आन्दोलनपछि एक वर्षसम्म उनीहरूले बडो होसियारीपूर्वक भारतसित कूटनैतिक व्यवहार गरे। भारत विरोधी फलाको रोक्न र रचनात्मक कार्यमा सहभागी हुने तत्परता देखाए।[१९१]

तर अहिले खटपट देखिँदैछ। सन् २००७ को केन्द्रीय समितिको बैठकले भारतले आफ्नो दुईखम्बे नीति नत्यागेको र आलङ्कारिक राजतन्त्रलाई राख्न भारत प्रयत्नशील रहेको निष्कर्ष निकाल्यो। माओवादीले भारतीय गुप्तचर एजेन्सीहरूले आफ्ना विरुद्ध जनतान्त्रिक तराई मुक्ति मोर्चा जस्ता क्षेत्रीय स्तरका सशस्त्र समूहको माध्यमबाट गुप्त युद्ध चलाएको आरोप लगाए।[१९२] यसले माओवादीलाई पछाडि फर्कन लगायो : माओवादीहरूले फेरि पनि दिल्लीलाई नै राष्ट्रियताका लागि गम्भीर खतरा ठह्र्याउँदै गणतन्त्रका साथसाथै "राष्ट्रियता" लाई पनि प्राथमिकता दिने निर्णय लिए। माओवादी नेताहरू भारतले गणतन्त्रलाई

---

[१८४] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Peace Agreement*, माथि उल्लेखित, पृ. २१।

[१८५] १५ जनवरी सन् २००७ मा अनुमोदन गरिएको अन्तरिम संविधानले राजतन्त्रलाई निलम्बन गर्‍यो र प्रधानमन्त्रीलाई राज्यप्रमुखको दायित्वसमेत सुम्पियो। प्रधानमन्त्री कोइरालाले पहिलोचोटि अप्रिल २००७ मा नयाँ राजदूतको ओहोदाको प्रमाणपत्र बुझ्ने काम गरे। यसअघि यो काम राजाले गर्दै आएका थिए। "PM Koirala receives credentials of Chinese ambassador", nepalnews.com, १९ अप्रिल २००७।

[१८६] मुठ्ठीभर साना राजावादी पार्टीहरूले निर्वाचन आयोगमा दल दर्ताका लागि निवेदन दिएका छन्, जसमा राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल), नेपाल सद्भावना पार्टी, समाजवादी पार्टी र जनमुक्ति पार्टी रहेका छन्। "Four pro-monarchy parties registered with EC", nepalnews.com, २० अप्रिल २००७।

[१८७] अन्तरिम संविधान र संशोधित सैनिक ऐनले सेनालाई सरकारको प्रत्यक्ष नियन्त्रणमा राखेको छ।

[१८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सुरक्षा तथा राजनीतिक स्रोतहरू, काठमाडौं, नोभेम्बर-डिसेम्बर २००६।

[१८९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेताहरू, काठमाडौं, नोभेम्बर २००६।

[१९०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेताहरू, काठमाडौं, नोभेम्बर २००६।

[१९१] नोभेम्बर २००६ मा भारतको पहिलो औपचारिक भ्रमणको क्रममा प्रचण्डले पूर्व प्रधानमन्त्रीहरूसँग भेटी नेपालको लोकतान्त्रिक आन्दोलनमा भारतको समर्थनप्रति धन्यवाद व्यक्त गरे। हेर्नुहोस् "Visit to the South", *Spotlight*, २४ नोभेम्बर २००६।

[१९२] सुधीर शर्मा, "माओवादीमा फेरिएको भारत-रणनीति", *कान्तिपुर*, २३ अप्रिल २००७।

समर्थन गरेमा मात्र भारतसित न्यानो सम्बन्ध बहाली हुने बताउँछन्।[१९३] उनीहरू आफ्नो छिमेकीलाई चिढिन दिने हिम्मत पनि गर्न सक्तैनन्। त्यसैले "दिल्लीको सहयोगबिना यहाँ कुनै सरकार टिक्न नसक्ने" बताउँछन्।[१९४] उनीहरूबीचको सम्बन्धमा अझै तनाव आउनेछ।

**संयुक्त राष्ट्र।** माओवादीले शान्ति प्रक्रियामा संयुक्त राष्ट्र (सं.रा.) को संलग्नता पहिल्यैदेखि खोज्दै आएका हुन्। यद्यपि माओवादीहरू सं.रा.प्रति अलि सशङ्कित नै रहेकाले (पश्चिमा/साम्राज्यवादी स्वार्थलाई सघाउने भनेर) उनीहरूले सीमित कामका लागि मात्र सं.रा.को भूमिका खोजेका थिए। सं.रा.लाई ल्याउनाले खासगरी जनमुक्ति सेनालाई रूपान्तरण गर्न र मान्यताप्राप्त खुला राजनीतिमा पदार्पण गर्न मद्दत मिल्छ भन्ने उनीहरूले महसुस गरेका थिए। तर यदि सं.रा.को नेतृत्वमा रहेको हतियार व्यवस्थापन प्रक्रियाले माओवादी लडाकाहरूलाई दीर्घकालीन रूपमा नयाँ राष्ट्रिय सेनामा गाभ्न सकेन भने सं.रा. निम्त्याउने निर्णयको अझ बढी आलोचना हुनेछ। अन्य माओवादी नेताले झैं प्रचण्डले पनि महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनको सार्वजनिक रूपमा आलोचना गर्ने गरेका छन्।[१९५] हुन त अन्य दलहरूका धेरै नेताहरू पनि सबै कुराको दोष सं.रा.का थाप्लामा राख्न मन पराउँछन्, तर माओवादीहरू त सैन्य प्रक्रियाको मुख्य काम नै रोक्न चाहन्छन् – जस्तै लडाकाहरूको प्रमाणीकरण गर्ने काम। त्यसो गरेर उनीहरू अन्य पक्षहरूलाई छिटो गर्न दबाब दिन चाहन्छन् र अरू पक्षले आफ्ना प्रतिबद्धता पूरा नगरेका खण्डमा उनीहरू पनि आफ्नो प्रतिबद्धता पूरा गर्न बाध्य छैनन् भनी अन्तर्राष्ट्रिय समुदायलाई बुझाउन चाहन्छन्।

### ङ) वैकल्पिक योजना

माओवादीले शान्ति प्रक्रिया असफल भएमा अन्य खालका क्रान्तिकारी विकल्पहरू आफूहरूले खुला राखेको चेतावनी पहिल्यैदेखि दिँदै आएका छन्। त्यस्ता चेतावनी आंशिक रूपमा आफ्नो बहादुरी प्रदर्शन गर्ने र आंशिक रूपमा सकेसम्म आतुरी देखाउनलाई दिइएको हुन सक्छ (जस्तै "अक्टोबर क्रान्ति" गर्ने कुरा पत्यारिलो थिएन)। तर यसबाट उनीहरूको वैकल्पिक योजना पनि प्रकट हुन्छ। माओवादी रणनीतिका निर्माताहरू संविधानसभाको सन्दर्भमा पुनर्विचार गरिरहेछन् : निर्वाचनमा हुने ढिलाइले दरबारको हात बलियो पार्छ र यदि संविधानसभाले गणतन्त्र घोषणा गऱ्यो नै भने पनि राजाले लडाइँ नगरी त्यस्तो निर्णय स्वीकार गर्नेछैनन् भन्ने डर उनीहरूलाई छ।[१९६]

प्रचण्डले समयमै निर्वाचन नभए विद्रोह गर्ने धम्की पहिलेबाट नै दिँदै आएका छन्।[१९७] ढिलाइ हुने पक्का भएपछि माओवादी नेताहरूले यसलाई प्रधानमन्त्री कोइरालाको "ठूलो षड्यन्त्र" हो भनी दोष लगाए।[१९८] प्रचण्डले सात पार्टी गठबन्धनसँगको एकताको अन्त्य भएको घोषणा गरे र अन्तरिम व्यवस्थापिकाबाट गणतन्त्रको घोषणा गर्ने सहमति भएमा मात्रै सो एकता फेरि हुन सक्ने चेतावनी दिए।[१९९] सन् २००७ को अप्रिलमा बसेको केन्द्रीय समितिको बैठकले पनि व्यापक जनआन्दोलन गर्ने योजना पारित गऱ्यो जो अर्को अझ गम्भीर मुठभेडको सुरुआत हो भन्ने सङ्केतका रूपमा आयो। पहिलो कदमको रूपमा माओवादीहरूले गणतन्त्रको पक्षमा हस्ताक्षर सङ्कलन थालेका छन्, साथसाथै विरोध कार्यक्रमलाई उचाइमा पुऱ्याउनका लागि सिंहदरबार घेर्ने योजना पनि उनीहरूको छ।[२००] यसो गर्नाको पहिलो उद्देश्य प्रधानमन्त्री कोइरालालाई सहमतिका लागि दबाब दिनु हो, तर सो उद्देश्य पूरा नभएमा उनीहरू जनआन्दोलन गर्ने योजनाको कार्यान्वयनतर्फ लाग्नेछन्।[२०१]

अन्य पार्टीहरू जस्तै माओवादीहरू पनि संविधानसभाको निर्वाचनप्रति सार्वजनिक रूपमा जति उत्साहित देखिए पनि व्यक्तिगत तवरमा त्यति उत्साहित थिएनन्। उनीहरूलाई संविधानसभाले कुनै क्रान्तिकारी परिवर्तन ल्याउँछ भन्नेमा विश्वास थिएन, न त उनीहरूले चाहे जस्तो निर्वाचनमा आफ्ना स्थान बनाउन सक्ने कुरामा नै ढुक्क थिए। चुनावमा भएको ढिलाइ उनीहरूका लागि परिवर्तनलाई द्रुततर बनाउने र पार्टिभित्रको बढ्दै गएको असजिलोपनालाई मत्थर पार्ने एउटा सुअवसर हो।

अर्को लडाइँ लड्नुपर्ने सम्भावना भएको कारणले नै माओवादीको भ्रातृ सङ्गठन यङ्ग कम्युनिस्ट लिग (वाई.सी.एल.) को पुनर्संगठन गर्नुपरेको हो। लिगको गठन सर्वप्रथम सन् १९९० को दशकको सुरुमा जनयुद्धको प्रारम्भिक तयारी भइरहेको बेला भएको थियो। त्यसपछि यसलाई गुरिल्ला समूहहरूमा परिवर्तन गरियो जसबाट पछि जनमुक्ति सेना जन्मियो। सन् २००६ को डिसेम्बरमा बसेको माओवादीको केन्द्रीय समितिको बैठकद्वारा यसलाई पुनःक्रियाशील गराइयो।[२०२] हुन त यसका अधिकांश सदस्यहरू निशस्त्र युवाहरू हुन्, तैपनि तिनको नेतृत्व सैन्य शिविरमा नगएका जनमुक्ति सेनाका कमान्डरहरूद्वारा गरिएको छ।

---

[१९३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेताहरू, काठमाडौँ, नोभेम्बर २००६।

[१९४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, बाबुराम भट्टराई, अप्रिल २००७।

[१९५] जनमुक्ति सेनाको दोस्रो चरणको प्रमाणीकरणमा सघाउन माओवादीहरूले पूर्वशर्त राखेको भन्ने मार्टिनको भनाइको प्रचण्डले आलोचना गरे। हेर्नुहोस् "Prachanda criticizes Martin, says no preconditions have bee set for verification", nepalnews.com, ३ मे २००७।

[१९६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेताहरू, काठमाडौँ, मे २००६।

[१९७] प्रचण्डसँग अन्तर्वार्ता, *संश्लेषण*, डिसेम्बर २००६।

[१९८] विप्लव, "नयाँ कार्यनीतिलाई दृढतापूर्वक कार्यान्वयन गरौं", *जनादेश*, १७ अप्रिल २००७। जून महिनामा प्रस्ताव गरिएको संविधानसभाको चुनाव गर्न नसकिने आधिकारिक धारणा सरकारले सार्वजनिक गरेको छैन। तर, १२ अप्रिल २००७ मा प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले आफूलाई निर्वाचनको तयारीका लागि कम्तीमा ११० दिन चाहिने कुरा प्रधानमन्त्रीलाई पत्रमार्फत जानकारी गराए। यसको मतलब चुनाव सरेर बर्खा र चाडबाडपछि नोभेम्बर महिनामा हुने छाँट छ।

[१९९] "एकताको नयाँ आधार सोझै गणतन्त्र", *जनादेश*, १७ अप्रिल २००७।

[२००] "लाखौं जनताले सिंहदरबार घेर्ने", *पहल*, ६ मे २००७।

[२०१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, काठमाडौँ, अप्रिल २००७।

[२०२] यसको बैठक सन् २००६ डिसेम्बरको १२ देखि २० ताः सम्म भक्तपुरमा भएको थियो।

पहिलेका जनमुक्ति सेनाका चौथो डिभिजन कमान्डर रश्मी (रुकुमका गणेशमान पुन) लिगको २५ सदस्यीय केन्द्रीय समितिका अध्यक्ष छन्।

केन्द्रदेखि क्षेत्र हुँदै जिल्ला र गाउँस्तरसम्म अर्धभूमिगत प्रकृतिका लिगका समितिहरू गठन गरिएका छन्। यसका सदस्य समूहहरू काठमाडौं र अन्य सहरी क्षेत्रहरूमा आधारित छन् भने पहिलेका मिलिसिया सदस्यहरू ठूलो सङ्ख्यामा लिगका कार्यकर्ताका रूपमा गाउँघरमा कार्यरत छन्। नेपाली काङ्ग्रेसकी नेतृ सुजाता कोइराला (प्रधानमन्त्रीकी छोरी) ले लिगले आफ्ना कार्यकर्ताहरूलाई संविधानसभाको निर्वाचनमा "बुथ कब्जा" गर्ने तालिम दिइरहेको आरोप लगाएकी छिन्।[२०३] लिग एकाइहरूले काठमाडौंमा समानान्तर प्रहरी बल जस्तै भएर खुला ढङ्गले विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेका छन्।[२०४] सन् २००७ को अप्रिल महिनादेखि राज्य प्रहरीले उनीहरूका विरुद्ध कार्बाही सुरु गऱ्यो तर यसबाट तिनीहरूको शक्ति सीमित हुन्छ वा हुँदैन त्यो स्पष्ट हुन सकेको छैन।[२०५] यिनका केही गतिविधिहरू जनताको मन जित्ने खालका पनि छन्, जस्तै उनीहरूले ट्राफिक व्यवस्थापनमा सहयोग पुऱ्याएका छन, सहरमा सरसफाइ अभियानको सुरुआत गरेका छन् र चोरीपैठारी गरेर भित्र्याइएका अवैध सामानहरू समातेर प्रहरीलाई बुझाइदिएका छन्। तैपनि यसले मूलधारका पार्टीहरूलाई भने अझ त्रसित बनाउँदैछ। माओवादीहरूले धम्की र सस्तो लोकप्रियतालाई सँगसँगै अगाडि बढाएकामा उनीहरूलाई चिन्ता छ।

हिंसात्मक मुठभेडको स्थिति आएको खण्डमा लिगलाई अग्रपङ्क्तिको शक्तिका रूपमा परिचालन गरिनेछ र त्यसका पछाडि जनमुक्ति सेना रहनेछ।[२०६] प्रचण्डले भनेका छन्, "यदि प्रतिक्रियावादीहरूले सहमतिको विरुद्ध पाइला चाले भने नेपालमा अर्को विद्रोह हुनेछ र त्यसको नेतृत्व हामीले गर्नेछौं। त्यसका लागि जनमुक्ति सेनालाई शिविरबाट बाहिर आउनुबाहेक कुनै अर्को विकल्प रहनेछैन र उनीहरू लाखौंलाख जनतासँगै क्रान्तिमा भाग लिनेछन्।"[२०७] माओवादीका प्रायः सबैजसो लडाका र हतियारहरू, संयुक्त राष्ट्रको निगरानीमा शिविरहरूभित्र रहेका भए पनि यो इन्तजामको वैधता संविधानसभाको निर्वाचन नभएसम्मका लागि मात्रै हो भन्ने दृष्टिकोण माओवादी नेताहरूको छ। यदि यो प्रक्रिया विफल भएमा माओवादीहरूले तुरुन्तै जनमुक्ति सेनालाई पुनः परिचालन गरी तिनलाई हातहतियारसहित शिविरबाट बाहिर बोलाउन सक्नेछन्।[२०८] शिविरमा रहेका जनमुक्ति सेनाले पटकपटक शिविरबाहिर आएर प्रदर्शन गर्नुको तात्पर्य विपक्षी राजनैतिक दलहरूलाई माओवादीहरूसँग अन्य विकल्पहरू पनि छन् र उनीहरू तिनको प्रयोग गर्न पछि हट्दैनन् भनी स्मरण गराउनु हो।

[२०३] "Sujata accuses YCL of training on booth capturing", nepalnews.com, १७ अप्रिल २००७।
[२०४] २२ अप्रिल २००७ मा सल्लाघारी, भक्तपुरको शाही जमिन लिग कार्यकर्ताले कब्जा गरे।
[२०५] १५ अप्रिल २००७ मा प्रहरीले लिगका कार्यालयहरूमा छापा माऱ्यो। त्यसको छ दिनपछाडि कपनबाट लिगका सात जना कार्यकर्ताहरू गिरफ्तार भए।
[२०६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लिग स्रोत, काठमाडौं, जनवरी, २००७।
[२०७] प्रचण्डसँग अन्तर्वार्ता, *संश्लेषण*, माथि उल्लेखित।
[२०८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनमुक्ति सेनाका उपकमान्डर, काठमाडौं, डिसेम्बर २००६।

## ६. निष्कर्ष

नेपालका माओवादीहरू वैचारिक शुद्धताबाट हाँकिएका छन्, तर पनि आफ्नो व्यवहार पटुताले गर्दा उनीहरू विद्रोहलाई लामो समयसम्म जारी राख्न र शान्ति प्रक्रियामा प्रवेश गर्न समर्थ भएका छन्। यी परस्पर विरोधी तत्त्वहरूबीचको तनाव नै तिनको विकसित हुँदै गरेको रणनीति र कार्यनीतिको केन्द्रभागमा रहेको छ। शान्तिप्रतिको उनीहरूको प्रतिबद्धता खोक्रो नभई बरु त्यो शर्तयुक्त छ : प्रगति (उनीहरूका निम्ति प्रगति भनेको आमूल सुधार गर्नु हो) भएमा सम्झौता पक्षधर नरमपन्थी नेताहरूको हात बलियो हुन सक्छ। यदि प्रक्रिया रोकियो भने फेरि भिडन्त चाहनेहरू प्रोत्साहित हुनेछन् र शान्तिको कामना गर्नेहरू भने गिर्नेछन्।

□□□□□□□□□/□□□□□□□□□, □□ □□, □□□□

# अनुसूची क
# नेपालको नक्सा




Map No. 4304 UNITED NATIONS
January 2007 (Colour)

Department of Peacekeeping Operations
Cartographic Section

# अनुसूची ख
# सङ्क्षेपीकृत नामहरू

| | |
|---|---|
| भा.क.पा. (माओवादी) | भारतीय कम्युनिस्ट पार्टी (माओवादी) |
| सी.पी.एम. | भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) |
| एमाले | नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) |
| नेका | नेपाली काङ्ग्रेस |
| नेका (प्रजातान्त्रिक) | नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) |
| नेकपा (माओवादी) | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) |
| वाई.सी.एल. (लिग) | यङ्ग कम्युनिस्ट लिग |
| रिम | रिभोल्युसनरी इन्टरन्यासनल मुभमेन्ट |

# अनुसूची ग
# इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय

इन्टरन्यासनल क्राइसिस ग्रुप (क्राइसिस ग्रुप) स्वतन्त्र, गैरनाफामुखी गैरसरकारी संस्था हो। पाँचओटै महादेशमा यसका झन्डै १२० कर्मचारीहरू कार्यरत छन् । यस संस्थाले स्थलगत अनुसन्धानमा आधारित विश्लेषण तथा उच्चस्तरमा पैरवी गरेर द्वन्द्व रोक्ने र द्वन्द्व समाधान गर्ने प्रयास गर्दछ।

क्राइसिस ग्रुपको काम गर्ने मुख्य आधार स्थलगत अनुसन्धान हो। आकस्मिक रूपले हिंसा भड्कन सक्ने, द्वन्द्व चर्कन सक्ने वा द्वन्द्वको पुनरावृति हुन सक्ने खतरा भएका देशभित्रै अथवा यस्ता देशका नजिकका छिमेकी मुलुकहरूमा रहेर क्राइसिस ग्रुपका राजनीतिक विश्लेषकहरूको समूहले काम गर्दछ। स्थलगत अनुसन्धानबाट प्राप्त सूचना र मूल्याङ्कनका आधारमा क्राइसिस ग्रुपले प्रमुख अन्तर्राष्ट्रिय निर्णयकर्ताहरूसमक्ष पेस गर्न व्यावहारिक सुझाउसहितको विश्लेषणात्मक प्रतिवेदन तयार पार्छ । क्राइसिस ग्रुपले १२ पृष्ठको *क्राइसिस वाच* नामको मासिक बुलेटिन पनि प्रकाशन गर्छ । यस बुलेटिनले संसारभरिका द्वन्द्व चलिरहेका र द्वन्द्व हुन सक्ने ठाउँहरूमा के भइरहेछ त्यसबारे ताजा जानकारी गराउँछ।

क्राइसिस ग्रुपले तयार पारेको प्रतिवेदन र सूचना इमेलमार्फत सम्बन्धित सबैलाई वितरण गरिन्छ । अनि मुद्रित रूपमा परराष्ट्र मन्त्रालयका अधिकारीहरू तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूलाई पठाउने गरिन्छ। त्यसबाहेक ती सामग्री क्राइसिस ग्रुपको वेबसाइट www. crisisgroup.org मा पनि उपलब्ध गराइन्छ। क्राइसिस ग्रुपले आफ्ना विश्लेषणहरूतर्फ ध्यान आकर्षण गराउन र आफ्ना सुझाउहरूप्रति समर्थन जुटाउन सरकार र सरकारलाई प्रभाव पार्न सक्ने व्यक्ति, सङ्घसंस्था तथा सञ्चार जगत्सँग मिलेर काम गर्छ।

सञ्चार जगत्, राजनीति, कूटनीति र व्यापारिक क्षेत्रका प्रतिष्ठित व्यक्तिहरू रहेको क्राइसिस ग्रुपको बोर्डले क्राइसिस ग्रुपको सुझाउ र प्रतिवेदनलाई संसारभरिकै उच्च तहका नीतिनिर्माताहरूसमक्ष पुऱ्याउन प्रत्यक्ष सहयोग गर्छ। क्राइसिस ग्रुपको सहअध्यक्षमा श्री युरोपेली सङ्घका परराष्ट्र मामिलाका पूर्व आयुक्त क्रिष्टोफर प्याटन र पूर्व अमेरिकी राजदुत टमस पिकरिङ हुनुहुन्छ। सन् २००० को जनवरीदेखि क्राइसिस ग्रुपको अध्यक्ष तथा कार्यकारी प्रमुखमा अस्ट्रेलियाका पूर्व विदेशमन्त्री गारेथ एभान्स रहनुभएको छ।

क्राइसिस ग्रुपको अन्तर्राष्ट्रिय मुख्यालय ब्रसेल्समा छ। आफ्ना पैरवीसम्बन्धी कामहरूलाई अघि बढाउन यसका कार्यालयहरू वासिङ्टन डीसी (जहाँ यसको दर्ता भएको छ), न्युयोर्क, लन्डन र मस्कोमा स्थापित गरिएका छन्। स्थलगत अनुसन्धानका लागि यस संस्थाका १४ ओटा कार्यालयहरू अम्मान, विस्केक, बोगोटा, कायरो, डाकार, दुसान्वे, इस्लामावाद, जर्काता, काबुल, काठमाडौँ, नैरोबी, प्रिस्टिना, सोल र तिबलिसी रहेका छन् र चारओटा महादेशका ५० भन्दा बढी सङ्कटग्रस्त देश र क्षेत्रमा यसका विश्लेषकहरू हाल कार्यरत छन्। यीमध्ये अफ्रिकामा अङ्गोला, बुरुन्डी, कोट डे आइभर, प्रजातान्त्रिक गणतन्त्र कंगो, इरिट्रिया, इथियोपिया, गिनी, लाइबेरिया, रुवान्डा, साहेल क्षेत्र, सियरा लिओन, सोमालिया, सुडान, युगान्डा र जिम्बाबेमा, तथा एसियामा अफगानिस्तान, इन्डोनेसिया, कश्मीर, कजाखस्तान, कीर्गिजिस्थान, म्यानम (बर्मा), नेपाल, उत्तर कोरिया, पाकिस्तान, श्रीलङ्का, ताजिकिस्तान, तुर्केमेनिस्तान र उज्वेकिस्तान तथा युरोपमा अल्बेनिया, अरमेनिया, अजरवैजान, बोस्निया हर्जगोभिना, जर्जिया, कोसोभो, मोल्दोभा, भाल्डोमा, मन्टेनेग्रो र सर्विया तथा पश्चिम एसियामा उत्तर अफ्रिकादेखि इरानसम्मको सम्पूर्ण क्षेत्र अनि ल्याटिन अमेरिकामा कोलम्बिया एन्डियन क्षेत्र र हाइटीमा पर्दछन्।

क्राइसिस ग्रुपले सरकार, परोपकारी गुठी र सङ्घसंस्था र व्यक्तिगत चन्दादाताहरूबाट आफ्नो कोषमा रकम जुटाउँछ । हाल विभिन्न देशका निम्न सरकारी निकाय एवं संस्थाहरूले रकम उपलब्ध गराउँछन्: अस्ट्रेलियाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (एएआईडी), अस्ट्रियाको परराष्ट्र मन्त्रालय, बेल्जियमको परराष्ट्र मन्त्रालय, क्यानेडेली वैदेशिक व्यापार तथा विदेश मामिला विभाग, क्यानेडेली अन्तर्राष्ट्रिय विकास एजेन्सी, क्यानाडेली अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र, चेक परराष्ट्र मन्त्रालय, हल्यान्डको परराष्ट्र मन्त्रालय, फिनल्यान्डको परराष्ट्र मन्त्रालय, फ्रान्सेली परराष्ट्र मन्त्रालय, जर्मन विदेश विभाग, आयरल्यान्डको वैदेशिक मामिला विभाग, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लिक्टेनस्टाइनको परराष्ट्र मन्त्रालय, लक्जेम्बर्गको परराष्ट्र मन्त्रालय, न्युजिल्यान्ड अन्तर्राष्ट्रिय विकास एजेन्सी, शाही डेनिस परराष्ट्र मन्त्रालय, शाही नर्वेली परराष्ट्र मन्त्रालय, स्वीडेनको परराष्ट्र मन्त्रालय, स्वीस सङ्घीय परराष्ट्र विभाग, टर्कीको परराष्ट्र मन्त्रालय, संयुक्त अधिराज्यको विदेश तथा कमनवेल्थ विभाग, बेलायती अन्तर्राष्ट्रिय विकास विभाग र अमेरिकी सहयोग संस्था (युएसएड) छन्।

गुठी र निजी क्षेत्रका दाताहरूमा Carnegie Corporation of New York, Carso Foundation, Compton Foundation, Ford Foundation, Fundación DARA Internacional, Iara Lee and George Gund III Foundation, William & Flora Hewlett Foundation, Hunt Alternatives Fund, Kimsey Foundation, Korea Foundation, John D. & Catherine T. MacArthur Foundation, Charles Stewart Mott Foundation, Open Society Institute, Pierre and Pamela Omidyar Fund, Victor Pinchuk Foundation, Ploughshares Fund,

Provictimis Foundation, Radcliffe Foundation, Sigrid Rausing Trust, Rockefeller Philanthropy Advisors and Viva Trust छन्।

# अनुसूची घ
# क्राइसिस ग्रुपले सन् २००४ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू

## CENTRAL ASIA

***The Failure of Reform in Uzbekistan: Ways Forward for the International Community***, Asia Report N°76, 11 March 2004 (also available in Russian)

***Tajikistan's Politics: Confrontation or Consolidation?***, Asia Briefing Nº33, 19 May 2004

***Political Transition in Kyrgyzstan: Problems and Prospects***, Asia Report N°81, 11 August 2004

***Repression and Regression in Turkmenistan: A New International Strategy***, Asia Report N°85, 4 November 2004 (also available in Russian)

***The Curse of Cotton: Central Asia's Destructive Monoculture***, Asia Report N°93, 28 February 2005 (also available in Russian)

***Kyrgyzstan: After the Revolution***, Asia Report N°97, 4 May 2005 (also available in Russian)

***Uzbekistan: The Andijon Uprising***, Asia Briefing N°38, 25 May 2005 (also available in Russian)

***Kyrgyzstan: A Faltering State***, Asia Report N°109, 16 December 2005 (also available in Russian)

***Uzbekistan: In for the Long Haul***, Asia Briefing N°45, 16 February 2006

***Central Asia: What Role for the European Union?***, Asia Report N°113, 10 April 2006

***Kyrgyzstan's Prison System Nightmare***, Asia Report N°118, 16 August 2006 (also available in Russian)

***Uzbekistan: Europe's Sanctions Matter,*** Asia Briefing N°54, 6 November 2006

***Kyrgyzstan on the Edge,*** Asia Briefing N°55, 9 November 2006

***Turkmenistan after Niyazov***, Asia Briefing N°60, 12 February 2007

## NORTH EAST ASIA

***Taiwan Strait IV: How an Ultimate Political Settlement Might Look***, Asia Report N°75, 26 February 2004

***North Korea: Where Next for the Nuclear Talks?***, Asia Report N°87, 15 November 2004 (also available in Korean and in Russian)

***Korea Backgrounder: How the South Views its Brother from Another Planet***, Asia Report N°89, 14 December 2004 (also available in Korean and in Russian)

***North Korea: Can the Iron Fist Accept the Invisible Hand?***, Asia Report N°96, 25 April 2005 (also available in Korean and in Russian)

***Japan and North Korea: Bones of Contention***, Asia Report Nº100, 27 June 2005 (also available in Korean)

***China and Taiwan: Uneasy Détente***, Asia Briefing N°42, 21 September 2005

***North East Asia's Undercurrents of Conflict***, Asia Report N°108, 15 December 2005 (also available in Korean)

***China and North Korea: Comrades Forever?***, Asia Report N°112, 1 February 2006 (also available in Korean)

***After North Korea's Missile Launch: Are the Nuclear Talks Dead?***, Asia Briefing N°52, 9 August 2006 (also available in Korean and in Russian)

***Perilous Journeys: The Plight of North Koreans in China and Beyond***, Asia Report N°122, 26 October 2006 (also available in Russian)

***North Korea's Nuclear Test: The Fallout***, Crisis Group Asia Briefing N°56, 13 November 2006

## SOUTH ASIA

***Unfulfilled Promises: Pakistan's Failure to Tackle Extremism***, Asia Report N°73, 16 January 2004

***Nepal: Dangerous Plans for Village Militias***, Asia Briefing Nº30, 17 February 2004 (also available in Nepali)

***Devolution in Pakistan: Reform or Regression?***, Asia Report N°77, 22 March 2004

***Elections and Security in Afghanistan***, Asia Briefing Nº31, 30 March 2004

***India/Pakistan Relations and Kashmir: Steps toward Peace***, Asia Report Nº79, 24 June 2004

***Pakistan: Reforming the Education Sector***, Asia Report N°84, 7 October 2004

***Building Judicial Independence in Pakistan***, Asia Report N°86, 10 November 2004

***Afghanistan: From Presidential to Parliamentary Elections***, Asia Report N°88, 23 November 2004

***Nepal's Royal Coup: Making a Bad Situation Worse***, Asia Report N°91, 9 February 2005

***Afghanistan: Getting Disarmament Back on Track***, Asia Briefing N°35, 23 February 2005

***Nepal: Responding to the Royal Coup***, Asia Briefing N°35, 24 February 2005

***Nepal: Dealing with a Human Rights Crisis***, Asia Report N°94, 24 March 2005

***The State of Sectarianism in Pakistan***, Asia Report N°95, 18 April 2005

***Political Parties in Afghanistan***, Asia Briefing N°39, 2 June 2005

***Towards a Lasting Peace in Nepal: The Constitutional Issues***, Asia Report N°99, 15 June 2005

***Afghanistan Elections: Endgame or New Beginning?***, Asia Report N°101, 21 July 2005

***Nepal: Beyond Royal Rule***, Asia Briefing N°41, 15 September 2005

***Authoritarianism and Political Party Reform in Pakistan***, Asia Report N°102, 28 September 2005

***Nepal's Maoists: Their Aims, Structure and Strategy***, Asia Report N°104, 27 October 2005

***Pakistan's Local Polls: Shoring Up Military Rule***, Asia Briefing N°43, 22 November 2005

***Nepal's New Alliance: The Mainstream Parties and the Maoists***, Asia Report 106, 28 November 2005

***Rebuilding the Afghan State: The European Union's Role***, Asia Report N°107, 30 November 2005

***Nepal: Electing Chaos***, Asia Report N°111, 31 January 2006

***Pakistan: Political Impact of the Earthquake***, Asia Briefing N°46, 15 March 2006

***Nepal's Crisis: Mobilising International Influence***, Asia Briefing N°49, 19 April 2006

***Nepal: From People Power to Peace?***, Asia Report N°115, 10 May 2006

***Afghanistan's New Legislature: Making Democracy Work***, Asia Report N°116, 15 May 2006

***India, Pakistan and Kashmir: Stabilising a Cold Peace***, Asia Briefing N°51, 15 June 2006

***Pakistan: the Worsening Conflict in Balochistan***, Asia Report N°119, 14 September 2006

***Bangladesh Today***, Asia Report N°121, 23 October 2006

***Countering Afghanistan's Insurgency: No Quick Fixes***, Asia Report N°123, 2 November 2006

***Sri Lanka: The Failure of the Peace Process***, Asia Report N°124, 28 November 2006

***Pakistan's Tribal Areas: Appeasing the Militants***, Asia Report N°125, 11 December 2006

***Nepal's Peace Agreement: Making it Work***, Asia Report N°126, 15 December 2006

***Afghanistan's Endangered Compact***, Asia Briefing Nº59, 29 January 2007

## SOUTH EAST ASIA

***Indonesia Backgrounder: Jihad in Central Sulawesi***, Asia Report N°74, 3 February 2004

***Myanmar: Sanctions, Engagement or Another Way Forward?***, Asia Report N°78, 26 April 2004

***Indonesia: Violence Erupts Again in Ambon***, Asia Briefing N°32, 17 May 2004

***Southern Philippines Backgrounder: Terrorism and the Peace Process***, Asia Report N°80, 13 July 2004 (also available in Indonesian)

***Myanmar: Aid to the Border Areas***, Asia Report N°82, 9 September 2004

***Indonesia Backgrounder: Why Salafism and Terrorism Mostly Don't Mix***, Asia Report N°83, 13 September 2004

***Burma/Myanmar: Update on HIV/AIDS policy***, Asia Briefing Nº34, 16 December 2004

***Indonesia: Rethinking Internal Security Strategy***, Asia Report N°90, 20 December 2004

***Recycling Militants in Indonesia: Darul Islam and the Australian Embassy Bombing***, Asia Report N°92, 22 February 2005 (also available in Indonesian)

***Decentralisation and Conflict in Indonesia: The Mamasa Case***, Asia Briefing N°37, 3 May 2005

***Southern Thailand: Insurgency, Not Jihad***, Asia Report N°98, 18 May 2005 (also available in Thai)

***Aceh: A New Chance for Peace***, Asia Briefing N°40, 15 August 2005

***Weakening Indonesia's Mujahidin Networks: Lessons from Maluku and Poso***, Asia Report N°103, 13 October 2005 (also available in Indonesian)

***Thailand's Emergency Decree: No Solution***, Asia Report N°105, 18 November 2005 (also available in Thai)

***Aceh: So far, So Good***, Asia Update Briefing N°44, 13 December 2005 (also available in Indonesian)

***Philippines Terrorism: The Role of Militant Islamic Converts***, Asia Report N°110, 19 December 2005

***Papua: The Dangers of Shutting Down Dialogue,*** Asia Briefing N°47, 23 March 2006 (also available in Indonesian)

***Aceh: Now for the Hard Part***, Asia Briefing N°48, 29 March 2006

***Managing Tensions on the Timor-Leste/Indonesia Border***, Asia Briefing N°50, 4 May 2006

***Terrorism in Indonesia: Noordin's Networks***, Asia Report N°114, 5 May 2006 (also available in Indonesian)

***Islamic Law and Criminal Justice in Aceh***, Asia Report N°117, 31 July 2006 (also available in Indonesian)

***Papua: Answers to Frequently Asked Questions***, Asia Briefing N°53, 5 September 2006

***Resolving Timor-Leste's Crisis***, Asia Report N°120, 10 October 2006

***Aceh's Local Elections: The Role of the Free Aceh Movement (GAM)***, Asia Briefing N°57, 29 November 2006

***Myanmar: New Threats to Humanitarian Aid***, Asia Briefing N°58, 8 December 2006

***Jihadism in Indonesia: Poso on the Edge***, Asia Report N°127, 24 January 2007

## OTHER REPORTS AND BRIEFINGS

For Crisis Group reports and briefing papers on:

- Asia
- Africa
- Europe
- Latin America and Caribbean
- Middle East and North Africa
- Thematic Issues
- *CrisisWatch*

please visit our website www.crisisgroup.org

# अनुसूची ङ
# इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू

***Co-Chairs***

**Christopher Patten**
*Former European Commissioner for External Relations, Governor of Hong Kong and UK Cabinet Minister; Chancellor of Oxford University*

**Thomas Pickering**
*Former U.S. Ambassador to the UN, Russia, India, Israel, Jordan, El Salvador and Nigeria*

***President & CEO***

**Gareth Evans**
*Former Foreign Minister of Australia*

***Executive Committee***

**Cheryl Carolus**
*Former South African High Commissioner to the UK and Secretary General of the ANC*

**Maria Livanos Cattaui***
*Member of the Board of Directors, Petroplus Holding AG, Switzerland; former Secretary-General, International Chamber of Commerce*

**Yoichi Funabashi**
*Chief Diplomatic Correspondent & Columnist, The Asahi Shimbun, Japan*

**Frank Giustra**
*Chairman, Endeavour Financial, Canada*

**Stephen Solarz**
*Former U.S. Congressman*

**George Soros**
*Chairman, Open Society Institute*

**Pär Stenbäck**
*Former Foreign Minister of Finland*

**Vice-Chair*

**Morton Abramowitz**
*Former U.S. Assistant Secretary of State and Ambassador to Turkey*

**Adnan Abu-Odeh**
*Former Political Adviser to King Abdullah II and to King Hussein and Jordan Permanent Representative to the UN*

**Kenneth Adelman**
*Former U.S. Ambassador and Director of the Arms Control and Disarmament Agency*

**Ersin Arioglu**
*Member of Parliament, Turkey; Chairman Emeritus, Yapi Merkezi Group*

**Shlomo Ben-Ami**
*Former Foreign Minister of Israel*

**Lakhdar Brahimi**
*Former Special Adviser to the UN Secretary-General and Algerian Foreign Minister*

**Zbigniew Brzezinski**
*Former U.S. National Security Advisor to the President*

**Kim Campbell**
*Former Prime Minister of Canada; Secretary General, Club of Madrid*

**Naresh Chandra**
*Former Indian Cabinet Secretary and Ambassador of India to the U.S.*

**Joaquim Alberto Chissano**
*Former President of Mozambique*

**Victor Chu**
*Chairman, First Eastern Investment Group, Hong Kong*

**Wesley Clark**
*Former NATO Supreme Allied Commander, Europe*

**Pat Cox**
*Former President of European Parliament*

**Uffe Ellemann-Jensen**
*Former Foreign Minister of Denmark*

**Mark Eyskens**
*Former Prime Minister of Belgium*

**Joschka Fischer**
*Former Foreign Minister of Germany*

**Leslie H. Gelb**
*President Emeritus of Council on Foreign Relations, U.S.*

**Carla Hills**
*Former Secretary of Housing and U.S. Trade Representative*

**Lena Hjelm-Wallén**
*Former Deputy Prime Minister and Foreign Affairs Minister, Sweden*

**Swanee Hunt**
*Chair of Inclusive Security: Women Waging Peace; former U.S. Ambassador to Austria*

**Anwar Ibrahim**
*Former Deputy Prime Minister of Malaysia*

**Asma Jahangir**
*UN Special Rapporteur on the Freedom of Religion or Belief; Chairperson, Human Rights Commission of Pakistan*

**Nancy Kassebaum Baker**
*Former U.S. Senator*

**James V. Kimsey**
*Founder and Chairman Emeritus of America Online, Inc. (AOL)*

**Wim Kok**
*Former Prime Minister of Netherlands*

**Ricardo Lagos**
*Former President of Chile*

**Joanne Leedom-Ackerman**
*Novelist and journalist, U.S.*

**Ayo Obe**
*Chair of Steering Committee of World Movement for Democracy, Nigeria*

**Christine Ockrent**

*Journalist and author, France*

**Victor Pinchuk**
*Founder of Interpipe Scientific and Industrial Production Group*

**Samantha Power**
*Author and Professor, Kennedy School of Government, Harvard*

**Fidel V. Ramos**
*Former President of Philippines*

**Ghassan Salamé**
*Former Minister, Lebanon; Professor of International Relations, Paris*

**Douglas Schoen**
*Founding Partner of Penn, Schoen & Berland Associates, U.S.*

**Thorvald Stoltenberg**
*Former Foreign Minister of Norway*

**Ernesto Zedillo**
*Former President of Mexico; Director, Yale Center for the Study of Globalization*

## INTERNATIONAL ADVISORY COUNCIL

*Crisis Group's International Advisory Council comprises major individual and corporate donors who contribute their advice and experience to Crisis Group on a regular basis.*

Rita E. Hauser (Chair)
Elliott F. Kulick (Deputy Chair)

Marc Abramowitz
Anglo American PLC
APCO Worldwide Inc.
Ed Bachrach
Patrick E. Benzie
Stanley M. Bergman and Edward J. Bergman
BHP Billiton
Harry Bookey and Pamela Bass-Bookey
Carso Foundation
John Chapman Chester
Chevron
Citigroup
Companhia Vale do Rio Doce
Richard H. Cooper
Credit Suisse
John Ehara
Equinox Partners
Konrad Fischer
Alan Griffiths
Charlotte and Fred Hubbell
Iara Lee & George Gund III Foundation
Khaled Juffali
George Kellner
Shiv Vikram Khemka
Scott J. Lawlor
George Loening
McKinsey & Company
Najib A. Mikati
Donald Pels
PT Newmont Pacific Nusantara (Mr. Robert Humberson)
Michael L. Riordan
Tilleke & Gibbins
Baron Guy Ullens de Schooten
VIVATrust
Stanley Weiss
Westfield Group
Woodside Energy Ltd
Don Xia
Yapi Merkezi Construction and Industry Inc.
Yasuyo Yamazaki
Shinji Yazaki
Sunny Yoon

## SENIOR ADVISERS

*Crisis Group's Senior Advisers are former Board Members (not presently holding national government executive office) who maintain an association with Crisis Group, and whose advice and support are called on from time to time.*

Martti Ahtisaari *(Chairman Emeritus)*
Diego Arria
Paddy Ashdown
Zainab Bangura
Christoph Bertram
Jorge Castañeda
Alain Destexhe
Marika Fahlen
Stanley Fischer
Malcolm Fraser
Bronislaw Geremek
I.K. Gujral
Max Jakobson
Todung Mulya Lubis
Allan J. MacEachen
Barbara McDougall
Matthew McHugh
George J. Mitchell *(Chairman Emeritus)*
Surin Pitsuwan
Cyril Ramaphosa
George Robertson
Michel Rocard
Volker Ruehe
Mohamed Sahnoun
Salim A. Salim
William Taylor
Leo Tindemans
Ed van Thijn
Shirley Williams
Grigory Yavlinski
Uta Zap